सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ चैत २०८२, बुधबार (1 Apr 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एसइई नतिजा अब एक महिनामै प्रकाशन गर्ने तयारी

हरेक परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच गरिने

राष्ट्रिय परीक्षा बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीका अनुसार योजना बनाएर सबै परीक्षा केन्द्रबाटै उत्तरपुस्तिका परीक्षण गर्ने हो भने एक महिनामै एसइईको नतिजा सार्वजनिक गर्न सम्भव छ

(विस्तृत पृष्ठ २)

काज लिएर सुगममा बसेका १४ विशेषज्ञ चिकित्सक दरबन्दी भएकै अस्पताल फिर्ता

पहुँचका आधारमा मन्त्रालय बसेकालाई दोस्रो चरणमा फिर्ता पठाइने

देउवा-कोइराला पक्षले समानान्तर गतिविधि नरोक्ने

(विस्तृत पृष्ठ ३)

कर्मचारी व्यवस्थापनमा 'बरन्डा संस्कृति'



अग्रलेख

● धनसूदन चौलागाईं

'बरन्डा संस्कृति'का कारण केही गरूँ भन्ने भावना भएका कर्मचारीको सिर्जनशीलता र जाँगर त्यत्तिकै मेरेर जाने अवस्था छ

(पृष्ठ ४)

सुरु भएन बजेट लेखन



१५ चैतसम्म मन्त्रालयगत बजेटका कार्यक्रम र अंक प्रविष्ट गरिसक्ने व्यवस्था छ, तर सरकार भर्खरै बनेकाले बजेट लेखन सुरु नहुँदा एलएमबिआइएस अझै बन्द भएको छैन



● **घनश्याम उपाध्याय**
सचिव, अर्थ मन्त्रालय

नवनियुक्त अर्थमन्त्रीज्यूलाई महाशाखाहरूले ब्रिफिङ गर्नुपर्ने भएकाले केही समय व्यस्त भएको हो। तर, अब थप ढिला नगरी आगामी आर्थिक वर्षको बजेट लेखन अघि बढाउँछौं।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

'बिचौलिया' भट्टविरुद्ध सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउने अन्तिम तयारी

पाँच अर्बभन्दा धेरै बिगो दाबी गरिँदै

दीपक भट्टले अवैध सम्पत्ति शुद्धीकरणका लागि आफन्तका नाममा विभिन्न कम्पनी दर्ता गरेर तह-तह बनाई रकम आफ्नो खातामा ल्याएको अनुसन्धानबाट खुल्यो, भाग्न सक्ने देखिएपछि अध्यागमन विभागले रोक्का गऱ्यो राहदानी

टेकराज थामी/नयाँ पत्रिका

सरकार चलाउनेलाई नै 'चलाउने' शक्तिशाली हैसियत बनाएका 'बिचौलिया' दीपक भट्टलाई सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा पाँच अर्ब रुपैयाँभन्दा बढीको बिगो दाबीसहित मुद्दा चलाउने अन्तिम तयारी भएको छ। भट्टविरुद्ध अभियोगपत्र तयार गरिसकेको सम्पत्ति शुद्धीकरण विभागले भाग्न सक्ने आशंकामा पत्राचार गरेपछि अध्यागमन विभागले राहदानीसमेत रोक्का गरेको छ।

भट्टले अवैध सम्पत्ति शुद्धीकरणका लागि आफन्तका नाममा विभिन्न कम्पनी दर्ता गरेर तह-तह बनाई आफ्नो खातामा पैसा ल्याएको अनुसन्धानबाट खुलिसकेको छ। करोडौंको शंकास्पद बैंकिङ कारोबार भेटिएपछि नेपाल राष्ट्र बैंकले अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण विभागलाई पत्राचार गरे पनि तत्कालीन प्रधानमन्त्री केपी ओलीको दबाबमा विभाग पन्छिएको थियो। त्यतिखेर प्रधानमन्त्री कार्यालयकै मातहत रहेको विभागले राष्ट्र बैंकबाटै कारबाही गर्नुपर्ने पत्र लेखेर भट्टलाई उन्मुक्ति दिएको थियो। तर, जेन-जी आन्दोलनपछि जेन-जी अगुवाले भट्टको सम्पत्ति छानबिन गरी कारबाहीको माग गर्दै उजुरी दिएका थिए।

भट्टविरुद्ध बिमा ऐन, धितोपत्र ऐन, राजस्व चुहावट ऐन र बैंकिङ कसुरअन्तर्गत कारबाहीको माग गरेर सम्भवतः यसै हप्ता सम्पत्ति शुद्धीकरण विभागले सरकारी वकिल कार्यालयमार्फत विशेष अदालतमा मुद्दा दायर गर्ने अर्थ मन्त्रालय स्रोतले बतायो। भट्टसहित २० भन्दा धेरैलाई प्रतिवादी बनाएर मुद्दा दायर गर्न लागिएको विषयमा विभागले मन्त्रालयलाई रिपोर्टिङ गरेको छ। हिमालयन रि-इन्स्योरेन्सको रकम गैरकानुनी ढंगले दुरुपयोग गरेको अभियोगमा भट्टमाथि एक वर्षयता अनुसन्धान गर्दै आएको विभागले एक महिनाअघि बयान पनि लिएको थियो।

'दीपक भट्टविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले लामो अनुसन्धान गरिसकेको छ। यसक्रममा उनीसँग बयानसमेत लिएको छ। सम्भवतः यसै साता मुद्दा दायर हुनेछ,' अर्थ मन्त्रालय स्रोतले भन्यो, 'उनी भाग्न सक्ने देखिएपछि अध्यागमन विभागले राहदानी पनि रोक्का गरेको

» पृष्ठ २ मा क्रमशः

भट्टसहित २० भन्दा धेरैलाई प्रतिवादी बनाइँदै

बिमा ऐन, धितोपत्र ऐन, राजस्व चुहावट ऐन र बैंकिङ कसुरअनुसार मुद्दा चलाइने




दीपक भट्ट

भट्टसहितको समूहले हिमालयन रि-इन्स्योरेन्सको रकम गैरकानुनी रूपमा १८ कम्पनीमा लगेका थिए। ती सबै कम्पनीमा भट्ट जोडिएको अनुसन्धानबाट खुलेको छ। अनुसन्धान प्रभावित गर्न भट्ट सबै उपाय प्रयोगमा जुटेका थिए। तर, सफल नभएपछि उनी भाग्ने योजनामा थिए। सूचना थाहा पाएपछि विभागले उनको राहदानी रोक्का गर्न अध्यागमनमा पत्राचार गरेको थियो। सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले भट्टविरुद्ध अनुसन्धान भइरहेको बताए।

■ यसअघि तत्कालीन प्रधानमन्त्री ओलीको दबाबमा भट्टलाई दिइएको थियो उन्मुक्ति

■ शंकास्पद कारोबार देखिएको भन्दै छानबिन गर्न राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरणलाई पठाएको पत्र



नेपाल राष्ट्र बैंक
वित्तीय जानकारी इकाई

■ विभागले अनुसन्धानको साटो 'त्यतैबाट कारबाही गर्नू' भन्दै ०८२ वैशाखमा राष्ट्र बैंकलाई पठाएको पत्र



सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

'बिचौलिया' दीपक भट्टको करोडौंको शंकास्पद बैंकिङ कारोबार भेटिएपछि सुरुमा राष्ट्र बैंकले अनुसन्धान गरेको थियो। उनले सासू अञ्जना नेपालको नाममा दर्ता गरिएको एलियन्ट ब्रोकरेज कम्पनीमा हिमालयन रिबाट ५२ करोड जम्मा गरेको राष्ट्र बैंकको अनुसन्धानमै खुलेको थियो। त्यसपछि राष्ट्र बैंकले थप अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पत्राचार गरेको थियो।

विभागले पनि अनुसन्धान गऱ्यो। अवैध सम्पत्ति शुद्धीकरणकै लागि भट्टले आफन्तका नाममा विभिन्न कम्पनी दर्ता गरेर तह-तह बनाई आफ्नो खातामा पैसा ल्याएको विभागको छानबिनमा पनि भेटियो। तर, शक्तिकेन्द्रमै पहुँच बनाएका भट्ट विभागलाई रोक्न सफल भए। निवर्तमान प्रधानमन्त्री केपी ओलीको दबाबमा विभागले 'सम्बन्धित नियमनकारी निकायबाटै सोतर्फ कारबाही हुनुपर्ने देखियो' भन्दै उन्मुक्ति दिएको थियो। विभागले ३० वैशाख ०८२ मा राष्ट्र बैंकलाई यससम्बन्धी पत्राचार गरेको थियो। भट्टको सम्पत्ति शुद्धीकरणको फाइल बन्द हुँदा विभागका महानिर्देशक सुमन दाहाल थिए। ओलीले दाहाललाई बोलाएर अनुसन्धान तत्काल टुंग्याएर 'क्लिन चिट' दिन दबाब दिएको स्रोत बताउँछ। त्यतिखेर सम्पत्ति शुद्धीकरण विभाग प्रधानमन्त्री कार्यालयकै मातहत थियो।

कसरी तानिएका थिए त्यस वेला भट्ट ?

(पृष्ठ २)

तर, जेन-जी आन्दोलनपछि जेन-जी अगुवाले नै भट्टको सम्पत्ति छानबिन गरी कारबाहीको माग गर्दै उजुरी दिएपछि विभागले थप अनुसन्धान अघि बढाएको थियो। यस क्रममा भट्टसँग बयानसमेत लिएको थियो। सुशीला कार्की नेतृत्वको सरकारले विभागलाई सम्बन्धित मन्त्रालयकै अधिकार क्षेत्रमा फिर्तासमेत ल्याइसकेको छ। कार्की सरकारको पालामै भट्टलगायतविरुद्ध मुद्दा लैजाने तयारी थियो। तर, भट्टकै चलखेलका कारण फेरि रोकिएको थियो। भट्टले भने आफूले उद्यम गरेर पैसा कमाएको दाबी गर्दै आएका छन्।

पश्चिम एसियामा युद्धले पारेको प्रभाव अध्ययन गर्न कार्यदल गठन

परराष्ट्रमन्त्रीको संयोजकत्वमा आठ सदस्यीय उच्चस्तरीय कार्यदल

पर्शुराम काफ्ले/नयाँ पत्रिका

एक महिनादेखि पश्चिम एसिया (मध्यपूर्व)मा जारी युद्धका कारण परेको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संकटहरूको प्रभाव अध्ययन गर्न सरकारले मन्त्रीस्तरीय कार्यदल गठन गरेको छ। सरकारले शनिबार सार्वजनिक गरेको सय दिनमा सम्पन्न गर्ने सय कार्यसूचीको बुँदा ९५ अनुसार परराष्ट्रमन्त्री शिशिर खनालको संयोजकत्वमा सोमबार उच्चस्तरीय अन्तरमन्त्रालय कार्यदल गठन भएको हो।

■ नेपाल एयरलाइन्सको उद्धार उडान पठाउन परराष्ट्रमा


उच्चस्तरीय कार्यदलमा परराष्ट्रसचिव अमृतबहादुर राई, अर्थसचिव घनश्याम उपाध्याय, श्रमसचिव डा. दीपक काफ्ले, उद्योग वाणिज्य तथा आपूर्तिसचिव मधुसूदन बुर्लाकोटी, ऊर्जासचिव चिरञ्जीवी चटौत र गृहसचिव राजकुमार श्रेष्ठ छन्। परराष्ट्रको पश्चिम एसिया महाशाखा प्रमुख सहसचिव रामकाजी खड्का

» पृष्ठ २ मा क्रमशः

कार्यदलका दुई कार्यसूची

१ युद्धका कारण अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संकटहरूको प्रभाव अध्ययन गर्ने र आवश्यक नीति तथा रणनीति तयार गर्ने। यो कार्य ३० दिनभित्र सम्पन्न हुने।

२ नेपालमा आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति शृंखला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्ने बहुआयामिक प्रभावहरूको मूल्यांकन तथा व्यवस्थापनको सुझाव पेस गर्ने। सात दिनभित्र अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिगत कार्ययोजना सुझावसहित प्रतिवेदन पेस गर्ने। प्रतिवेदनका आधारमा सरकारले आवश्यक निर्णय तथा कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने।



■ वैदेशिक रोजगारीमा जाने श्रमिकमैत्री निर्णय

स्वास्थ्य परीक्षणको सिन्डिकेट खारेज

अब सरकारी वा निजी जुनसुकै अस्पतालबाट गरिएको स्वास्थ्य परीक्षणको रिपोर्ट मान्य हुने

अजित अधिकारी/नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जाने श्रमिकबाट चर्को शुल्क असुल्दै सीमित संस्थामार्फत सञ्चालन हुँदै आएको स्वास्थ्य परीक्षणको सिन्डिकेट सरकारले खारेज गरेको छ। नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले खुला, प्रतिस्पर्धी र विश्वसनीय प्रणाली लागू गर्ने गरी पुरानो व्यवस्था अन्त्य गर्ने निर्णय लिएको हो।

मन्त्री दीपककुमार साहले मंगलबार लिएको निर्णयअनुसार तोकिएको मात्र नभई अब सरकारी वा निजी जुनसुकै अस्पतालबाट गरिएको स्वास्थ्य परीक्षणको प्रतिवेदन मान्य हुनेछ। जसले श्रमिकमाथिको आर्थिक बोझ घटाउने र सेवा पहुँच सहज एवं पारदर्शी बनाउने अपेक्षा

» पृष्ठ २ मा क्रमशः



दीपककुमार साह, श्रममन्त्री

अहिलेसम्म श्रम मन्त्रालयले सूचीकृत गरेका दुई सयभन्दा बढी संस्थामा मात्र स्वास्थ्य परीक्षणको व्यवस्था थियो। उनीहरूले म्यानपावरसँगको मिलेमतोमा प्रतिकामदार ६ हजार ५ सयदेखि ९ हजार ५ सय रुपैयाँसम्म परीक्षण शुल्क उठाउने गरेका थिए। मन्त्री दीपककुमार साहले अब जुनसुकै अस्पतालबाट गरिएको स्वास्थ्य परीक्षणको रिपोर्ट मान्य हुने निर्णय गरेका छन्।

■ अनलाइनबाट अभिमुखीकरण दिन गृहकार्य सुरु

वैदेशिक रोजगारमा जाने श्रमिकलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनलाइन प्रणालीमा आधारित बनाउन विभागीय मन्त्रीले निर्देशन दिएलगत्तै राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार विभागले समन्वय थालेका छन्। प्रतिष्ठानका कार्यकारी निर्देशक रमेशकुमार बखतीले तीनै निकायले समन्वय थालेको र अहिले भिडियो सामग्री उत्पादनको कार्यमा जुटेको बताए। 'पूर्वप्रस्थान अभिमुखीकरणकै लागि काठमाडौं आउनुपर्ने र फेरि घर गएर विदेश उड्ने वेला काठमाडौं आउनुपर्ने बाध्यताको अन्त्य गर्न खोजिएको हो,' उनले भने, 'सचेतनासम्बन्धी कक्षा भएकाले अनलाइनबाटै सूचना प्रवाह गर्ने गरी गृहकार्य थालनी भइसकेको छ।'

■ श्रम स्वीकृति पनि तत्कालै

विदेश जानका लागि वैदेशिक रोजगार विभागबाट लिनुपर्ने श्रम स्वीकृतिमा पनि टोकन प्रणाली हटाइएको छ। सोमबारदेखि अनलाइनमा आएको आवेदनअनुसार कागजात मूल्यांकन गरेर तत्कालै श्रम स्वीकृति दिन थालिएको विभागका उपमहानिर्देशक चन्द्रबहादुर सिवाकोटीले बताए। 'श्रम स्वीकृतिका लागि पालो कुर्न बनाइएको टोकन प्रणाली हटाइएको छ,' उनले भने, 'तत्कालै स्वीकृति गर्ने काम धमाधम भइरहेको छ।' मन्त्रालयका प्रवक्ता घिमिरेले तत्कालै श्रम स्वीकृति थालिएको, तर आवेदन दिने सबैको स्वीकृति गर्न जनशक्तिको समस्या भइरहेको बताए।

एसइई नतिजा अब एक महिनामै प्रकाशन गर्ने तयारी

शिवहरि घिमिरे / नयाँ पत्रिका

पछिल्ला वर्ष परीक्षा सकिएको तीन महिनामा सार्वजनिक गरिँदै आएको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा अब एक महिनामै प्रकाशन गर्ने गरी तयारी थालिएको छ। शिक्षा मन्त्रालयको निर्देशनमा राष्ट्रिय परीक्षा बोर्डले एक महिनामै नतिजा प्रकाशन गर्ने गरी कार्यविधि बनाउन लागेको हो।

बोर्डले उत्तरपुस्तिका र नतिजा प्रकाशनसम्बन्धी कार्यविधि तयार पारेर एक साताभित्र मन्त्रालयमा पेस गर्ने तयारी गरेको छ। मन्त्रालयले कार्यविधि पास गरेपछि बोर्डले सोहीअनुसार नतिजा प्रकाशनका लागि काम थाल्नेछ। यसपालि बिहीबार (१९ चैत)देखि २९ चैतसम्म एसइई सञ्चालन हुँदै छ।

तीन महिनामा नतिजा प्रकाशन गर्दा विद्यार्थीलाई माथिल्लो तहको शैक्षिक कार्यक्रममा सामेल हुन ढिला हुने गरेको, विद्यार्थीहरू ब्रिजकोर्समा लाग्दा ठगिनुपरेकोजस्ता कारण देखाउँदै शिक्षामन्त्री सस्मित पोखरेलले सोमबार राष्ट्रिय परीक्षा बोर्डलाई एक महिनामै परीक्षाफल प्रकाशन गर्न सक्ने गरी योजना बनाउन निर्देशन दिएका थिए। उनले उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनका लागि तुरुन्त कार्यविधि बनाउन निर्देशन दिएका हुन्।

एक महिनामै परीक्षाफल सार्वजनिक गर्न परीक्षा सकिनासाथ उत्तरपुस्तिका परीक्षण सुरु गर्नुपर्छ। यसका लागि सम्बन्धित परीक्षा केन्द्रहरूमै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाउन पनि बोर्डलाई निर्देशन छ। यसअघि राष्ट्रिय परीक्षा बोर्डमै तथा प्रदेशका निश्चित ठाउँमा जम्मा गरेर परीक्षण गर्ने गरिन्थ्यो। पुरानो प्रक्रियाले ढिलाइ हुने भएकाले कार्यविधि बनाएर परीक्षा केन्द्रहरूमै परीक्षण गर्न मन्त्रालयले बोर्डलाई भनेको छ।

> हरेक परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच गरिने

राष्ट्रिय परीक्षा बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले मन्त्रालयको प्रस्ताव कार्यान्वयन गर्न निर्देशिका बनाउन थालिएको बताए। उनका अनुसार योजना बनाएर सबै परीक्षा केन्द्रबाटै उत्तरपुस्तिका परीक्षण गर्ने हो भने एक महिनामै एसइईको नतिजा सार्वजनिक गर्न सम्भव छ।

'मन्त्रालयबाट आएको अनुरोधअनुसार नतिजा प्रकाशन गर्न सकिन्छ, हामी कार्यविधि बनाउँदै छौं,' उनले भने, 'कार्यविधि बनाएर मन्त्रालयमा पेस गर्छौं, स्वीकृत भएपछि सोहीअनुसार काम हुन्छ।'

यस वर्ष एसइईका लागि पाँच लाख नौ हजार ९६१ विद्यार्थीले फारम भरेका छन्। दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्र छन्। एसइईका लागि देशभर १९ सय ९१ परीक्षा केन्द्र तोकिएका छन्। मन्त्रालयको योजनाअनुसार ती सबै परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिनेछ।

सिंहदरबारमा छैन भिडभाड

नयाँ सरकार बनेपछि प्रधानमन्त्री र मन्त्रीलाई बधाई तथा शुभकामना दिन देशभरका नेता-कार्यकर्ताको हप्तौंसम्म लर्को लाग्थ्यो। तर, यसपालि प्रतिनिधिसभामा झन्डै दुईतिहाइ सिट जितेर रास्वपाले सरकार बनाएपछिको सिंहदरबार भने विगतजस्तो छैन।







प्रशासनिक केन्द्र भए पनि सिंहदरबार विगतमा राजनीतिक गतिविधिको पनि मुकाम थियो। नयाँ सरकार बनेपछि प्रधानमन्त्री र मन्त्रीलाई बधाई तथा शुभकामना दिन देशभरका नेता-कार्यकर्ताको हप्तौंसम्म लर्को लाग्थ्यो। तर, यसपालि प्रतिनिधिसभामा झन्डै दुईतिहाइ सिट जितेर रास्वपाले सरकार बनाएपछिको सिंहदरबार भने विगतजस्तो छैन। नियमित सिंहदरबार छिर्ने मन्त्री र कर्मचारीबाहेक राजनीतिक भेटघाट र चहलपहल खासै देखिँदैन। मन्त्री भेट्न फूलमाला बोकेर भित्रिनेको ताँती देखिँदैन। रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)को नेतृत्वमा शुक्रबार बनेको सरकारको नीति नै अनावश्यक भेटघाटलाई निरुत्साहित गर्ने र काममै केन्द्रित हुने भन्ने रहेकाले सिंहदरबार अहिले शान्त देखिन्छ। राज्यका सबै निकायमा सुधारका योजनासहित सय कार्यसूची सार्वजनिक गरेको बालेन सरकारले 'काम, काम र काम'लाई प्राथमिकतामा राखेको बताएको छ।

तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

पाँच अर्बभन्दा...

पृष्ठ १ बाट क्रमशः

छ।' भट्टविरुद्ध विभागले बिमा ऐन, २०७९ अन्तर्गत अनुसन्धान गर्दै आएको छ। भट्टसहितको समूहले हिमालयन रिको रकम गैरकानुनी ढंगले १८ कम्पनीमा ल्याएका थिए। उक्त सबै कम्पनीमा भट्ट जोडिएको अनुसन्धानबाट खुलेको छ। अनुसन्धान प्रभावित गर्न भट्ट सबै उपाय प्रयोगमा जुटेका थिए। तर, सफल नभएपछि उनी भाग्ने योजनामा थिए। सूचना थाहा पाएपछि विभागले उनको राहदानी रोक्का गर्न अध्यागमनमा पत्रचार गरेको थियो।

सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले भट्टविरुद्ध अनुसन्धान भइरहेको बताए। 'भट्टविरुद्ध विगतदेखि नै अनुसन्धान हुँदै आएको छ, अहिले पनि जारी छ,' उनले भने, 'अझै निष्कर्षमा पुगिसकिएको छैन।'

घटनामा भट्टसहित हिमालयन रिका बोर्ड सदस्यहरू पनि संलग्न रहेको विभागको दाबी छ। अन्य कतिपय सदस्यसँग पनि विभागले बयान लिइसकेको छ। हिमालयन रिमा अहिले बोर्ड सदस्यका रूपमा साहिल अग्रवाल, अमित मोर, रोहित गुप्ता, राजीव मोर, सुवेच्छा खरेल, सुवास भुनभुनवाला छन्। तर, बोर्ड अध्यक्ष भने अहिले खाली राखिएको छ। यसअघि उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छा अध्यक्ष थिए। उनले गत ८ चैतमा मात्रै बोर्ड अध्यक्षबाट राजीनामा दिएका थिए। 'हिमालयन रिको रकम गैरकानुनी ढंगले दुरुपयोग भएको देखियो। घटनामा भट्टसहित रिका बोर्ड सदस्य पनि संलग्न छन्। उनीहरूमाथि पनि अनुसन्धान भइरहेको छ,' विभाग स्रोतले भन्यो।

निवर्तमान सुशीला कार्की नेतृत्वको सरकारकै पालामा भट्टसहितका आरोपीविरुद्ध पाँच अर्ब रुपैयाँभन्दा बढीको बिगो दाबीसहित मुद्दा दायर गर्न खोजिएको थियो। तर, चलखेलका कारण प्रक्रिया अघि नबढेको विभाग स्रोतले बतायो। भट्टको पहुँच पुराना सबै ठुला दलका शीर्ष नेतासम्म थियो। उनको हैसियत सरकार गिराउने र बनाउनेसम्मको थियो। भट्टकै सक्रियतामा एमाले र काग्रेस गठबन्धनपछि एमाले अध्यक्ष ओलीको नेतृत्वमा सरकार बनेको आरोप लाग्ने गरेको छ।

कसरी तानिए भट्ट सम्पत्ति शुद्धीकरणमा ?

राष्ट्र बैंकको वित्तीय जानकारी इकाइले भट्ट र उनको परिवारको बैंक खातामा अस्वाभाविक कारोबार पत्ता लगाएपछि दुई वर्षअघि नै पत्राचार गरेको थियो। भट्टको एकल स्वामित्वमा रहेको कम्पनी इन्फिनिटी होल्डिङ प्रालिको चुक्ता पुँजी एक वर्षमा तीन करोडबाट ४८ करोड पुऱ्याइएको थियो। ०७७ असारमा सो कम्पनीको चुक्ता पुँजी तीन करोड रहेकोमा ०७८ असार मसान्तमा ४८ करोड पुगेको थियो। तर, भट्टले त्यसको आर्थिक स्रोत देखाउन सकेका थिएनन्।

त्यस्तै, भट्टको व्यक्तिगत खातामा जगदम्बा स्टिल्सको खाताबाट ४५ करोड जम्मा भएको थियो। कम्पनीको खाताबाट सो रकम भट्टको सिद्धार्थ बैंकमा रहेको व्यक्तिगत खातामा गएको थियो। जुन कारोबारको प्रयोजन र वास्तविक धनीको पहिचान नखुलेको राष्ट्र बैंकको पत्रमा उल्लेख छ।

हिमालयन रि-इन्स्योरेन्स लिमिटेड र इन्फिनिटी होल्डिङ प्रालिबिचको करोडौंको कारोबार पनि नखुलेको विभाग स्रोत बताउँछ। जगदम्बा र हिमालयन रि-इन्स्योरेन्ससँग उनको कारोबार व्यवसायी कामबापतको भनेरसमेत उजुरी परेको थियो। हिमालयन रि-इन्स्योरेन्स भट्टकै अग्रसरतामा खोलिएको संस्था हो। जसमा ठुलो नीतिगत भ्रष्टाचार भएको आरोप लाग्दै आएको छ। जगदम्बा स्टिल्सको खाताबाट उनले आर्थिक वर्ष ०७७/७८ मा ४८ करोड लिए पनि सो कम्पनीको लेखा परीक्षणमा भने त्यति ठुलो रकम गायब बनाइएको थियो।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार भट्टको एकल स्वामित्वमा रहेको इन्फिनिटी होल्डिङ्स प्रालि र उनको व्यक्तिगत ओभरड्राफ्ट चल्ती खाताबाट शंकास्पद र अस्वाभाविक कारोबार भएको देखिन्छ। ५० लाख ऋणको सीमा रहेको उनको व्यक्तिगत खाताबाट १४ असार ०७८ देखि २३ असारको बिचमा ३० करोड १५ लाख ८७ हजार ७४७ रुपैयाँ जम्मा भएको थियो भने ४५ करोड चार लाख ४५ हजार ११० रुपैयाँ भुक्तानी भएको थियो। त्यस्तै, १७ असार ०७८ देखि ५ साउन ०७८ को बिचमा इन्फिनिटी होल्डिङको खातामा १८ करोड ४० लाख ९५ हजार ५६६ रुपैयाँ जम्मा र ६३ करोड ४० लाख ९३ लाख ८२९ रुपैयाँ भुक्तानी भएको थियो। जुन खाताको ऋण सीमा ४४ करोड रुपैयाँ छ । त्यस्तै, उनको नेपाल इन्भेस्टमेन्ट बैंकको खातामा सोही वर्ष असार १३ देखि १६ गतेबिचमा जगदम्बा स्टिल्सबाट ४५ करोड जम्मा भएको थियो। देखिने कुनै व्यवसाय नभएका भट्टले यसरी केही दिनमै बैंक खाताबाटै करोडौंको कारोबार गरे पनि राजनीतिक दबाबमा डिसमिस गरिएको हो। भट्टको फाइल दबाउन राष्ट्र बैंकमा समेत दबाब दिइएको थियो।

पश्चिम एसियामा...

पृष्ठ १ बाट क्रमशः

तोकिएका छन्। कार्यदलले दुईवटा काम गर्ने परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए। उनका अनुसार पहिलो, युद्धका कारण अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संकटहरूको प्रभाव अध्ययन गर्नेछ र आवश्यक नीति तथा रणनीति तयार गर्नेछ। यो कार्य ३० दिनभित्र सम्पन्न हुनेछ।

दोस्रो, पश्चिम एसिया (मध्यपूर्व)का द्वन्द्वहरूमा विकसित हुँदै गएको परिस्थितिका कारण नेपालमा आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति शृंखला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्ने बहुआयामिक प्रभावहरूको मूल्यांकन तथा व्यवस्थापनको सुझाव पेस गर्नेछ। यसबारे कार्यदलले सात दिनभित्र अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिगत कार्ययोजना सुझावसहित प्रतिवेदन पेस छ। त्यसपछि सरकारले उक्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय तथा कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउनेछ।

पश्चिम एसियाली मुलुकहरूमा १७ लाख २९ हजार २८७ नेपाली छन्। इरानमाथि इजरायल र अमेरिकाले १६ फागुनमा आक्रमण गरेयता ती देश तथा पश्चिम एसियाली मुलुक अशान्त छन्। इरान र इजरायलबिच आक्रमण र जवाफी हमला जारी छ। इरानले अमेरिकी सैनिक बेस रहेका पश्चिम एसियाली देशहरू कुवेत, कतार, युएईलगायतमा आक्रमण गरेसँगै उक्त क्षेत्रमा तनाव बढेको छ। पछिल्लोपटक विश्वको मुख्य सामुद्रिक मार्ग स्ट्रेट अफ हर्मुजमा पानीजहाजहरूको निर्यान्त्रित आवागमन भएसँगै विश्वमा ऊर्जा संकट चुलिएको छ र पेट्रोलियम पदार्थको मूल्य आकासिएको छ।

यसैबिच सरकारले पश्चिम एसियामा लम्बिँदो संकटमा परेका र आपतकालीन रूपमा स्वदेश आउनुपर्ने अवस्थाका नेपालीलाई ल्याउने उपायबारे छलफल थालेको छ। परराष्ट्रसचिव अमृतबहादुर राई नेतृत्वको इमर्जेन्सी रेस्पोन्स टिम (इआरटी)को मंगलबार बसेको चौथो बैठकले नेपालीहरू फर्किनुपर्ने अवस्था हेरेर नेपाल एयरलाइन्सको आपत्कालीन उडान पठाउने निष्कर्ष निकालेको छ। 'घरमा कोही बिरामी परेर, आफन्तको निधन भएकोलगायतका कारणले आपत्कालीन रूपमा फर्किनुपर्ने अवस्थामा रहेका नेपालीहरूको संख्या बढेको छ। उहाँहरूलाई फर्काउने उपायबारे छलफल भएको छ,' परराष्ट्र प्रवक्ता क्षेत्रीले भने, 'बैठकको निर्णय बुधबार सार्वजनिक हुनेछ।'

सचिव नेतृत्वको बैठकमा नेपाल एयरलाइन्सलाई दुबई वा साउदी अरब पठाउन सकिने सम्भावनाबारे छलफल भएको छ। 'जहाज कहाँ पठाउने र कसरी कम हवाई भाडामा नेपालीको उद्धार उडान सुरु गर्ने भन्ने विषयमा गहन छलफल भएको छ। सम्बन्धित देशसँग उडान स्वीकृति लिने, सुरक्षा अवस्था अध्ययन गर्ने र उडान व्यवस्थापन गर्ने विषयमा छलफल भएको छ,' बैठकमा सहभागी एक अधिकारीले भने, 'नेपाल एयरलाइन्सलाई त्यहाँ पठाउन अनुरोध गर्ने र त्यसका लागि अप्ठेरो र चुनौती के छ भन्नेबारेमा पनि छलफल गरेर टुंग्याउने कुरा भएको छ।' सकभर साउदी अरबको दमामबाट उद्धार उडान सञ्चालन गर्न सकिने विषयमा छलफल भएको छ। उद्धार उडानमा आउने नेपालीहरूले हवाई भाडा आफैं व्यहोर्नुपर्ने छ।

मंगलबारसम्म कन्सुलर सेवा विभागको अनलाइन पोर्टलमा ८६ हजार ८१ नेपालीले नाम र विवरण दर्ता गराएका छन्। उनीहरू सबैले फर्किने चाहना राखेका छैनन्। तत्काल फर्किनुपर्ने नेपालीहरूको विवरण सम्बन्धित देशका दूतावासहरूले संकलन गरिरहेको परराष्ट्रका अधिकारीको भनाइ छ।

खाडी मुलुकमा रोजगार संकट

युद्ध लम्बिएसँगै खाडी मुलुकमा नेपालीको रोजगारमा संकट हुन थालेको छ। कम्पनीले काम नदिएको, आधा तलब दिएको, तलब नदिएको वा जागिरबाट हटाएकोजस्ता गुनासो आउन थालेको छ। 'सम्बन्धित देशमा रहेका हाम्रा राजदूतावासहरूले सम्बन्धित देशका सरकार, कम्पनीका मालिकहरूसँग यस सम्बन्धमा कुराकानी गरिरहेका छन् र उनीहरूको हित संरक्षणका लागि समन्वय गरिरहेका छन्,' परराष्ट्र प्रवक्ता क्षेत्रीले भने।

साउदी, युएई कुवेत र इरानमा सात नेपाली पक्राउ

सरकारी सूचना अटेर गरेर युद्धको भिडियो खिचेर सामाजिक सञ्जालमा राखेको अभियोगमा साउदी अरब, युएई र कुबेतमा गरी ७ नेपाली पक्राउ परेका छन्। उनीहरूको मुद्दाबारे पछिल्लो जानकारी नभएको परराष्ट्र प्रवक्ता क्षेत्रीको भनाइ छ। साउदी अरब र युएईमा ३/३ जना तथा कुवेतमा १ जना नेपाली सम्बन्धित प्रहरीको हिरासतमा छन्। इरानमा पनि एकजना नेपाली पक्राउ परेका छन्। तर, यो युद्धसँग सम्बन्धित नभएको परराष्ट्र अधिकारीको भनाइ छ। 'उनको गिरफ्तारी युद्धसँग सम्बन्धित होइन,' परराष्ट्रका अधिकारीले भने, 'इरानमा अवैतनिक नेपाली महावाणिज्य दूतावासले ती नेपालीको कन्सुलर पहुँचका लागि वकिल नियुक्त गरिसकेको र उनी नेपालीलाई भेट्न जाने क्रममा रहेको छ।' सामुद्रिक कानुन उल्लंघन गरेको अभियोगमा इरानी प्रहरीले पानी जहाजलाई नियन्त्रणमा लिँदा त्यहाँ रहेका नेपाली पक्राउ परेका थिए।

स्वास्थ्य परीक्षणको...

पृष्ठ १ बाट क्रमशः

गरिएको छ। वैदेशिक रोजगारमा जानुअघि श्रमिकको निरोगिताको प्रमाणपत्र जारी गर्ने उद्देश्यले श्रम मन्त्रालयमातहत दुई सयभन्दा बढी स्वास्थ्य संस्था सूचीकृत छन्। ती संस्थाले म्यानपावर व्यवसायीसँगको मिलेमतोमा प्रतिकामदार ६ हजार ५ सयदेखि ९ हजार पाँच सय रुपैयाँसम्म शुल्क लिएर स्वास्थ्य परीक्षण गर्दै आएका छन्।

म्यानपावरले तोकेका संस्था वा मन्त्रालयमा सूचीकृत भएका संस्थाबाट मात्रै स्वास्थ्य परीक्षण गराउनुपर्ने गरी मिलेमतोमा सिन्डिकेट लादिएको थियो। सरकारको पछिल्लो निर्णयले वैदेशिक रोजगार ऐन र नियमवालीमा रहेको व्यवस्था कार्यान्वयन गर्न सहज भएको छ। यसअनुसार प्रतिस्पर्धी दरमा परीक्षण शुल्क निर्धारण हुने र विश्वसनीय स्वास्थ्य परीक्षण हुनेछ।

वैदेशिक रोजगार ऐन, ०६४ को दफा ७२ (१) मा 'वैदेशिक रोजगारका लागि जाने कामदारले विदेश जानुअघि सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउनुपर्नेछ,' भन्ने उल्लेख छ। त्यस्तै, वैदेशिक रोजगार नियमावली, ०६४ को नियम ४५ (क) को उपनियम ९ मा 'सरकारले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण सरकारको स्वामित्वमा रहेको स्वास्थ्य संस्थाबाट गराउन यस नियममा भएको व्यवस्थाले बाधा पुगेको मानिनेछैन' भन्ने उल्लेख छ।

हाल भइरहेको सिन्डिकेट अन्त्य गर्दै खुला, प्रतिस्पर्धी र विश्वसनीय परीक्षण हुने गरी मन्त्रालयले निर्णय गरेको प्रवक्ता पिताम्बर घिमिरेले बताए। 'वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न सरकारी अस्पताल वा अन्य अस्पताललाई पनि बाधा छैन। खुला, प्रतिस्पर्धी र विश्वसनीय परीक्षणको सुनिश्चितता गर्न खोजिएको हो र अहिले सोही व्यवस्थाबारे जानकारी गराइएको मात्र हो,' उनले भने, 'स्वास्थ्य परीक्षण गराउन चाहने अस्पताल वा क्लिनिकले सूचीकृतको लागि आवेदन दिनुपर्छ। हामी आवेदन प्राप्ति गर्ने प्रक्रियामा छौं।'

मन्त्रालयले यस्ता स्वास्थ्य संस्थाका लागि न्यूनतम मापदण्ड निर्धारण गरेको छ। तर, यस्ता मापदण्ड अस्पतालहरूले पनि सजिलै पूरा गर्ने किसिमका छन्।

सरकारले गरेको नयाँ निर्णयप्रति वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने निजी स्वास्थ्य संस्थाहरूको छाता संगठन स्वास्थ्य व्यवसायी महासंघले पनि कुन आपत्ति नरहेको प्रतिक्रिया दिएको छ। महासंघका महासचिव दाताराम काफ्लेले छोटो प्रतिक्रिया दिँदै सरकारको निर्णयलाई मानेर जाने बताए। 'यो विषयमा हाम्रो खासै केही प्रतिक्रिया छैन। सरकारले गरेको निर्णयलाई हामी स्वागत गर्छौं र मानेर जान्छौं,' उनले भने, 'सरकारले आवश्यक ठानेको खण्डमा हामी सहयोग गर्न पनि तयार छौं।'

केही देशमा त झनै चर्को सिन्डिकेट छ। मलेसियाको रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न ३६ संस्थाले मात्रै सिन्डिकेट लादिरहेका छन्। तर, स्वास्थ्य व्यवसायीले भने मलेसियाले नै तोकेको मापदण्डअनुसार मेडिकल गर्ने संस्था सूचीकृत भएको दाबी गर्दै आएका छन्।

यसअघिका श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले श्रमिकको स्वास्थ्य परीक्षण गर्न सूचीकत भएर अनुमति पाएका स्वास्थ्य संस्थाको अनुगमन गर्न टोली खटाएका थिए। सो टोलीले मेनपावर कम्पनीले रकम असुल गर्ने नियतले वैदेशिक रोजगारमा जाने कामदारहरूलाई संगठित रूपमा ठगी गर्ने गरेको निष्कर्षसहितको प्रतिवेदन तयार गरेको थियो।

त्यस्तै, अनुगमनमा स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षण शुल्क ९५०० लिने गरेको, सम्पूर्ण टेस्ट नगरी हचुवाको भरमा मेडिकल रिपोर्ट दिएको, तोकिएको टेस्ट नगरीकन ठगी गर्ने गरेको र कतिपयले एउटै पनि टेस्ट नगरी प्रतिवेदन दिएर लापरबाही गरेको भेटिएको थियो।

हाजिर जमानीमा छुटे पूर्वसिडिओ रिजाल

नयाँ पत्रिका

जेन-जी आन्दोलनमा लापरबाही ढंगले कार्य गरेको अभियोगमा पक्राउ परेका जिल्ला प्रशासन कार्यालय काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविराज रिजाल हाजिर जमानीमा छुटेका छन्। जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको समन्वयमा रिजाललाई हाजिर जमानीमा छाड्ने निर्णय भएको हो। जेन-जी आन्दोलन जाँचबुझ आयोगको सिफारिसपछि उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले मंगलबार बिहान सुविधानगरस्थित निवासबाट पक्राउ गरेको थियो। तर, हिरासतमा राख्नुपर्ने आधार नभएपछि उनलाई हाजिर जमानीमा छाड्ने निर्णय भएको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले रिजाललाई हाजिर जमानीमा छाड्ने निर्णय भएको बताए। 'छविराज रिजाललाई हाजिर जमानीमा छाड्ने निर्णय भएको छ। जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको समन्वयमा हाजिर जमानीमा छाड्ने निर्णय भएको हो,' उनले भने।

जेन-जी आन्दोलनमा लापरबाही ढंगले कार्य गरेको अभियोगमा प्रहरीले तत्कालीन प्रधानमन्त्री केपी ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई १४ चैतमै पक्राउ गरेको थियो। उनीहरू अहिले प्रहरीको हिरासतमा छन्। आयोगको प्रतिवेदनमा कर्फ्यु आदेश जारी गरेपछि रिजालले निरन्तर अनुमगन नगरेको दाबी छ। सोही अभियोगमा आयोगले उनीविरुद्ध मुलुकी फौजदारी संहिता १८२ अनुसार कारबाही सिफारिस गरेको हो। उनीहरूले आन्दोलनका क्रममा उचित सतर्कता नअपनाएको प्रतिवेदनमा भनिएको छ। उक्त दफामा कसैले हेलचेक्र्याइँपूर्ण काम गरी कसैको ज्यान मार्न नहुने भनिएको छ। कसुर गरे तीन वर्ष कैद र तीन हजार रुपैयाँ जरिवाना हुने भनिएको छ।

'कसैले कसुर उल्लंघन गरे कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ। कसैको ज्यान मर्न सक्छ जस्तो नदेखिएको अवस्थामा कसैले कुनै काम गर्दा भवितव्यमा परी कसैको ज्यान गएमा निजलाई ६ महिनादेखि दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ,' उक्त दफामा भनिएको छ।

इनिसा विक मृत्यु प्रकरण

आरोपी चारैजनालाई बाल सुधारगृह पठाउन आदेश

सुर्खेतमा **रमेश रावल**

इनिसा विक मृत्यु प्रकरणमा जोडिएका चारैजनालाई सुर्खेत जिल्ला अदालतले पुर्पक्षका लागि बाल सुधारगृह पठाउन आदेश दिएको छ। जिल्ला अदालत सुर्खेतका न्यायाधीश दीपक ढकालको एकल इजलासले मंगलबार उनीहरूलाई सुधारगृह पठाउन आदेश दिएको हो। चारैजनाविरुद्ध जबर्जस्ती करणी र ज्यान मार्ने उद्योगमा अभियोगपत्र दायर भएको थियो। चारैजना १८ वर्षमुनिका भएका कारण बाल सुधारगृहमा पठाउन आदेश दिएको हो।

घटनाको गम्भीरता र प्रारम्भिक प्रमाणका आधारमा अनुसन्धान पूरा नहुँदासम्म थुनामै राखेर मुद्दा अघि बढाउने आदेश भएको अदालतका सूचना अधिकारी उज्ज्वल रावलले बताए। गत २३ फागुनमा विद्यालय जान्छु भन्दै घरबाट निस्किएकी वीरेन्द्रनगर- १ की १६ वर्षीया इनिसा घरनजिकैको जंगलमा अचेत अवस्थामा फेला परेकी थिइन्। उनी वीरेन्द्रनगर- ४ स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन्। घटनामा प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले सामूहिक बलात्कारपछि हत्या भएको भन्दै आइतबार चारैजनाविरुद्ध अदालतमा अभियोग दर्ता गराएको थियो। इनिसा मृत्यु प्रकरणमा न्यायिक निरूपण सुरु भइसकेको भए पनि पीडित परिवारले भने न्यायका लागि आन्दोलन जारी राखेका छन्। इनिसाको शव २४ दिनयता कर्णाली प्रदेश अस्पतालको शवगृहमा छ।

अवैध 'ट्रान्स पार्टी'मा सहभागी ३८ जना पक्राउ

कास्कीमा **रोहितराज पराजुली**

पोखरामा आयोजना गरिएको अवैध 'ट्रान्स पार्टी'मा सहभागी भएका नेपाली र विदेशी गरी ३८ जना पक्राउ परेका छन्। फेवातालसँगैको पोखरा महानगरपालिका- १८ स्थित सेदी जंगलनजिकैको एउटा पुरानो घरमा आयोजित पार्टीबाट प्रहरीले सहभागी र आयोजकलाई पक्राउ गरेको हो। पक्राउ परेकामध्ये १२ जनालाई मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढाएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले बताए। १२ मध्ये चारजनालाई अभद्र व्यवहार र आठजनालाई लागुऔषध मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ। नियन्त्रणमा लिएका २६ जनालाई आवश्यक सोधपुछपछि अभिभावक एवं आफन्तको जिम्मा लगाई छाडिएको बस्नेतले बताए।

पोखरा- १८, सेदीबगर बस्ने ३२ वर्षका बमेन्द्र पुन र भारतीय नागरिक अनुभव शर्माले आयोजना गरेको पार्टीमा नेपालीसँगै भारतीय र ब्राजिलका युवायुवती सहभागी थिए। प्रहरीले आयोजकद्वय पुन र शर्मासँगै आठजनालाई लागुऔषध मुद्दा दर्ता गरेको छ। लागुऔषध मुद्दा दर्ता गरिएका अन्यमा आशिष दर्जी, निकुञ्ज सिंह, सौरभ मोहरा, विशाल परियार, सृष्टि चन्द र चार्ली डा सिल्भा गौभा छन्। यसैगरी सक्षम कोइराला, रोशन अधिकारी, विवेक परियार र लोकबहादुर घर्ती मगरलाई अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाइएको छ।

प्रहरीले घटनास्थलबाट गाँजा, कोकिनजस्तो सेतो धुलो, एमडिएमए, चरेस, आइस (एम्फेटामिनजस्तो), म्याजिक मसरुम, खैरो हेरोइनजस्तो पदार्थ, कागज, तरल प्रदार्थ, एलएसडी (लाइसर्जिक एसिड डाइथाइलामाइड)लगायत विभिन्न लागुऔषध बरामद गरेको जनाएको छ। कम्तीमा ७२ घण्टासम्म चल्ने तयारीका साथ आयोजना गरिएको पार्टीमा एक्कासि प्रहरी टोली पुगेपछि अवस्था तनावपूर्ण बनेको थियो।

के हो 'ट्रान्स पार्टी' ?

ट्रान्स पार्टी, ट्रान्स म्युजिक अर्थात् एक प्रकारको इलेक्ट्रोनिक डान्स म्युजिकको तालमा नाँच्न र रमाइलो गर्न आयोजना गरिने विशेष सांगीतिक जमघट हो। जहाँ द्रुत गतिको संगीत, सम्मोहन गर्ने र मधुर इलेक्ट्रोनिक संगीत बजाइन्छ, जुन रातभरि चल्छ। लेजर लाइटलगायतको प्रयोगसँगै विभिन्न सजावटको प्रयोग गरिन्छ। पार्टीमा सहभागीहरू मादक पदार्थ, लागुऔषध सेवन गर्दै संगीतको लयमा हराएर नाँच्ने र रमाइलो गर्ने गर्छन्। नसाले लट्ठ पार्नेसँगै चर्को संगीतको धुनले मस्त बनाइदिन्छ, जसकारण सहभागीहरू एकोहोरो हुन्छन् र एकले अर्काको कुनै मतलब गर्दैनन्।

काज लिएर सुगममा बसेका १४ विशेषज्ञ चिकित्सक दरबन्दी भएकै अस्पताल फिर्ता



■ **डा. भक्तबहादुर केसी**, सूचना अधिकारी, स्वास्थ्य मन्त्रालय

पहिलो चरणमा उपत्यकाबाहिरका अस्पतालमा दरबन्दी भएकाको काज फिर्ता भएको छ, अब दोस्रो चरणमा धेरैजसोलाई दरबन्दी भएकै ठाउँमा फिर्ता पठाइँदै छ। योभन्दा पनि ठुलो संख्यामा दोस्रो चरणमा काज फिर्ता हुनेछ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारी अस्पतालमा विशेषज्ञ चिकित्सकदेखि अन्य स्वास्थ्यकर्मीको अभाव भइरहेका वेला पहुँचमा आधारमा सुगम तथा सहरी क्षेत्रका अस्पताल तथा सरकारी कार्यालयमा काजमा कार्यरत विशेषज्ञ चिकित्सकलाई दरबन्दी भएकै अस्पतालमा फिर्ता पठाइएको छ। स्वास्थ्य मन्त्रालयले १६ चैतमा निर्णय गर्दै १४ जना चिकित्सकलाई दरबन्दी भएकै अस्पतालमा फिर्ता पठाएको हो।

अस्पतालमै दरबन्दी भए पनि विशेषज्ञ चिकित्सकहरू पहुँचका आधारमा आफूलाई सहज हुने ठाउँमा कार्यरत रहँदै आएका छन्। अझ कतिपय चिकित्सक अस्पतालमै दरबन्दी हुँदा पनि पहुँचका आधारमा मन्त्रालयमा काजमा बसिरहेका छन्। जसकारण बिरामीले उपचार सेवासमेत पाउन कठिन हुने गरेको छ। नयाँ सरकार बनेसँगै स्वास्थ्य मन्त्रालय निर्मम भएर काजमा कार्यरत चिकित्सकलाई फिर्ता गर्न लागेको छ।

सोमबार दरबन्दी अस्पतालमा भएर पनि पहुँचका आधारमा काजमा बसिरहेका नवौं र दसौं तहका १४ जना विशेषज्ञ डाक्टरको काज फिर्ता गरिएको छ। ती चिकित्सक आफूलाई पायक पर्ने गरी काजमा बस्दा सरकारी अस्पतालले जनशक्तिको अभाव खेप्दै आइरहेका थिए।

स्वास्थ्य जनशक्ति अभावका कारण बिरामीले भौंतारिनुपर्ने र उपत्यकाभित्रकै अस्पतालसम्म धाउनुपर्ने अवस्थालाई मध्यनगर गर्दै नवनियुक्त स्वास्थ्यमन्त्री निशा मेहताले जहाँ दरबन्दी छ, त्यहीं फिर्ता हुन भन्दै पहिलो चरणमा १४ जनालाई निर्देशन दिएकी छिन्।

यसरी काज बस्नेमा बढी दुर्गम क्षेत्रमा खटाइएका चिकित्सकहरू छन्। जसमा डा. रोहिता बज्राचार्यलाई गजेन्द्रनारायणसिंह अस्पताल राजविराजमै पठाइएको छ। उनी काजमा भरतपुर अस्पताल चितवनमा कार्यरत थिइन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा काजमा कार्यरत डा. जोसनलाई बज्राचार्य, कोशी अस्पताल विराटनगरमा कार्यरत डा. विशालकुमार देव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय लुम्बिनीमा कार्यरत डा. प्रकाश ढकाल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णालीमा कार्यरत डा. सुशील समदर्शीलाई पनि गजेन्द्रनारायणसिंह अस्पताल राजविराजमा फिर्ता पठाइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुदूरपश्चिममा काजमा कार्यरत डा. सन्तोषकुमार गुप्ता र डा. नवीनचन्द्र भट्ट, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत डा. मिसन्ता शर्मा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बागमती प्रदेशमा कार्यरत डा. सुयोग्य वाग्लेलाई डडेल्धुरा अस्पताल फिर्ता गरिएको छ।

पहुँचका आधारमा वीर अस्पतालमा कार्यरत डा. सोनिकाधरी श्रेष्ठ, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत ल्याब टेक्नोलोजिस्ट संजोक तिमल्सिना, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय लुम्बिनीमा कार्यरत डा. अरुण ज्ञवाली, स्वास्थ्य सेवा विभाग टेकुमा कार्यरत डा. मुकेश पौडेल र कान्ति बाल अस्पतालमा कार्यरत डा. दीपेश भट्टराईलाई नारायणी अस्पताल फिर्ता पठाइएको छ। उनीहरू आफूहरूको दरबन्दी एक ठाउँमा भए पनि विगतमा भनसुनका आधारमा पायक पर्ने गरी काजमा बसेका थिए।

पहुँचका आधारमा मन्त्रालय बसेकालाई दोस्रो चरणमा फिर्ता पठाइने

अझै पनि ठुलो स्वास्थ्य जनशक्ति तथा विशेषज्ञ चिकित्सक नै दरबन्दी भएको अस्पतालमा काम गर्न छाडेर पहुँचका आधारमा मन्त्रालयमा काजमा बसिरहेका छन्। गत १४ कात्तिकमा नयाँ पत्रिका दैनिकमा 'दरबन्दी अस्पतालमा, डाक्टर मन्त्रालयमा' शीर्षकमा समाचार प्रकाशन भएको थियो।

स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार हाल मन्त्रालयको प्रवक्ताका रूपमा रहेका डा. प्रकाश बुढाथोकीको दरबन्दी वीर अस्पतालमा छ। उनी दन्तरोग विशेषज्ञ हुन्। उनलाई प्रवक्ताको जिम्मेवारीमा मन्त्रालयमा राखिएको छ। अस्पतालमा दरबन्दी भएर स्वास्थ्य मन्त्रालयमा कार्यरत अर्का डा. सरोज शर्मा हुन्। उनी वीरकै रेडियोग्राफर (११औं तह) हुन्। उनी झन्डै डेढ वर्षयता काजमा मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुखको जिम्मेवारीमा छन्।

पहुँचकै आधारमा दरबन्दी भएको अस्पताल छाडेर मन्त्रालय पुगेका अर्का विशेषज्ञ चिकित्सक (११औं तह) हुन् डा. कृष्णप्रसाद पौडेल। उनी कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ हुन्। तर, हाल उनी स्वास्थ्य बिमा बोर्डको निमित्त कार्यकारी निर्देशक छन्। पौडेल त्यसअघि मन्त्रालयमा काजमा थिए भने मन्त्रालयमै उनी बोर्डमा निमित्तका रूपमा पुगेका हुन्।

तत्कालीन स्वास्थ्यमन्त्री प्रदीप पौडेलकै पालामा उनीलगायतलाई दरबन्दी भएकै ठाउँमा जान भने पनि अटेरी गर्दै आइरहेका छन्। अब भने नयाँ स्वास्थ्यमन्त्री मेहताले पनि फिर्ता पठाउने तयारी गरेको मन्त्रालय स्रोतले बतायो। 'सुरुमा उपत्यकाबाहिरका चिकित्सकहरूको काज फिर्ता भयो, अब नितान्त पहुँचका आधार मन्त्रालयमा बसेका डाक्टरहरूलाई फिर्ता पठाइन्छ,' स्वास्थ्यमन्त्री मेहताको सचिवालयका एक सदस्यले भने। झन्डै चार वर्षदेखि काजमा बसिरहेका डा. पौडेललाई माथिल्लो पहुँचका कारण काज फिर्ता पठाउन नसकेको यसअघिका स्वास्थ्यमन्त्री पौडेलले समेत बताएका थिए।

यसअघि काजमा कार्यरत डा. अनुप बाँस्तोला भने शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमै फर्किएका छन्। नरदेवी अस्पतालका डा. पुष्पराज पौडेल (१०औं तह) पनि दरबन्दीमा नबसी काजमा मन्त्रालयमै छन्। वीरमा दरबन्दी रहेकी स्टाफ नर्स श्रेया सुवेदीसमेत डेढ वर्षदेखि मन्त्रालयमै कार्यरत छिन्।

■ एमाले सचिवालय निर्णय

तल्ला तहबाटै दबाबमूलक आन्दोलन

काठमाडौं/ पार्टी अध्यक्ष केपी ओलीको पक्राउविरुद्ध चार दिनदेखि आन्दोलित एमालेले सन्देशमूलक आन्दोलनलाई आधारभूत तहसम्म विस्तार गरेर दबाबमूलक बनाउँदै लैजाने भएको छ। केन्द्रीय सचिवालयको मंगलबार बसेको बैठकले २५ चैतसम्म सबै जिल्लामा आन्तरिक भेला आयोजना गरेर क्षेत्र, पालिका हुँदै वडास्तरसम्म विरोधको कार्यक्रम आयोजना गरी प्रदेश राजधानी र केन्द्रीय राजधानी काठमाडौंमा संगठित रूपमै दबाबमूलक प्रदर्शन आयोजना गर्ने निर्णय लिएको छ।

जिल्लाहरूमा बृहत् कार्यकर्ता भेलाबाट वर्तमान परिस्थिति र आन्दोलनको आवश्यकताबारे कार्यकर्तालाई प्रशिक्षित गरेसँगै २८ चैतमा ७५३ वटै पालिकामा विरोध प्रदर्शन आयोजना गर्ने, ३ वैशाखमा सबै वडामा भेला र विरोध प्रदर्शन गर्ने तथा त्यसलगत्तै ७ वैशाखमा प्रदेशस्तरीय विरोध प्रदर्शन गर्ने एमालेको निर्णय छ। वडा हुँदै प्रदेशसम्म विरोध कार्यक्रम सम्पन्न भइसकेपछि १२ वैशाखमा काठमाडौंमा प्रदर्शन र सभा आयोजना गर्ने एमालेले घोषणा गरेको छ।

२४ चैतमा जेन-जी आन्दोलन दमन गरेर हत्यामा संलग्न भएको अभियोगमा गौरीबहादुर कार्की नेतृत्वको छानबिन आयोगको सिफारिसलाई आधार बनाई तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखकलाई सरकारले पक्राउ गरेको थियो। पक्राउकै दिनदेखि एमालेले काठमाडौंसहित देशैभर सांकेतिक विरोध प्रदर्शन गर्दै आएको छ। त्यही सन्देशमूलक आन्दोलनलाई आधारभूत तहसम्म विस्तार गरेर दबाबमूलक बनाइन लागिएको एमालेले जनाएको छ।

बैठकपछि महासचिव शंकर पोखरेलले आधारभूत तहबाटै आन्दोलनलाई उठाएर सन्देशमूलक आन्दोलनलाई दबाबमूलक बनाउने निर्णय गरिएको बताए। 'आधारभूत स्थानबाटै आन्दोलन उठाउने गरी कार्यकर्ता परिचालित गर्दै आन्दोलनलाई सशक्त बनाउने योजनासहित अघि बढेका छौं। हिजो हामीले सन्देश मात्र दिन खोजेका थियौं, अब व्यापक जनताको सहभागितामा आन्दोलनलाई दबाबमूलक आन्दोलनका रूपमा विकास गर्न खोजेका छौं,' पोखरेलले भने।

देउवा-कोइराला पक्षले समानान्तर गतिविधि नरोक्ने

कांग्रेस १५ औं महाधिवेशन, निर्वाचन समीक्षा, आन्तरिकलगायत विषयमा आज पनि छलफल हुने

■ **देवराज चालिसे**, प्रवक्ता, कांग्रेस



प्रजातान्त्रिक पार्टीमा फरक मत र असहमति व्यक्त गर्नु स्वाभाविक मानिन्छ। यसले नै संस्थागत निर्णयहरूलाई थप परिपक्व र बलियो बनाउँछ। तर, जब यो असहमति पार्टीभित्रको मर्यादित संवादबाट बाहिर निस्केर आत्मकेन्द्रित, समानान्तर गतिविधिमा रूपान्तरण हुन्छ, तब यसले पार्टीलाई न्याय गर्दैन।

■ **रामहरि खतिवडा**, नेता, कांग्रेस



भौतिक उपस्थिति ८४ जनाको थियो, बाहिर हुने कतिपय नेताले फोनबाट उपस्थिति जनाउनुभएको छ। समग्रमा ११३ जना हुनुहुन्छ। एकताबद्ध कांग्रेस कसरी बनाउने भन्ने मुख्य कुरा हो। अदालतमा मुद्दा विचाराधीन छ, त्यसको निर्णय आएपछि जसको पक्षमा आउँछ, ऊ बढी जिम्मेवार भएर पार्टीलाई एकताबद्ध बनाउनुपर्छ।

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसको आधिकारिकतासम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेका वेला पूर्वसभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला समूहले समानान्तर गतिविधि अघि बढाएको छ। पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काको आह्वानमा मंगलबार राजधानीमा बसेको १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमिति बैठकमा आगामी रणनीतिबारे छलफल भएको छ। बैठक बुधबारसम्म जारी रहनेछ।

बैठकलाई सम्बोधन गर्दै खड्काले अदालतमा मुद्दा विचाराधीन रहेको र न्यायको जित हुने बताएका छन्। विशेष महाधिवेशनबाट आएको कार्यसमितिले नेता तथा कार्यकर्तामाथि अन्याय गरेको उनको जिकिर छ। खड्काले विशेष महाधिवेशनबाट आएको कार्यसमितिले समानुपातिक सांसदको नाम निर्वाचन आयोगमा सिफारिस गर्दा आफूहरूनिकटलाई अन्याय गरेको दाबी गरेका हुन्।

'केही साथीहरूलाई अन्याय भएको छ। समानुपातिकतर्फ सांसदको नाम निर्वाचन आयोगमा सिफारिस गर्ने क्रममा विशेष महाधिवेशनबाट आएको कार्यसमितिले अन्याय गरेको छ। पिछडिएको क्षेत्रतर्फ क्लस्टरमा पहिलो नम्बरमा विद्या तिमल्सिनाको नाम थियो। तर, आयोगमा नाम पठाउने वेला खसआर्य क्लस्टरमा नाम रहेका कालीबहादुर सहकारीको नाम पठाइयो। यस्तै, दलित क्लस्टरमा मानबहादुर नेपालीको नाम रहे पनि आयोगमा सिफारिस पठाउने वेला परेन,' खड्काको भनाइ उद्धृत गर्दै एक नेताले भने। अन्यायविरुद्ध अदालत गएको पनि उनले बताए।

गत २१ फागुनको निर्वाचनमा कांग्रेसले समानुपातिकमा २० सिट जितेको छ। समानुपातिकको सूची निर्वाचन आयोगमा बुझाउँदा तत्कालीन सभापति देउवाको हस्ताक्षर थियो भने निर्वाचनपछि नाम सिफारिस गर्ने वेला विशेष महाधिवेशनबाट सभापति गगन थापा आएका थिए।

बैठकमा खड्कासहित नेता शेखर कोइराला, शशांक कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, बलबहादुर केसी, आनन्दप्रसाद ढुंगाना, एनपी साउद, बद्री पाण्डे, जीवन परियारलगायत सहभागी थिए। तत्कालीन सभापति शेरबहादुर देउवा भने विदेशमा छन्। गत २८ असोजमा तत्कालीन सभापति देउवाले खड्कालाई कार्यवाहक दिएका थिए। पुसमा निर्धारित १५औं महाधिवेशन हुन नसकेपछि तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा विशेष महाधिवेशन भएको थियो।

तत्कालीन संस्थापन पक्ष र नेता शेखर कोइराला पक्ष सहभागी नभएको विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको छ। कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएको छ भने तत्कालीन संस्थापन पक्ष आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा गएको छ। अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको बैठक बसेको हो।

बैठकपछि सञ्चारकर्मीसँग कांग्रेस सुदूरपश्चिम सभापति वीरबहादुर बलायरले विगतमा पनि यस्ता गतिविधि हुने गरेकाले कुनै अनौठो नभएको बताएका थिए। उनले देउवा पक्ष बलियो भए पनि संयमता अपनाउनुपर्ने भन्दै संस्थापन पक्षले अहं त्याग्नुपर्ने बताए। नेता जीवनबहादुर शाहीले समानान्तर गतिविधिले पार्टीको हित नहुने भन्दै कि मिलेर जान, नभए अलग पार्टी बनाउनुपर्ने धारणा राखेका थिए।

चुनावी समीक्षामा कांग्रेस संस्थापन, तोक्यो कमान्डर

कांग्रेसको संस्थापन पक्षले सातवटै प्रदेशमा चुनावी समीक्षा गर्ने भएको छ। २३ चैतदेखि ५ वैशाखसम्म सातवटै प्रदेशमा चुनावी समीक्षा गर्ने भएको हो। १६५ वटै निर्वाचन क्षेत्रका उम्मेदवारको उपस्थितिमा चुनावी समीक्षा गरिने कांग्रेसले स्पष्ट पारेको छ। चुनावी समीक्षाका लागि प्रदेश, मिति र संयोजक तोकिएको छ। जसअनुसार कोशी प्रदेशको विराटनगरमा २३ चैतमा चुनावी समीक्षा हुने भएको छ। जसको संयोजन डा. डिला संग्रौला पन्तले गर्नेछिन्। मधेश प्रदेशको जनकपुरमा २५ चैतमा चुनावी समीक्षा हुनेछ। जसको संयोजक फर्मुल्लाह मन्सुरले गर्नेछन्। बागमती प्रदेशको हेटौंडामा ७ वैशाखमा चुनावी समीक्षा हुनेछ। जसको संयोजन बहादुरसिंह लामाले गर्नेछन्।

पोखरामा २७ चैतमा देवराज चालिसेको संयोजकत्वमा गण्डकी प्रदेशको चुनावी समीक्षा हुनेछ। यस्तै, लुम्बिनी प्रदेशको दाङमा २९ चैतमा चुनावी समीक्षा हुनेछ। जसको संयोजन योगेन्द्र चौधरीले गर्नेछन्। कर्णाली प्रदेशको सुर्खेतमा ३ वैशाखमा चुनावी समीक्षा हुनेछ। जसको संयोजन कर्णबहादुर बुढाले गर्नेछन्। सुदूरपश्चिम प्रदेशको कैलालीमा ५ वैशाखमा चुनावी समीक्षा हुने भएको छ। जसको संयोजन प्रकाश रसाइली स्नेहीले गर्नेछन्।



कर्मचारी व्यवस्थापनमा 'बरन्डा संस्कृति'

'बरन्डा संस्कृति'का कारण केही गरूँ भन्ने भावना भएका कर्मचारीको सिर्जनशीलता र जाँगर त्यत्तिकै मरेर जाने अवस्था छ



● धनसूदन चौलागाईं

अग्रलेख



कर्मचारीयन्त्र सरकारको नीति, सोच, लक्ष्य र योजनालाई नतिजामा परिणत गर्न निर्माण गरिएको प्रशासनिक संरचना हो। यसमा कामको प्रकृतिअनुरूप विभिन्न दर्जाका कर्मचारी रहने व्यवस्था गरिएको हुन्छ। संगठनमा रहने यस्ता कर्मचारीको भर्ना छनोटपूर्वदेखि अवकाशपश्चात्सम्म गरिने कार्यको समष्टिगत स्वरूप कर्मचारी व्यवस्थापन हो। कुनै पनि संगठनको प्रभावकारिता र त्यसको कर्मचारी व्यवस्थापनको प्रभावकारिता एक-आपसमा अन्योन्याश्रित हुन्छन्। प्रभावकारी कर्मचारी व्यवस्थापनले मात्र कर्मचारीको उत्प्रेरणा र मनोबल उच्च बनाउँदै उनीहरूमा रहेको क्षमता र सम्भावनाको पूर्ण उपयोगमार्फत संगठनको लक्ष्य प्राप्त गर्न सहज हुन्छ। प्रस्तुत लेख नेपालको निजामती सेवामा कर्मचारी व्यवस्थापनका पक्षमध्ये पदस्थापन, सरुवा र उपयोगको अभ्यास, समस्या र समाधानका सम्भाव्य उपायमाथि केन्द्रित छ।

निजामती कर्मचारीको भर्ना छनोट, पदस्थापन, सरुवाजस्ता कर्मचारी व्यवस्थापनसँग सम्बन्धित विषयलाई व्यवस्थित बनाउन निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा आवश्यक व्यवस्था गरिएको छ। ती ऐन र नियमावली निजामती सेवा सञ्चालनका प्रमुख आधार हुन्। कुनै नयाँ सरकारी कार्यालय स्थापना, संगठन संरचना निर्माण र नयाँ दरबन्दी सिर्जना वा मौजुदा संगठनको संरचना पुनरावलोकन गर्दा कार्यक्रम र कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र गर्न सकिने व्यवस्था ऐनमा रहेको छ। त्यस्तै प्रत्येक पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने, कार्यसम्पादन सम्झौता गरी पदस्थापन गर्न सकिने, जिम्मेवारी नदिई राख्न नहुनेजस्ता व्यवस्था रहेका छन्। यसबाट कामका आधारमा मात्र दरबन्दी सिर्जना एवं कर्मचारी भर्ना तथा तिनको अधिकतम रूपमा नतिजामुखी उपयोग गर्नुपर्ने ऐनको मर्म रहेको देखिन्छ। त्यस्तै, कर्मचारी सरुवासम्बन्धी आधार र मापदण्ड पनि ऐन र नियमावलीमा तोकिएको छ।

हालका दिनमा सरकारी स्रोतमा पर्दै गएको चापले सरकारी संरचना चुस्त र छरितो तथा भएका जनशक्तिको अधिकतम उपयोग गर्नुपर्ने परिस्थिति सिर्जना हुँदै गएको छ र सरकारी खर्चलाई मितव्ययी बनाउन बर्सेनि बजेट कटौती गर्नुपर्ने अवस्था सरकारको छ। यसले पनि कर्मचारीतन्त्रलाई उपयुक्ताकारमा ल्याउने र भएको जनशक्तिको अत्युत्तम उपयोग गर्नुपर्ने अवस्थाको सिर्जना हुँदै छ। राज्यले खर्च कटौती गरी अन्य उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने अवस्था पनि छ। विभिन्न समयमा गठन भएका प्रशासन सुधारसम्बन्धी आयोगले पनि कर्मचारीको प्रभावकारी परिचालनमा जोड दिँदै कर्मचारीमा रहेको क्षमता र सम्भावनाको अत्युत्तम परिचालन एवं उपयोग र सार्वजनिक प्रशासनलाई नतिजामुखी र सेवाग्राहीमैत्री बनाउँदै सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नुपर्ने कुरामा जोड दिएका छन्।

कर्मचारी व्यवस्थापनका उल्लिखित नीतिगत व्यवस्थाका साथसाथै संस्थागत व्यवस्था पनि छ। निजामती कर्मचारीको नियुक्ति, बढुवा, पदस्थापन र सरुवाजस्ता कर्मचारी व्यवस्थापनसँग सम्बन्धित कार्य गर्नका लागि सिंगो संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको छ। मन्त्रालयस्तरमा विभिन्न समिति पनि रहेका छन्। यसका साथै प्रत्येक मन्त्रालय र विभागस्तरीय निकायमा आवश्यक जनशक्तिसहितको कर्मचारी प्रशासन महाशाखा/शाखा रहने व्यवस्था छ। विभिन्न तहमा गुनासो सुनुवाइसम्बन्धी संयन्त्र पनि छन्। यी निकायका मुख्य काम, कर्तव्य, अधिकार र उत्तरदायित्व नै कर्मचारी व्यवस्थापनलाई नियमित, न्यायोचित, अनुमानयोग्य, नतिजामुखी र प्रभावकारी बनाउनु हो।

कर्मचारी व्यवस्थापनसम्बन्धी मौजुदा नीति, कानुन र योजनाले कर्मचारी र उनीहरूमा अन्तर्निहित प्रतिभा र सम्भावनाको समुचित पहिचान र अधिकतम परिचालन एवं उपयोग गरी अपेक्षित नतिजा हासिल गर्ने लक्ष्य राखेका छन्। तर, यी प्रावधानको समुचित परिपालना र प्रभावकारी कार्यान्वयन भएको पाइँदैन। यससम्बन्धी नीतिगत व्यवस्था र कार्यान्वयन/परिपालनाबिच ठुलो खाडल देखिन्छ। त्यस्तै, संस्थागत व्यवस्थाको पनि प्रभावकारिता अपेक्षित रूपमा देखिएको छैन। कर्मचारी पदस्थापन र सरुवा मापदण्डमा आधारित र अनुमानयोग्य हुन सकेको छैन। नयाँ नियुक्ति र बढुवा हुने कर्मचारीको समयमै पदस्थापन नहुने, कुनै-कुनै मन्त्रालयमा दरबन्दीभन्दा बढी कर्मचारीको सरुवा गरी महिनौं जिम्मेवारीविहीन बनाइराख्ने र कतिपय अवस्थामा विनाकारण अतिरिक्त समूहमा राख्ने गरेको पाइन्छ। अर्कातिर कतिपय कर्मचारीले आफूलाई खटाएको ठाउँमा नगई थमौती गराउन महिनौं शक्तिकेन्द्र धाइरहने गरेको पनि पाइन्छ। यसले एकातिर सेवा प्रवाह गर्नुपर्ने स्थानमा कर्मचारीको अभाव हुने गरेको छ भने अर्कातिर कर्मचारी हाजिर गरेर फर्किने र घाम तापेर दिन बिताउनुपर्ने अवस्था पनि विद्यमान रहेको छ। कर्मचारी व्यवस्थापनमा यस्तो खाले 'बरन्डा संस्कृति' दिनानुदिन बढ्दै गएको पाइन्छ। यसबाट केही गरूँ भन्ने भावना भएका कर्मचारीको सिर्जनशीलता र जाँगर त्यत्तिकै मरेर जाने अवस्था छ। प्रत्येक कर्मचारीको समय राष्ट्रिय उत्पादकत्वसँग जोडिएको हुन्छ। तर, यसमा जिम्मेवार निकायको ध्यान गएको पाइँदैन।

यसरी जगेडामा राख्दा कर्मचारीले सधैं अन्योल, त्रास र अनिश्चिततामा गुज्रिरहनुपर्ने हुन्छ। उनीहरूमा निराशा र कुण्ठा पैदा हुन्छ। सिर्जनशीलता र नवप्रवर्तनशीलतामा ह्रास आउँछ। अन्ततः कर्मचारीको उत्प्रेरणा र मनोबलमा नकारात्मक प्रभाव पर्छ। फलतः उनीहरूमा भएको ज्ञान, सीप, प्रतिभा, क्षमता र सिर्जनशीलताको उपयोग हुन नसक्ने र खेर जाने अवस्था आउँछ। सरकारका नीति, योजना र कार्यक्रमको नतिजामुखी कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाह प्रभावकारी बन्न सक्दैन। नेपाल सरकारका मन्त्रालयको कार्यसम्पादनस्तर अपेक्षित हुन नसक्नु र पुँजीगत खर्च लक्ष्यको तुलनामा जहिले पनि न्यून हुनुमा कतै न कतै कर्मचारी व्यवस्थापनमा रहेका समस्याको पनि हात रहेको तथ्य नकार्न सकिँदैन। यसका पछाडि विभिन्न कारण रहेका छन्। कर्मचारीको पदस्थापन र सरुवासम्बन्धी विद्यमान व्यवस्थाको परिपालना हुन नसक्नु, यसलाई वस्तुगत मापदण्डमा आधारित बनाउन नसकिनु, अमुक मन्त्रालय वा निकायमा जानका लागि जुनसुकै हतकण्डा प्रयोग गर्न पछि नपर्ने प्रवृत्ति कर्मचारीमा रहनु, निर्णयकर्तालाई उत्तरदायी नबनाइनु, सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित मन्त्रालयबिच समन्वय हुन नसक्नु, राजनीतिक नेतृत्वमा नतिजाभन्दा पनि आफूअनुकूल कर्मचारी खोज्ने प्रवृत्ति रहनु, प्रभावकारी अनुगमन र पृष्ठपोषणको व्यवस्था नहुनु र कर्मचारी प्रशासनमा राजनीतिक हस्तक्षेप हुनु यसका प्रमुख कारण हुन्।

> कर्मचारी प्रशासनभित्र रहेको 'बरन्डा संस्कृति'ले गर्दा कर्मचारीको उत्प्रेरणा र मनोबलमा नकारात्मक प्रभाव पर्छ। उनीहरूमा भएको ज्ञान, सिप, प्रतिभा, क्षमता र सिर्जनशीलताको उपयोग हुन नसक्ने र खेर जाने अवस्था आउँछ।

भर्खरै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नागरिकबाट राज्ययन्त्रमा आमूल परिवर्तनको भावना मुखरित भएको छ। यसले सार्वजनिक प्रशासनलाई चुस्त, छरितो, प्रभावकारी र नागरिकमैत्री बनाउनुपर्ने आवश्यकता टड्कारो देखिन्छ। यसैले, कर्मचारीको उत्प्रेरणा र मनोबल वृद्धि, उनीहरूमा अन्तर्निहित प्रतिभा, क्षमता र सम्भावनाको समुचित पहिचान, परिचालन र उपयोग गरी सरकारका विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी लक्ष्य दक्षता र प्रभावकारितासाथ हासिल गर्न पदस्थापन, जिम्मेवारी दिने र सरुवासम्बन्धी विद्यमान अभ्यासलाई व्यवस्थित, पारदर्शी, न्यायोचित र अनुमानयोग्य बनाउन अपरिहार्य छ। यसका लागि पहिलो, पदस्थापन, जिम्मेवारी बाँडफाँट र सरुवासम्बन्धी विद्यमान व्यवस्थालाई परिमार्जन गरी थप स्पष्ट, वस्तुनिष्ठ, विस्तृत र बोधगम्य बनाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउनुपर्छ। कुनै पनि कर्मचारीलाई एक साताभन्दा बढी जिम्मेवारीविहीन बनाई राख्न नपाइने व्यवस्था गर्नुपर्छ। दोस्रो, अन्तरमन्त्रालय सरुवा र पदस्थापन गर्दा दरबन्दी यकिन गरेर मात्र गर्नुपर्छ। दरबन्दीभन्दा बढी कर्मचारी सरुवा गर्न नपाउने र दरबन्दीभन्दा बढी भएका कर्मचारीलाई तलब भत्तालगायत कुनै पनि सुविधा उपलब्ध नगराउने व्यवस्था कडाइसाथ कार्यान्वयन गर्नुपर्छ। तेस्रो, राजपत्रांकित प्रथम र विशिष्ट श्रेणीका कर्मचारीलाई जुनसुकै बखत सरुवा गर्न सकिने विद्यमान व्यवस्था परिवर्तन गरी पदस्थापन वा सरुवा भएको निकायमा विशिष्ट श्रेणीका कर्मचारी एक वर्ष र राप प्रथम श्रेणीका कर्मचारी साढे एक वर्ष नपुगी सरुवा गर्न नपाइने व्यवस्था गर्नुपर्छ। चौथो, नयाँ नियुक्ति वा बढुवा हुने कर्मचारीका लागि सञ्चालन गरिने सेवा प्रवेश तालिम/अभिमुखीकरणकै अवधिमा पदस्थापनको कार्य सम्पन्न गरी तालिमको समापनसँगै पदस्थापनको पत्र दिएर कार्यक्षेत्रमा पठाउने व्यवस्था गर्नुपर्छ। पाँचौं, सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित मन्त्रालयमा कर्मचारी दरबन्दी तथा कार्यरत कर्मचारीको विवरण निरन्तर अध्यावधिक राख्ने र यी निकायबिच प्रभावकारी सञ्चार र समन्वय हुनुपर्छ।

छैटौं, सरुवासम्बन्धी विद्यमान समयतालिकामा परिवर्तन गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साउन १५ गतेभित्र र मन्त्रालय वा अन्य केन्द्रीय निकायले साउन मसान्तभित्र सरुवासम्बन्धी काम सक्ने व्यवस्था गर्नुपर्छ। सातौं, पदस्थापन र सरुवामा हुने राजनीतिक हस्तक्षेप अन्त्य गरी मापदण्डमा आधारित बनाउन राजनीतिक नेतृत्वको प्रतिबद्धता र सहजीकरण हुनुपर्छ। आठौं, संघीय निजामती सेवा ऐनमा प्रदेश र स्थानीय तहसमेतलाई मार्गदर्शक हुने गरी कर्मचारीको पदस्थापन, जिम्मेवारी दिने र सरुवासम्बन्धी विषय साझभूत रूपमा समावेश गर्नुपर्छ र नवौं, मन्त्रालयको कर्मचारी पदस्थापन र सरुवासम्बन्धी कामको सामान्य प्रशासन मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयबाट हुने कामको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नियमित अनुगमन गरी पृष्ठपोषण दिने र तत्काल सुधार गर्ने व्यवस्था गर्नुपर्छ।

अन्त्यमा, सरकारले नागरिकका लागि गर्नुपर्ने काम र दिनुपर्ने सेवाका निमित्त संगठन संरचना निर्माण, दरबन्दी सिर्जना र कर्मचारी भर्ना गरिएको हुन्छ। प्रत्येक कर्मचारीको समयलाई गुणात्मक रूपमा उपयोग गरी नतिजामुखी बनाउनु कर्मचारी व्यवस्थापनसँग सम्बन्धित निकाय र अधिकारीको दायित्व हो। त्यसैले, कर्मचारी पदस्थापन र सरुवालाई छिटोछरितो, मापदण्डमा आधारित र विवादरहित बनाई प्रत्येक कर्मचारीको क्षमता, सम्भावना र समयको अत्युत्तम उपयोगमार्फत अपेक्षित नतिजा हासिल हुने अवस्था सुनिश्चित गर्नु आजको आवश्यकता हो।

(चौलागाईं शिक्षा विकास तथा समन्वय एकाइ, बाँकेका प्रमुख हुन्)

३ प्रश्न

नेपाल सरकारका पूर्वस्वास्थ्यसचिव **डा. सुशीलनाथ प्याकुरेल**लाई



विपन्न बिरामीका लागि सरकारी र निजी अस्पतालमा १० प्रतिशत निःशुल्क शय्या छुट्याउने व्यवस्था कस्तो छ ?

विपन्न नागरिकका लागि प्रत्येक सरकारी तथा निजी अस्पतालले १० प्रतिशत बेडसहितको सम्पूर्ण उपचार सेवा निःशुल्क दिनुपर्ने व्यवस्था पुरानै हो। त्यस्तो सुविधा बेडमा मात्र दिएर हुँदैन। औषधि, परीक्षणलगायत सबै निःशुल्क हुनुपर्ने हो। तर, निजी अस्पतालले चलाखी गरेर बेडमा मात्र छुट दिँदै आएका छन्। जसले गर्दा लक्षित समुदायले खासै लाभ लिन भने सकेको देखिन्न।

१० प्रतिशत शय्यासहितको उपचार सेवालाई पूर्ण निःशुल्क बनाउन किन नसकिएको हो त ?

बिरामीले अस्पतालको बेडमा गएर निःशुल्क सुत्न पाएर मात्र के हुन्छ ? विपन्न बिरामीका लागि त बेड, औषधि र परीक्षण शुल्क सबै निःशुल्क हुनुपर्छ। ऐनले पनि त्यही व्यवस्था गरेको छ। तर, जनशक्ति अभावले गर्दा प्रभावकारी 'मनिटरिङ' हुन सकेन। भनू संघीयतापछि अस्पतालहरू तीनै तहमा बाँडिए। जसले गर्दा कुनै पनि तहले प्रभावकारी अनुगमन गर्न सकेनन्। यस्तो अवस्थामा अहिले संघअन्तर्गतका अस्पतालमा मात्र यस्तो व्यवस्था लागू भएमा देशभरका विपन्न नागरिकले सेवा पाउने अवस्था हुँदैन। त्यसैले, यस्तो व्यवस्था संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका सबै अस्पतालमा लागू हुनुपर्छ।

यस्तो व्यवस्थाको इमानदार कार्यान्वयन र प्रभावकारी अनुगमन कसरी गर्न सकिएला त ?

संघीयतापछि अस्पताल र स्वास्थ्यकर्मीसमेत संघ, प्रदेश र स्थानीय तहमा बाँडिए। त्यसैले, सबै अस्पतालमा प्रभावकारी अनुगमनका लागि तीनै तहबिच बलियो समन्वय हुनुपर्छ। एकीकृत स्वास्थ्य ऐन ल्याएर पनि काम गर्न सकिन्छ। तत्कालका लागि यस्तो व्यवस्था सम्पूर्ण तहका सरकारी अस्पतालमा मात्र लागू भएमा निजी अस्पतालमाथि पनि दबाब पर्नेछ।

प्रेरक प्रसंग

घरभित्रको कुरा

एकपटक बुहारी भान्सामा तरकारी पकाउँदै थिइन्। पाकिसकेपछि उनले सासूलाई तरकारी चाख्न दिइन्। तरकारी मुखमा राख्नासाथ झस्किँदै सासूले भनिन्- ओहो, नुन र खुर्सानी त अति हालिछ्यौ। यो त कसैले खान सक्दैन। बुहारीले आर्तिँदै भनिन्- के गर्ने त आमा, बाबा र हजुरका छोरालाई खाना खान ढिलो हुन लागिसक्यो। सासूले झटपट केही आलु उसिनिन् र त्यसैलाई तरकारीमा मिलाइदिइन्। त्यति नै वेला बुहारीकी आमाले सम्धिनीलाई फोन गरिन्। दुवै सम्धिनी कुराकानी गर्न थाले। बुहारी सासूले आफ्नो कुरा आमालाई सुनाइदिने भइन् भनेर डराइन्।



बुहारीकी आमाले सम्धिनीसित छोरीका बारेमा प्रश्न गरिन्। सासूले भनिन्- हजुरकी छोरीले निकै राम्रो गरिरहेकी छिन्। हजुरले उनलाई निकै राम्रो तालिम दिनुभएको रहेछ। एकैछिनमा दुवैका कुरा सकियो। बुहारीले सासूलाई सोधिन्- म त कुनै पनि काम सही ढंगले गरिरहेकी छैन। तैपनि, हजुरले किन आमासित मेराबारेमा त्यस्तो भन्नुभयो ? सासूले भनिन्- हेर बुहारी, काम भनेको त सिक्दै जाने हो। मैले तिमीलाई काम सिकाउन बाँकी नै छ। जब मैले काम सिकाइसक्छु, त्यतिखेर गल्ती गऱ्यौ भने म तिमीलाई हप्काउँछु पनि होला। किनकि, त्यतिखेर म तिम्रो गुरु हुनेछु। तर, अहिले सिकाउँदै नसिकाई कसरी तिम्रोबारे नराम्रा कुरा भन्न सक्छु त म ? फेरि तिम्रो र मेरो कुरा भनेको त हाम्रो घरभित्रको समस्या हो। म कसरी सम्धिनीज्यूसित आफ्नो घरको कुरा सुनाउन सक्छु ? यस्ता कुरा अरूलाई सुनाउन थालियो भने हाम्रो सम्बन्ध बिग्रन पनि सक्छ। त्यसैले, तिमीले पनि यो कुरा राम्ररी बुझिराख, घरको कुनै पनि कुरा कहिल्यै बाहिर कसैलाई नबताउनू। मलाई यो कुरा मेरी सासूआमाले बताउनुभएको थियो, आज म तिमीलाई बताइरहेकी छु। बुहारीले आँखाभरि आँसु पारेर सासूआमालाई गम्लंग अँगालो हालिन् र सुँकसुकाउँदै भनिन्- आमा, हजुरले दिएको गुरुमन्त्रलाई म जीवनभर भुल्नेछैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यस्ता विडम्बनाको अन्त्य होस्

'मधेशमा ५२ करोडका ल्याब अलपत्र' शीर्षकको समाचार पढियो। यो देशमा यस्ता विडम्बना बारम्बार दोहोरिइरहन्छन्। मधेशमा सर्वसाधारणलाई सेवा प्रदान गर्न विभिन्न स्थानीय तहमा ५२ करोडभन्दा बढी खर्चेर तयार गरिएका ल्याब छन्। तर, जनशक्ति, केमिकल र व्यवस्थापन अभावले ती सबै प्रयोगशाला प्रयोगविहीन अवस्थामा रहेको समाचार सायद नयाँ सरकारका प्रधानमन्त्रीदेखि सम्बन्धित विभागीय मन्त्रीले पनि देखे होलान्। के यो सरकारले ती प्रयोगशाला सञ्चालनमा ल्याउन सक्ला त ? के यस्तो विडम्बनापूर्ण अवस्थाको अन्त्य होला त ?

● **सुरज राई,** राजविराज, सप्तरी

स्वास्थ्य बिमालाई प्रभावकारी बनाऊ

सरकारले सय दिनमा गर्ने सय कार्ययोजनामा स्वास्थ्य बिमा नसमेटिए पनि छिटै आकार र आबद्धता बढाउने गरी नयाँ कार्ययोजना ल्याउने तयारी रहेको सुन्दा केही हदसम्म खुसी लाग्यो। तर, यसलाई कसरी व्यवस्थित गरिन्छ, त्यसले मात्र खुसीको मात्रा बढाउने या घटाउने भन्ने निर्धारण गर्नेछ। किनकि, स्वास्थ्य बिमाको सेवा लिन विगतमा जस्तै झन्झटिलो प्रक्रिया बनाइयो भने त्यसको कुनै अर्थ हुनेछैन। त्यसमा सहजीकरण गरी सजिलो बनाऊ।

● **पूर्णिमा शाक्य**
मालीगाउँ, काठमाडौं

कांग्रेस सिध्याउने दाउ

यतिखेर कांग्रेसमा पूर्वसंस्थापन पक्षले आफूले पार्टीसत्तामा कब्जा जमाउन नपाए त्यसलाई सिध्याएरै छाडिदिने लक्ष्य लिएका छन् कि जस्तो देखिँदै छ। उनीहरू संवैधानिक निकाय निर्वाचन आयोगले मान्यता दिएको र गत महाधिवेशनका ६० प्रतिशतभन्दा बढी प्रतिनिधिको उपस्थितिमा सम्पन्न सभ्य र भव्य विशेष महाधिवेशनलाई स्विकार्ने चाहँदैनन्। उनीहरूलाई आफ्नो भाग खोसियो भन्ने मात्र चिन्ता छ। कांग्रेस बचाउने भए उनीहरूले यो रडाको छाडेर आगामी महाधिवेशनको तयारीमा जुट्नुपर्छ।

● **सुवीन्द्र कोइराला,**
सातदोबाटो, ललितपुर

वृद्धभत्ताको उमेर हद नबढाऊ

प्रधानमन्त्री बालेन्द्र शाहसामु आमज्येष्ठ नागरिकको अपिल छ, सरकारले दिँदै आएको ज्येष्ठ नागकरिक भत्ताको उमेर हद नबढाऊ। बरु सक्छौ भने उमेर हद घटाउने काम गर। यसले हुँदा खाने ज्येष्ठ नागरिकलाई राहत मिल्छ। कतिपय ज्येष्ठ नागरिकले त्यही पैसाले औषधि सेवन गर्न पाएका छन्। कतिपयको घरखर्च चलेको छ। यस्तो अवस्थामा सरकारले गर्न लागेको उमेर हद बढाउने निर्णय सरासर गलत छ। राज्यले दिँदै आएको स्वास्थ्य बिमा हटेको छ। यो किन हटाइयो, थाहा भएन। सरकार, सक्छौ भने पूर्वीभिभिआइपी राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुखजस्ता पदमा बसेका उच्चपदस्थ व्यक्तिहरूको सेवासुविधा कटौती गर। राजनीतिमा लागेर जसको केही छैन, त्यसलाई राज्यले हेर्नुपर्छ, तर अकुत आफ्नो सम्पत्ति भएकाहरूलाई राज्यले किन हेर्नुपर्ने हो ? अमेरिकाका राष्ट्रपति रिटायर्ड भएपछि आफ्नो व्यवसाय गरेर बस्न मिल्छ भने हाम्रा उच्चपदस्थलाई चाहिँ जनताले सधैं पाल्नुपर्ने ? यो कस्तो नीति सरकार ?

ज्येष्ठ नागरिक कहिले भत्ता आउला र सकिएको औषधि ल्याउन पाइएला भनेर कुरेर बसेका हुन्छन्। तिनको आँसु झार्ने काम नगर। ७५ वर्षमा वृद्धभत्ता दिनु भनेको नदिनुबराबर हो। राज्यले ज्येष्ठ नागरिकलाई सम्मान गर्ने हो भने ६० वर्षमा बृद्धभत्ता दिनुपर्छ। धेरै ठुला काम गर्न पर्दैन सरकार, सानै कामले पनि नेपाली जनता खुसी हुन्छन्। ६० वर्षमै वृद्धभत्ता दिइयो भने पनि कति नै दिनुपर्ला र ? राज्यले ज्येष्ठ नागरिकलाई सम्मान गर्दैन भने यो सरकार हाम्रो हो भनेर कसरी स्विकार्ने ?

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

नयाँ सरकारको युवाकेन्द्रित रोडम्याप आवश्यक

सरकारले प्राविधिक, डिजिटल र उत्पादनमूलक क्षेत्रमा ठुलो स्तरमा रोजगारी सिर्जना गरी युवालाई देशभित्रै अवसर प्रदान गर्नुपर्छ



● सरोज बानियाँ

नेपाल आज एक महत्त्वपूर्ण मोडमा उभिएको छ, जहाँ देशको भविष्य निर्धारण गर्ने प्रमुख शक्ति बनेर युवापुस्ता नेतृत्व तहमै अगाडि आएको छ। बदलिँदो विश्व परिवेश, प्रविधिको तीव्र विकास र बढ्दो प्रतिस्पर्धाबिच नेपालले अब युवालाई केन्द्रमा राखेर नीति-निर्माण गर्नुपर्ने आवश्यकता भन्भन् स्पष्ट बन्दै गएको छ। यही सन्दर्भमा गत २१ फागुनको निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पाएको दुईतिहाइनिकट बहुमतको शक्तिमा बालेन्द्र शाहको नेतृत्वमा बनेको वर्तमान सरकारले युवालाई प्राथमिकतामा राख्दै दीर्घकालीन विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सक्नुपर्छ। हाम्रो देशको संविधानअनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भन्ने गरिएको छ। कुल जनसंख्याको ४२.५६ प्रतिशत युवा रहेको हुनाले यो मुलुकमा आमूल परिवर्तन गर्न सजिलो पनि छ। युवा नीति २०८२ अनुसार १८ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनी परिभाषित गरिएको छ।


नवगठित सरकारले सबैभन्दा पहिले राष्ट्रिय युवा वर्ष घोषणा गर्दै देशव्यापी रूपमा युवाको क्षमता, सिर्जनशीलता र नेतृत्व विकासमा केन्द्रित अभियान सञ्चालन गर्नु आवश्यक छ। साथै, राष्ट्रिय युवा परिषद्लाई प्रभावकारी, स्वतन्त्र र सक्षम नेतृत्वमार्फत सञ्चालन गर्दै नीतिगतस्तरमै युवाको आवाज सुनिश्चित गर्नुपर्ने देखिन्छ।

सरकारले अघि सार्नुपर्ने पहिलो प्राथमिकता हो- राष्ट्रिय युवा रोजगार अभियान। प्राविधिक, डिजिटल र उत्पादनमूलक क्षेत्रमा ठुलो स्तरमा रोजगारी सिर्जना गर्दै युवालाई देशभित्रै अवसर प्रदान गर्नुपर्छ। यससँगै, स्टार्टअप तथा युवा उद्यमशीलता कोष स्थापना गरी नवप्रवर्तनशील सोच भएका युवालाई 'सिडफन्ड', सहुलियतपूर्ण ऋण र अनुदान उपलब्ध गराउनु आजको आवश्यकता हो।

सीप र प्राविधिक शिक्षामा क्रान्ति अर्को महत्त्वपूर्ण पक्ष हो। आइटी, एआई, डिजिटल सीप, इन्जिनियरिङ र व्यावसायिक तालिमलाई प्राथमिकता दिँदै शिक्षालाई विश्वबजारसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउनु आवश्यक छ। त्यस्तै, नीति-निर्माणमा युवाको सहभागिता सुनिश्चित गर्दै सबै तहमा युवा सल्लाहकार परिषद् गठन गर्नुपर्ने देखिन्छ।

नेपाललाई डिजिटल युगसँग जोड्न डिजिटल नेपाल तथा आइटी हब निर्माण अपरिहार्य छ। 'टेक्नोलोजी पार्क', 'स्टार्टअप इकोसिस्टम' र डिजिटल सेवा विस्तारमार्फत नेपाललाई दक्षिण एसियाकै प्रतिस्पर्धी सूचना प्रविधिको केन्द्र बनाउन सकिन्छ।

कृषि क्षेत्रमा पनि युवाको आकर्षण बढाउन आधुनिक



कृषि र 'एग्रोटेक' उद्यमशीलता प्रवर्द्धन गर्नुपर्छ। यसले खाद्य सुरक्षा मात्र होइन, रोजगारी सिर्जना र आयवृद्धि पनि सुनिश्चित गर्नेछ। त्यसैगरी, शिक्षा प्रणालीमा सुधार गर्दै यसलाई रोजगारमुखी, अनुसन्धानमुखी र प्रविधिमैत्री बनाउनु आजको आवश्यकता हो। ग्रामीण विकासका लागि ग्रामीण पर्यटन, होमस्टे र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ।

युवा सशक्तीकरणका लागि नेतृत्व विकास कार्यक्रम, फेलोसिप तथा नमुना युवा संसद्जस्ता कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै, पारदर्शी र प्रविधिमैत्री शासन प्रणाली निर्माण गर्दै सरकारी सेवालाई डिजिटल र प्रभावकारी बनाउनु जरुरी छ। यसका अतिरिक्त, सरकारले राष्ट्रिय युवा नवप्रवर्तन केन्द्र, नेपाल फर्क अभियान, 'ब्रेन ग्रेन' अभियान, राष्ट्रिय स्वयंसेवक अभियानजस्ता योजनामार्फत युवालाई अनुसन्धान, सेवा र उद्यमशीलतासित जोड्न सक्नुपर्छ।

सहरी क्षेत्रमा काम गर्ने युवाका लागि 'एफोडेबल हाउजिङ' कार्यक्रम, खेलकुदका लागि खेलकुद विकास कार्यक्रम र वातावरण संरक्षणका लागि 'युथ क्लाइमेट एक्सन' कार्यक्रमजस्ता पहल पनि उत्तिकै आवश्यक छन्। त्यस्तै, संगीत, फिल्म, 'डिजिटल कन्टेन्ट'लगायत क्षेत्रमा क्रिएटिभ उद्योग प्रवर्द्धन गर्दै युवालाई नयाँ अवसर दिन सकिन्छ। युवा नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्वतन्त्र कार्यान्वयन निकाय स्थापना गर्नुका साथै अनुभवी व्यक्तिसँग युवालाई जोड्ने 'नेसनल मेन्टरसिप नेटवर्क' विकास गर्नुपर्ने देखिन्छ।

यदि यी र यस्ता एजेन्डालाई स्पष्ट योजना, दृढ नेतृत्व र पारदर्शी कार्यान्वयनका साथ अघि बढाइयो भने नेपाललाई नवप्रवर्तन, उद्यमशीलता र युवा नेतृत्वको केन्द्रका रूपमा स्थापित गर्न कठिन हुनेछैन।

(बानियाँ नेपाल युवा परिषद्का अध्यक्ष हुन्)

इरानले अहिलेसम्म युद्ध नहार्नुको कारण केवल तेल र ड्रोन मात्र होइन

नेताहरूको हत्या र बमबारीले मात्र इरानलाई हराउन र आत्मसमर्पण गर्न बाध्य पार्न सकिँदैन, त्यसका लागि लामो युद्ध आवश्यक पर्नेछ, जसको सम्भावना अहिले कमजोर देखिएको छ



इरान युद्ध एक महिना पूरा भएको छ। युद्धको सुरुमा अमेरिका र इजरायलको संयुक्त सैन्य शक्तिको सामना गर्न इरान असमर्थ हुने ठानिएको थियो। दुई देशले हवाई शक्तिबाटै इरानलाई परास्त गर्ने केहीको विश्लेषण थियो। तर, त्यस्तो केही भएन। कम्तीमा एक महिनासम्म इरानले दुई श्रेष्ठ सैन्य शक्तिको सामना गरिरहेको छ। भलै इरानले युद्ध जितेको नहोला, तर उसले हारेको पनि छैन र सम्भवतः त्यस्तो अवस्था आउने पनि छैन।

आखिर इरानको शक्तिको आधार के हो ? यसका मुख्यतः चार सम्भावित सबलता देखिन्छन्। चारमध्ये दुई पक्षको त व्यापक रूपमा छलफल भइरहेको छ, तर बाँकी दुई पक्षबारे त्यति बहस भएको छैन। तथापि, ती दुई पक्ष पनि विश्लेषणका लागि महत्त्वपूर्ण छन्। पहिलो कारण तेलको मूल्यमा भएको वृद्धि हो। अहिले बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल १५० अमेरिकी डलरसम्म पुग्ने खतरा बढेको छ। इतिहासकै उच्च मूल्य प्रतिब्यारेल १४७.५० डलर पुगेको थियो, जुन मूल्य जुन २००८ मा पुगेको थियो। यदि मूल्य फेरि यति धेरै बढ्यो भने यसले विश्वव्यापी अर्थतन्त्रमा ठुलो प्रभाव पार्नेछ।



● आशुतोष वार्स्ने
लेखक ब्राउन विश्वविद्यालयमा राजनीतिशास्त्रका प्राध्यापक हुन्।

मूल्यवृद्धिको प्राथमिक चालक यसपटक स्टेट अफ हर्मुजमा इरानले गरेको व्यावसायिक जहाजको अवरोध हो। विश्वको महत्त्वपूर्ण समुद्रीमार्गमा जहाज रोक्ने क्षमताले इरानलाई ठुलो लाभ दिएको छ। विश्वको तेल व्यापारको २० प्रतिशत र दक्षिण एसियाली शक्ति भारतको तेल आयातको लगभग आधा हर्मुजबाट बाहिरिनुपर्छ। विश्वको प्राकृतिक ग्यास निर्यातको लगभग २० प्रतिशत पनि यसै समुद्री मार्गबाट भएर गुज्रिनुपर्छ। अझ भारतको तरल प्राकृतिक ग्यास (एलएनजी) आयातको ६० प्रतिशत र तरल पेट्रोलियम ग्यास (एलपिजी) को लगभग ८५ देखि ९० प्रतिशत हिस्सा स्टेट अफ हर्मुजको जलडमरुबाट आउँछ।

हर्मुजको प्रभाव एसियामा मात्र सीमित छैन। संयुक्त राज्य अमेरिका र पश्चिम युरोपका सवारीसाधन धनीलाई असर पर्न थालिसकेको छ। तेलको मूल्यले त्यहाँको घरायसी बजेटमा महत्त्वपूर्ण प्रभाव पार्ने गर्छ। अमेरिकामा केही महिनामै (नोभेम्बर) मध्यावधि चुनाव हुनेवाला छ। चुनावी समयमा कुनै पनि अमेरिकी सरकारलाई तेलको उच्च मूल्यले असर गर्ने गर्छ। बजारमा तेलको मूल्य धेरै बढ्न नदिन भनेर अमेरिकाले अहिले तेलको आपूर्ति बढाउन रुसी तेलमाथिको प्रतिबन्ध अस्थायी रूपमा हटाएको छ। अझ, विरोधाभासपूर्ण रूपमा इरानकै तेलमाथिको विगतको प्रतिबन्धमा केही राहत पनि दिएको छ।

ड्रोन अर्थात् 'कमजोरहरूको हतियार'

इरानको शक्तिको अर्को शक्ति सस्तो हतियार हो। मैले पहिले पनि भनेजस्तै ड्रोनहरूले आधुनिक युद्धको प्रकृति नै परिवर्तन गरिदिएका छन्। रुस-युक्रेन युद्ध यस परिवर्तनको प्रमुख उदाहरण थियो। ड्रोनहरूको उच्च प्रयोग गरेर युक्रेनले विशाल रुसी सेनाको सामना गर्न सक्षम भयो र चार वर्षपछि पनि युक्रेनी फौज अपराजित छ। इरानले अहिले उस्तै शक्ति प्रदर्शन गरिरहेको छ।

विकासको क्षेत्रमा प्रचलित एक विचारलाई युद्धमा समेत लागू गर्न सकिन्छ। त्यस विचारअनुसार ड्रोनहरू 'कमजोरहरूका हतियार' हुन्। कृषि क्षेत्रको गहिरो अध्ययनपछि येल विश्वविद्यालयका प्राध्यापक जेम्स स्कटले प्रस्ताव गरेको यो विचारअनुसार साना किसानले कहिलेकाहीं ठुला जग्गाधनीको शक्तिलाई कमजोर पार्न सक्छन्। तिनीहरूले ठुलो मात्रामा खुला विरोधको सट्टा साना माध्यमबाट प्रतिरोध गरे। ठुला विरोध सजिलै पहिचान गर्न र दबाउन सकिन्थ्यो, तर साना विरोधलाई नियन्त्रण गर्न गाह्रो थियो।

इरानले प्रयोग गर्ने एउटा ड्रोनको मूल्य लगभग १५ हजारदेखि ३० हजार अमेरिकी डलरसम्म पर्छ। यसको तुलनामा तिनीहरूलाई रोक्न सक्ने मिसाइलको मूल्य २० लाख डलरदेखि ४० लाख डलरसम्म पर्छ। विशाल आकारका कारणले मिसाइल उत्पादनका लागि ठुलो संरचना आवश्यक पर्छ, जुन सहजै दृश्यमा पर्न सक्छ र आक्रमणको निसानामा पर्छ। तर, ड्रोन उत्पादन सानो स्तरमै गर्न सकिने भएकाले तिनलाई सजिलैसँग सावधानीपूर्वक लुकाउन सकिन्छ। इरानले यसरी बनाएको ठुलो संख्याको ड्रोन प्रयोग गरेर खाडी देशलाई निसाना बनाइरहेको छ। खाडी देशमाथि आक्रमण बढ्यो भने ऊर्जाको मूल्य अझ बढ्नेछ। ड्रोनहरूले दुबईको सुरक्षित लगानीस्थलको छविलाई ध्वस्त बनाउन सक्छन्, जसले प्रवासीलाई स्वागत गर्दैं, समाजिक समावेशीकरण तथा शान्तिको प्रवर्द्धन गर्दैं, अरब संसारमा नयाँ बाटो बनाउँदै आएको छ। यही कारण पछिल्लो समय दुबई विश्वभरका लगानीकर्ता र व्यवसायीको केन्द्र बन्दै गएको थियो।

इरान अझै पराजित नभएको तेस्रो कारण इस्लामिक क्रान्तिपछि स्थापित वर्तमान शासनको संगठनात्मक संरचनासँग सम्बन्धित छ। सन् १९८० को दशकमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनका नजिकका सल्लाहकार राजनीतिक वैज्ञानिक जिन किर्कप्याट्रिकले तानाशाही र अधिनायकवादी शासनबिचको महत्त्वपूर्ण भिन्नता प्रस्तुत गरेका थिए। उनका अनुसार एक तानाशाही व्यवस्थाले केवल राजनीतिक जीवनलाई नियन्त्रण गर्छ, जबकि एक अधिनायकवादी व्यवस्थाले राजनीति र समाज दुवैलाई नियन्त्रण गर्छ। अर्थात्, अधिनायकवादी शासनले देशका नागरिकको जीवनको हरेक पक्षले जनाउने असहमतिलाई दबाउँछ। किर्कप्याट्रिकले त्यति बेलाको इजिप्ट र पाकिस्तानलाई तानाशाही व्यवस्थाको रूपमा चित्रित गरेका थिए भने क्युबा र सोभियत संघजस्ता देशलाई सर्वसत्तावादी व्यवस्थाको उदाहरणका रूपमा उद्धृत गरे।

इरानमा सन् १९७९ मा धार्मिक क्रान्ति भयो र त्यसबेलादेखि नै देश सर्वसत्तावादी शासनअन्तर्गत शासित छ। त्यसै बेलादेखि समाजलाई नियन्त्रण गर्न र असहमतिलाई दबाउन दुई प्रकारका संस्था सिर्जना गरिए, नागरिक र सैन्य संस्था। नागरिक संस्थालाई विश्वविद्यालयहरू, मस्जिदहरू र बजारहरूमा पुगेर सरकार समर्थक विचार फैलाउने काममा लगाइयो। सैन्य संस्थामा इस्लामिक रिभोलुस्नरी गार्ड्स् कोर्प्स (आइआरजिसी) समावेश छ, जसले सर्वोच्च नेतालाई सीधै रिपोर्ट गर्छ। यो नियमित सेनाबाट अलग छ र लगभग एक लाख पचास हजारदेखि एक लाख नब्बे हजार सैनिकहरू मिलेर बनेको छ।

रिभोलुस्नरी गार्ड्सको प्राथमिक कार्य इस्लामिक क्रान्तिबाट गठित सत्ताको रक्षा गर्नु हो। यसको सैन्य एकाइ देशका सबै प्रान्तदेखि सहरहरू फैलिएका छन्। यसबाहेक, आइजिआरसीको अर्धसैनिक एकाइ पनि छ, जसलाई बासिज भनिन्छ। पाँच लाखभन्दा बढी स्वयंसेवक मिलेर बनेको बासिज खासमा शासनविरुद्ध उठ्ने विरोध र असहमतिलाई कडा दमनका लागि परिचित छ। धार्मिक व्यवस्थासँग जोडिएको यो प्रमुख क्रान्तिकारी संगठनले दुई कुरा सुनिश्चित गर्ने प्रयास गरेको छ। पहिलो, यदि वर्तमान नेता मारिए भने नयाँ नेताद्वारा शासनको निरन्तरता सुनिश्चित गर्ने। दोस्रो, यदि सरकारविरुद्ध आन्दोलन उठ्यो भने तिनलाई दबाउने। यस युद्धको सुरुमै सर्वोच्च नेतालाई मारेर शासन परिवर्तन गर्ने प्रयास इरानको धेरै बलियो संगठनात्मक संरचनाले गर्दा असफल भयो।

सहादतलाई उत्सवका रूपमा मनाउने समाज

इरानले अझै हार नमान्नुको चौथो कारण इरानको आधिकारिक सिया धर्मको अद्वितीय चरित्रसँग सम्बन्धित छ। धार्मिक विद्वान् र विज्ञमाझ यो कुरा प्रख्यात छ कि सहिद अवधारणा सिया धर्मको आधारभूत अवधारणामा पर्छ। सिया धर्मका संस्थापक र पैगम्बर मोहम्मदका ज्वाइँ अली र उनका कान्छा छोरा हुसेन दुवै सहिद भए। करबलाको युद्धलाई सिया इतिहासको सबैभन्दा महत्त्वपूर्ण घटना मानिन्छ, जुन समुदायको सामूहिक स्मृतिमा गढेको मानिन्छ। सन् ६८० मा हुसेनलाई उमयाद खलिफा याजिदको ठुलो सेनाले घेरेर आक्रमण गरेको थियो। करबलामा हुसेनले आफ्ना धेरै नातेदार र साथीसँगसँगै सहादत स्वीकार गरे। तर, अन्यायी शासकप्रति बफादारीको शपथ लिन अस्वीकार गरे।

सियाहरूका लागि महत्त्वपूर्ण मुहर्रम महिनामा ठूला जमघट र घरमा सुनाइने शोकपूर्ण श्लोकले सहिदको भावनाको सम्झना गराउँछन्। भारतभित्रको एउटा महत्त्वपूर्ण सिया सहर लखनउमा मैले व्यक्तिगत रूपमा ठुला मण्डलीले यस्तो श्लोक वाचन गरेको देखेको छु। मुहर्रमको एक प्रमुख भाग हुसेनको मृत्युको दश दिने सार्वजनिक सम्झना हो। करबलाको युद्धलाई प्रत्येक वर्ष सार्वजनिक सहभागितामार्फत नाट्य रूप दिइन्छ, जसले यसलाई जीवित परम्परा बनाउँछ। यसकारणले गर्दा सहिदको भावना, वा एक सिया साथीले भनेझैं 'जिद्दी मृत्युको महिमा गर्ने', लाखौँ सियाहरूको हृदयमा गहिरो रूपमा जरा गाडेको छ। यो ती व्यक्तिहरूमा पनि लागू हुन्छ, जो अब धार्मिक छैनन्, तर संस्कृतिको रूपमा सिया परम्परालाई त्याग्न गाह्रो महसुस गर्छन्। उदाहरणका लागि हिन्दी फिल्म हकिकत (१९६४) का लागि गीत लेखेका सिया परिवारमा जन्मेर पछि मार्क्सवादी बनेका भारतीय सिनेमाका एक प्रमुख कवि कैफी आजमीले भारत-चीन युद्धमा सहिद भएका सैनिकका लागि सिया इतिहासबाट प्रतीक उधारो लिएर लेखेको थिए, 'जिन्दा रहने के मौसम बहुत है मगर, जान देनेकी रुत रोज आती नही (बाँच्नका लागि मौसम त धेरै छन्, तर आफ्नो जीवन बलिदान गर्ने समय हरेक दिन आउँदैन)।'

आजमीका कवितामा सिया प्रतीकहरू बारम्बार देखा पर्छन्, जुन प्रायः धर्मभन्दा बाहिरका उद्देश्यका लागि प्रयोग गरिन्छ। आजमीको उदाहरणले पनि व्यक्तिमा धर्म वा यो सन्दर्भमा सिया संस्कृति कति गहिरो रूपमा गाँसिएको छ भनेर देखाउँछ, भलै व्यक्तिको विश्वास परिवर्तन नै किन नहोस्। सिया विश्वासमा सहिदलाई दिइएको महत्त्वले यस युद्धलाई स्पष्ट रूपमा असर गरेको छ। सिया समाजमा सामान्यतया पीडा र पीडाका लागि उच्च सहिष्णुतालाई जोड दिइन्छ। नेताहरूको हत्या र भारी बम विस्फोट जतिसुकै तीव्र भए पनि संघर्षले महत्त्व पाउँछ, हार र आत्मसमर्पणले होइन।

युद्ध लामो र कठिन भए यसले ऊर्जाको मूल्यमा उल्लेखनीय वृद्धि, विश्व अर्थतन्त्रमा धक्का र खाडी देशहरू, विशेषगरी दुबई र युएईको विकास मोडेललाई हानि पुऱ्याउन सक्छ। त्यसैले, लामो समय युद्धको सम्भावना कम भएको मानिन्छ। तर, जे भए पनि इरान भेनेजुएला होइन भन्ने पुष्टि भएको छ।

- द प्रिन्टबाट

इतिहासमा आज

अप्रिल १

सन् २००४ : गुगलले आफ्नो इमेल सेवा 'जिमेल'को घोषणा गऱ्यो। सुरुमा कम्पनीबाट 'अप्रिल फुल' गरिएको ठानिएको यस उत्पादनले हाल इमेल क्षेत्रमा प्रभुत्व जमाएको छ।

● **सन् १७४८** : प्राचीन पोम्पेय सहरको भग्नावशेष स्पेनिस सैन्य इन्जिनियर गोक जाओकिन डे अल्कुबिएरेले पत्ता लगाए। सो सहर सन् ७९ को विशाल ज्वालामुखीमा सल्लै पुरिएको थियो।

● **सन् १७७८** : न्यु ओर्लियन्सका व्यवसायी ओलिभर पोलोकले अमेरिकी डलर जनाउन हाल व्यापक प्रचलनमा रहेको अंग्रेजी वर्णमालाको 'एसलाई बिचबाट एक धर्कोले काटे'को चिह्न यसै दिन सार्वजनिक गरे।

● **सन् १८६७** : दक्षिण-पूर्वी एसियामा रहेका ब्रिटिस उपनिवेशहरू सिंगापुर, पेनाङ र मलाका क्षेत्रलाई कोलकाताको ब्रिटिस इन्डियाको शासनबाट अलग गरेर प्रत्यक्ष ब्रिटिस शासनमा ल्याइयो।

● **सन् १८९१** : लन्डन र पेरिसबिच पहिलो सिधा टेलिफोन सम्पर्क स्थापित भयो।

● **सन् १९३६** : ब्रिटिस शासकहरूले बिहार, बेंगाल र मद्रास प्रेसिडेन्सीको ओडियाभाषीको बाहुल्यता रहेको क्षेत्रलाई जोडेर अलग 'ओरिया प्रोभिन्स' गठन गरे। यो ब्रिटिस भारतमा भाषाका आधारमा गठन गरिएको पहिलो राज्य थियो।

● **सन् १९३८** : स्विट्जरल्यान्डमा 'नेसक्यापे' नामक कम्पनी सार्वजनिक भयो, जसले विश्वमा पहिलोपटक सहजै पानीमा घुल्ने कफी पाउडरको बिक्री सुरु गऱ्यो।

● **सन् १९४६** : ब्रिटिस शासकले नौवटा मलेयबहुल राज्यलाई मिलाएर 'मलेयान युनियन' घोषणा गऱ्यो। संघबाट यसै क्षेत्रको सिंगापुरलाई भने अलग राखिएको थियो।

● **सन् १९४८** : 'फिजिकल रिभ्यु' नामक म्यागजिनमा 'द ओरिजिन अफ केमिकल एलिमेन्ट' नामक आलेख प्रकाशित गर्दै अमेरिकन खगोलशास्त्री राल्फ अल्फर, हान्स बेथ र जर्ज गामोहरूले बिग ब्याङ (महाविस्फोटन) सिद्धान्त प्रस्तुत गरे।

● **सन् १९६४** : ब्राजिलका जनरल क्यास्टेलो ब्रान्कोले राष्ट्रपति जोआओ गुलार्टलाई अपदस्थ गरेर २१ वर्ष लामो सैन्य शासनको जग हाले।

● **सन् १९७६** : दुई अमेरिकी युवा स्टिभ जब्स र स्टिभ ओजनिकले कुपरटिनोस्थित जब्सको अभिभावकको ग्यारेजमा 'एप्पल कम्प्युटर'को सुरुवात गरे।

● **सन् १९७९** : इरानका राजा अपदस्थ भएपछि गरिएको जनमतसंग्रहले सहमति जनाएसँगै देशलाई इस्लामिक गणतन्त्र घोषणा गरियो।

● **सन् २००१** : नेदरल्यान्ड समलिंगी जोडीको विवाहलाई कानुनी मान्यता दिने विश्वको पहिलो मुलुक बन्यो।

युद्धका कारण इरानदेखि लेबनानसम्म ४० लाख मानिस विस्थापित



● आलिया चुगताई
चुगताई खोज पत्रकार हुन्।



संयुक्त राज्य अमेरिका र इजरायलद्वारा सुरु गरिएको युद्धले इरानमा एक हजार ५०० भन्दा बढी मानिसको मृत्यु भएको छ। वास्तविक गणना अझै सुरु भएको छैन। अर्थात्, युद्धबाट मारिनेको वास्तविक संख्या तत्काल आकलन गर्न पनि कठिन हुन्छ। युद्ध समाप्त भएको महिनौंपछि पनि तथ्यांक आइरहन्छ, किनकि युद्धका क्रममा ठुलो संख्यामा मानिस हराइरहेका हुन्छन्। तर, युद्धबाट भएको विनाशले देशमा ठुलो मात्रामा विस्थापन पनि निम्त्याएको छ, संयुक्त राष्ट्र शरणार्थी एजेन्सी युएनएचसिआरले अनुमान गरेको छ कि फेब्रुअरी २८ मा अमेरिका-इजरायली आक्रमण सुरु भएदेखि ३२ लाख मानिस (कुल जनसंख्याको तीन प्रतिशतभन्दा बढी) पहिले नै इरानभित्र विस्थापित भइसकेका छन्। हाल इरानको जनसंख्या नौ करोड ३० लाखभन्दा बढी छ।

इरान युद्ध सुरु भएको मंगलबार ३२ दिन पूरा भएको छ। एक महिनादेखि निरन्तर युद्ध हुँदा पनि सहायता निकाय र इरानको सीमामा रहेका अन्य देशले सम्भावित शरणार्थी संकटका लागि आफूहरूलाई तयार पारिरहेका छन्, किनकि नागरिक हिंसाबाट भाग्न थालेका छन्। सीमापार प्रवाह सीमित छ र धेरै हदसम्म आर्थिक वा छोटो अवधिको छ। इरानसँग सीमा जोडिएको अफगानिस्तानमा विस्थापितहरूको प्रवाह बढिरहेको छ। धेरैजसो आगमन इरानबाट फर्केका अफगानी हुन्, जसले असुरक्षाका कारण जबर्जस्ती देश छाड्न बाध्य भएको बताएका छन्। पाकिस्तानले कुनै शरणार्थी प्रवाहविना नागरिक वा व्यापारीद्वारा मात्र कानुनी प्रविष्टिलाई रिपोर्ट गर्छ। टर्किए, तुर्कमेनिस्तान र अजरबैजानले स्थिर सिमाना, सीमित अधिकृत क्रसिङहरू र तेस्रो देशका नागरिकको कहिलेकाहीं निकासी रिपोर्ट गर्छ।

इराकमा संकटको कारण देखाउँदै सानो मात्रामा फर्किएका इरानी नागरिकले सीमापार गरेका छन्। इरानभित्र मानिसलाई उनीहरूको घरको भग्नावशेषबाट बाहिर निकाल्न बाध्य पारिएको छ र धेरै अस्पताल, आणविक सुविधा, रिफाइनरी र डिसेलिनेसन प्लान्ट प्रभावित भएका छन्। अमेरिका र इजरायलले ऊर्जा सुविधामा हमला गर्दा कतिपय क्षेत्रको जनजीवन कष्टकर बनेको छ। इरानमा जमिनमा दबाब बढ्दै गएको छ किनकि युद्ध सुरु भएदेखि ८५ हजार १७६ भन्दा बढी नागरिक स्थल क्षतिग्रस्त भएका छन्, जसमा २८२ स्वास्थ्य सेवा सुविधा, ६०० विद्यालय र ६४ हजार ५८३ घर समावेश छन्।

सहर प्रशासनले स्थानीय सञ्चार माध्यमलाई बताएअनुसार तेहरानमा मात्र राजधानीमा लगभग १४ हजार आवासीय एकाइ क्षतिग्रस्त भएका छन् र ६ हजारभन्दा बढी मानिसलाई नगरपालिकाका होटलमा राखिएको छ। आवश्यक सेवामा अवरोधको बढ्दो जोखिमले चौतर्फी जटिलता निम्त्याएको छ। जनजीवन सामान्य अवस्थामा फर्किने कुनै टुंगो नभएकाले सर्वसाधारणमा त्रास र अनिश्चितता बढेको छ। युद्धले पुऱ्याएको मानसिक आघातले विशेषगरी महिला तथा बालबालिका पीडित छन्। दिनहुँको मिसाइल प्रहार, ठुल्ठुला विस्फोटका आवाज र धुवाँको मुस्लोले कलिला बालबालिकाको मनोदशा नै खलबलिएको छ।

लेबनानमा मात्र १० लाखभन्दा बढी विस्थापित

इरान मात्र त्यस्तो देश होइन, जहाँ तीव्र गतिमा बढिरहेको युद्धले विस्थापन संकट निम्त्याएको छ। इजरायली सेनाले दक्षिणी लेबनानका बासिन्दाका लागि जबर्जस्ती विस्थापन आदेश विस्तार गरेको छ। लिटानी नदीदेखि जहरानी नदीको उत्तरसम्म र इजरायली सीमाबाट लगभग ४० किलोमिटर (२५ माइल) उत्तरका सर्वसाधारणलाई आफ्नो थातथलो छाड्न आदेश दिइएको छ।

नर्वेजियन शरणार्थी परिषद्का अनुसार इजरायलको व्यापक निकासी आदेशमा अहिलेसम्म एक हजार ४७० वर्ग किलोमिटर (५६८ वर्ग माइल) भन्दा बढी वा देशको लगभग १४ प्रतिशत भूभाग समेटेको छ। इजरायली दबाबका कारण लेबनानका १०० भन्दा बढी सहर र गाउँका बासिन्दा विस्थापनको जोखिममा छन्। उनीहरूमध्ये धेरैजसो देशभित्रै विस्थापनको त्रासमा छन्। कतिपय सुरक्षित क्षेत्रको खोजीमा छन्।

इजरायलका स्थल सेनाले पनि अब दक्षिणी लेबनानका केही भागमा आफ्नो वास्तविक कब्जा बढाउँदै लगिरहेका छन्। इजरायलले 'बफर जोन'का रूपमा वर्णन गरिएको विषयलाई यसपटक वास्तवमै सिर्जना गर्न चाहेको इजरायली अधिकारीले दाबी गरेका छन्। लेबनानमा लगभग पाँचमध्ये एकजना विगत दुई सातमा विस्थापित भएका छन्। यो भनेको कुल जनसंख्याको १८ प्रतिशत हो। यो भयावह अवस्थाले इरान युद्धका कारण छिमेकी देशले कति ठुलो मूल्य चुकाउन बाध्य छन् भन्ने पुष्टि हुन्छ। अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)का अनुसार दर्ता भएका विस्थापित व्यक्तिको कुल संख्या झन्डै साढे दश लाख पुगेको छ र सामूहिक आश्रयमा बस्ने विस्थापित व्यक्तिको संख्या एक लाख ३२ हजार नाघेको छ।

विस्थापनको गतिले देशको आश्रय क्षमतालाई उछिनेको छ। धेरै परिवार आवास सुरक्षित गर्न असमर्थ छन् र सामूहिक आश्रय भरिँदा सडक, सवारी साधन वा सार्वजनिक स्थानमा रात बिताइरहेका छन्। कतिपय विस्थापित सार्वजनिक पार्क, भवन र मैदानमा टाल टाँगेर बस्न बाध्य छन्। उनीहरूमध्ये धेरैका लागि यो पहिलोपटक होइन। विगत दुई सातामा दुई लाख ५० हजारभन्दा बढी मानिसले लेबनान छाडेका छन्, जुन फेब्रुअरीको अन्तिम दुई साताको तुलनामा ४० प्रतिशतले वृद्धि हो। धेरैजसो बाहिरी आवागमन छिमेकी सिरियातिर भएको छ। मार्च १७ सम्म एक लाख २५ हजारभन्दा बढी मानिसले सीमा पार गरेका थिए। यीमध्ये लगभग आधा बालबालिका छन्। धेरैजसो सिरियाली नागरिक छन् र उनीहरूमध्ये लगभग सात हजारले लेबनानी सीमा पार गरेका छन्।

दक्षिणी लेबनानका पुललाई बनाइयो निसाना

इजरायलले दक्षिणी लेबनानमा विभिन्न पुललाई निसाना बनाएको छ। उसले लिटानी नदी हुँदै देशलाई जोड्ने धेरै पुलमा आक्रमण गरेको छ। इजरायली सेनाले कास्मियेह, तटीय राजमार्ग पुल, अल-कान्तरा, खारदाली पुल, अल-दलाफा र जरैया-तिरसेफ्ले पुलमा मिसाइल प्रहार गरी हमला गरेको छ।

अलजजिराद्वारा प्रमाणित गरिएका स्थानको फुटेज र तस्बिरले प्रत्येक पुललाई विशेष रूपमा बम विस्फोट गरिएको देखाउँछन्। विस्फोटका कारण ती पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। यी लेबनानको दक्षिणलाई जोड्ने प्रमुख क्रसिङ थिए। इजरायली रक्षामन्त्री इजरायल काट्जले गत साता सेनालाई लिटानी नदीमाथिका सबै क्रसिङ र दुई देशबिचको सीमानजिकका घर ध्वस्त पार्न आदेश दिएका थिए।

इजरायली सीमानजिकैको लेबनानका लिटानी नदीका क्षेत्र तीनै स्थान हुन्, जहाँबाट कम्तीमा दश लाख मानिसलाई बाहिर निकालिएको छ। लेबनानी राष्ट्रपति जोसेफ आउनले पुलमा आक्रमण 'दक्षिणी लिटानी क्षेत्र र बाँकी लेबनानी क्षेत्रबिचको भौगोलिक सम्बन्ध तोड्ने प्रयास' भएको बताएका छन्। 'ती कार्य इजरायली सीमामा बफर क्षेत्र स्थापना गर्ने, कब्जाको वास्तविकतालाई बलियो बनाउने र लेबनानी क्षेत्रभित्र इजरायली विस्तार खोज्ने शंकास्पद योजनाभित्र परेका छन्,' उनले भनेका छन्।

-अलजजिराबाट

इजरायली संसद्बाट प्यालेस्टिनीलाई मात्र मृत्युदण्ड दिने कानुन पारित

तेलअभिभ/ इजरायलको संसद्ले घातक आक्रमणमा दोषी ठहरिएका प्यालेस्टिनीलाई मृत्युदण्ड दिने कानुन पारित गरेको छ। युरोपेली देशलगायत कैयौं अन्तर्राष्ट्रिय मानव अधिकार समूहले कानुनलाई भेदभावपूर्ण भन्दै कडा आलोचना गरेका छन्। यो कानुनले इजरायलको कब्जामा रहेको पश्चिम किनारका प्यालेस्टिनीहरू आतंकवादी गतिविधि मान्न सकिने घातक आक्रमणमा जानाजान संलग्न भएको सैन्य अदालतले ठहर गरे तिनले स्वतः मृत्युदण्डको सजाय पाउने व्यवस्था गरेको छ।

पारित विधेयकअनुसार मृत्युदण्डको सजाय सुनाइएकाहरूलाई छुट्टै जेलमा राखिनेछ। त्यस्तै, तिनलाई अधिकृत कर्मचारीबाहेक अरू कसैले भेटघाट गर्न पाउनेछैनन्। उनीहरूलाई भिडियो लिंकद्वारा मात्र कानुनी परामर्श दिन सकिनेछ। सजाय सुनाएको ९० दिनभित्र मृत्युदण्ड दिइसक्नुपर्ने कानुनले व्यवस्था गरेको छ। इजरायलको सरकारी टेलिभिजन केएएनका अनुसार दोषीलाई मृत्युदण्ड झुन्ड्याएर दिइनेछ।

नयाँ विधेयकको कार्यान्वयनसँगै अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हुन सक्ने र यसको कार्यान्वयनमा संलग्न इजरायली अधिकारी भविष्यमा विदेशमा पक्राउ पर्न सक्ने अधिकारकर्मीले चेतावनी दिएका छन्।

उसो त कानुन पारित भएकाले यो अब औपचारिक रूपमा लागू हुन्छ। तथापि, यसलाई इजरायलको सर्वोच्च अदालतले अझै पनि समीक्षा गरेर खारेज गर्ने अधिकारसम्म राख्छ। उता इजरायलमा नागरिक अधिकार क्षेत्रमा काम गर्ने संघसंस्थाले देशको सर्वोच्च अदालतमा यो कानुनविरुद्ध मुद्दा दायर गरिसकेका छन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १८ चैत ०८२

सुरु भएन बजेट लेखन

१५ चैतसम्म मन्त्रालयगत बजेटका कार्यक्रम र अंक प्रविष्ट गरिसक्ने व्यवस्था छ, तर सरकार भर्खरै बनेकाले बजेट लेखन सुरु नहुँदा एलएमबिआइएस अझै बन्द भएको छैन



केही दिनमा बजेट निर्माणले गति लिन्छ

● **घनश्याम उपाध्याय**
सचिव, अर्थ मन्त्रालय

निर्वाचनपछिको सरकार गठन र अर्थमन्त्रीको पदबहालीले ढिलाइ भए पनि केही दिनमा बजेट निर्माणले गति लिन्छ। नवनियुक्त अर्थमन्त्रीज्यूलाई महाशाखाहरूले ब्रिफिङ गर्नुपर्ने भएकाले केही समय व्यस्त भएको हो। तर, अब हामी थप ढिला नगरी आगामी आर्थिक वर्षको बजेट लेखन अघि बढाउँछौं।



पवन तिमिल्सिना/नयाँ पत्रिका

चैतको मध्य अवधि बितिसक्दा पनि अर्थ मन्त्रालयमा आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट लेखन सुरु भएन। सरकार भर्खरै बनेकाले बजेट निर्माण प्रक्रियामा केही ढिलाइ भएको हो।

१५ जेठमा बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्थाका कारण फागुनदेखि नै अर्थ मन्त्रालयमा बजेटको पूर्वतयारी हुने गरेको छ। निर्वाचनपछिको सरकार गठन र नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको पदबहालीले ढिलाइ भए पनि केही दिनमा बजेट निर्माणले गति लिने अर्थसचिव घनश्याम उपाध्यायले बताए। उनले भने, 'नवनियुक्त अर्थमन्त्रीज्यूलाई महाशाखाहरूले ब्रिफिङ गर्नुपर्ने भएकाले केही समय व्यस्त भएको हो। तर, अब हामी थप ढिला नगरी आगामी आर्थिक वर्षको बजेट लेखन अघि बढाउँछौं।'

अर्थ मन्त्रालयमा १५ चैतसम्मका लागि मन्त्रालयगत बजेट सूचना प्रविष्ट प्रणाली (एलएमबिआइएस)मा प्रस्तावित बजेटका कार्यक्रम र अनुमानित बजेट प्रविष्ट गर्ने परम्परा छ। त्यसपछि एलएमबिआइएस बन्द गरेर अर्थ मन्त्रालयले बजेटको मस्यौदा लेखन टिम गठन गरेर काम थाल्ने गर्छन्। बजेट लेखन सुरु भएपछि गोपनीयता कायम राख्ने उद्देश्यले अर्थ मन्त्रालयमा 'डोर लक' (ढोका थुनेर) हुन्छ। अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले पनि बजेट लेखनका लागि प्रक्रियागत ढिलाइ भए पनि अब छिट्टै सुरु हुने बताए।

१५ चैतदेखि राष्ट्रिय योजना आयोगमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको छलफल भने सुरु भइसकेको आयोगका प्रवक्ता हरिशरण पुडासैनीले जानकारी दिए। उनले यो छलफल २२ चैतसम्म चल्ने बताए। उनले भने, 'आयोगमा उपाध्यक्ष नभए पनि हामीले आन्तरिक काम गरिरहेका छौं। मध्यकालीन खर्च संरचनासम्बन्धी छलफल र निर्णयका लागि उपाध्यक्ष आवश्यक पर्ने हो। अहिलेलाई हामीले तयारी पूरा गरिसकेका छौं।' त्यस्तै आयोजना बैंकमा बजेटका लागि आयोजना विवरण प्रविष्ट गर्ने काम भने भइरहेको उनको भनाइ छ।

गत फागुनमै राष्ट्रिय स्रोत अनुमान समितिले सरकारलाई १८ खर्ब ९० अर्बको बजेटको सीमा पठाइसकेको छ। जसमध्ये तीन खर्ब ६७ अर्ब १० करोड मात्रै पुँजीगत बजेट खर्च हुने अनुमान समितिले गरेको छ। अर्थात्, चालू आवको विनियोजनको तुलनामा १७ अर्ब ८७ करोड कमको सीमा समितिले अर्थ मन्त्रालयलाई दिएको छ। चालू आवमा सात खर्ब ३३ अर्ब ६९ करोडको चालू बजेट रहेकोमा आगामी आवमा सात खर्ब ५५ अर्ब २४ करोडसम्मको सीमा दिइएको छ। ऋणको साँवा-ब्याज भुक्तानी (वित्तीय व्यवस्था)तर्फ तीन खर्ब ४८ अर्ब मात्रै सीमा कायम छ। चार खर्ब १९ अर्ब १५ करोडको वित्तीय हस्तान्तरणको सीमा दिइएको छ। जसका आधार मन्त्रालयत बजेटको सीमा बाँडफाँट गरेर अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयहरूलाई पठाइसकेको थियो। तर, अर्थ मन्त्रालयमै हुने बजेट लेखन भने अझै सुरु भएको छैन।

एलएमबिआइएस बन्द भएपछि मन्त्रालयबाट प्रस्ताव भएका योजना तथा कार्यक्रममाथि मन्त्री र सचिवहरूबिच सैद्धान्तिक छलफल चल्छ। मन्त्रालयहरूसँग बजेट कार्यक्रम र शीर्षकगत छलफल भने १५ वैशाखसम्म गर्ने प्रचलन छ। त्यस्तै, २८ चैतभित्र अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसक्ने र बजेटका उद्देश्य, प्राथमिकता एवं मुख्य कार्यक्रमबारे सांसदहरूसँग प्रदेशगत छलफल हुने गरेको छ। संघीय ससर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग छलफलका लागि चैत २४ देखि वैशाख १५ गतेसम्मको मिति छुट्याउने गरिन्छ।

बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरू, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरूसँग पनि छलफल हुने गरेको



छ। सामान्यतया १० वैशाखभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पारेर र १५ वैशाखभित्र संघीय सदनका दुवै सदनमा पेस हुनेछ। आगामी १ जेठभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ। त्यसका लागि भने काम भइरहेको मन्त्रालयले जानकारी दिएको छ।

बिहीबारदेखि संघीय संसद्को बजेट अधिवेशन आह्वान भइसकेको छ। मन्त्रिपरिषद्ले सोमबार गरेको सिफारिसअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गरेका थिए। फागुन २१ को निर्वाचनबाट प्रतिनिधिसभा गठन भएपछि पहिलोपटक संसद् अधिवेशन हुन लागेकाले बजेटको पूर्वतयारीका लागि भने केही दिन ढिला हुने देखिन्छ।

पुराना १५ ऐन खारेज गर्न अध्ययन सुरु

नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्ले पदबहालीलगत्तै गरेको पहिलो निर्णयअनुसार अर्थ मन्त्रालयले पुराना ऐनहरूको खारेजसम्बन्धी अध्ययन सुरु गरेको छ। हालसम्म १५ वटा ऐनको खारेजीका लागि प्रारम्भिक प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जानकारी दिएको छ। मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्रीको संयोजकत्वको कार्यदलले अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेस गर्नेछ। यसमा निवर्तमान अर्थमन्त्री रामेश्वरप्रसाद खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव प्रतिवेदनलाई आधार लिइने उल्लेख छ।

यी हुन् खारेजीको सूचीमा रहेका १५ ऐनहरू

- आय टिकट दस्तुर ऐन, २०१९
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१
- नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४
- वित्तीय मध्यस्थता गर्ने संस्थासम्बन्धी ऐन, २०५५
- प्रादेशिक विकास पोषण ऐन, २०१३,
- प्रशासकीय कार्यविधि ऐन, २०१३
- कालोबजार तथा केही सामाजिक अपराध र सजाय ऐन, २०३२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- नेपाल एजेन्सी ऐन, २०१४
- निजी वन जग्गा राष्ट्रियकरण ऐन, २०१३
- क्षतिपूर्ति ऐन, २०१९
- सामाजिक व्यवहार सुधार ऐन, २०३३
- बिर्ता उन्मूलन ऐन, २०१६
- बिर्तावालाले बिर्तामा रकम लगाई लिन नपाउने ऐन, २०१५

अर्थ मन्त्रालयका अनुसार ऐनहरू खारेज गर्ने विषयमा कार्यदल गठन भई अध्ययन सुरु भइसकेको छ। कार्यदलले ऐनहरूको समीक्षा गरी समयानुकूल सुधार वा खारेजको सिफारिस तयार पार्नेछ। यस प्रक्रियाले निजी क्षेत्र, नागरिक तथा लगानीकर्तालाई थप सहज वातावरण प्रदान गर्ने मन्त्रालयको अपेक्षा छ।

सो ऐनहरूको खारेजीसम्बन्धी अध्ययन क्रमिक रूपमा अघि बढ्नेछ र आवश्यक निर्णय कार्यान्वयनका लागि प्रस्तुत गरिने मन्त्रालयले जानकारी दिएको छ। यस कदमले नेपालमा पुराना नियम-कानुनले सिर्जना गरेको जटिलता कम गर्ने र आधुनिक आर्थिक तथा सामाजिक व्यवस्था सँगसँगै लैजान महत्त्वपूर्ण भूमिका खेल्ने अनुमान गरिएको छ।

उत्तरी नाका तातोपानी र रसुवागढीमा आयात-निर्यात गर्न नयाँ कार्यतालिका

तातोपानी सधैं खुला, रसुवा महिनामा १५ दिन बन्द हुने



सिन्धुपाल्चोकमा रामकृष्ण थापा

चीनसँगको उत्तरी नाका तातोपानी र रसुवागढीमा आयात-निर्यात गर्न नयाँ कार्यतालिका लागू गरिने भएको छ। रसुवागढीदेखि स्याफ्रुबेंसीसम्म सडक विस्तार गर्न लागिएकाले महिनामा १५ दिन सवारीसाधन आवतजावत बन्द हुँदै छ।

चिनियाँ कम्पनीले सडक विस्तारको काम गर्न प्रत्येक अंग्रेजी महिनाको १ देखि १५ तारिखसम्म सवारी गुड्न निषेध गर्ने भएको छ। बाँकी १५ दिन नाका सुचारु रहनेछ। सडक विस्तार गर्न एक वर्ष लाग्ने अनुमान गरिएको छ। अप्रिल १ तारिखबाट काम सुरु गरेर २०२७ अप्रिल १५ सम्म काम सम्पन्न गर्ने चिनियाँ कम्पनीको लक्ष्य रहेको सिँगात्से सरकारले बताएको छ।

यता तातोपानी नाका भने सधैं खुला रहनेछ। तर, प्रत्येक महिनाको २० दिन कम र १० दिन बढी कन्टेनर तातोपानी भन्सार यार्डमा आइपुग्ने कार्यतालिका रहेको जाइमुपोर्ट भन्सारले जनाएको छ। २०२७ भित्र नयाँ खासा सहर नेपालीका लागि खुला गर्ने तयारी छ। सोहीअनुसार खासा पुनर्निर्माण चाँडो सक्न चिनियाँ कम्पनीले खासाभित्र वेला-वेलामा सडक बन्द गर्ने कार्यतालिका बनाएको छ। तर, तातोपानी नाका भने गुलजार नै रहनेछ।

तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालले तातोपानी नाका गुलजार रहेको बताए। सामाजिक सञ्जालमा तातोपानी नाका आंशिक खुला भनेर आएको हल्लाप्रति आफ्नो ध्यानाकर्षण भएको उनले बताए। रसुवापट्टि सडकको काम सुरु भएकाले तातोपानी नाकामा आयात र पर्यटकको चाप बढेको उनले प्रस्ट्याए। 'चिनियाँ समकक्षीसँग औपचारिक बैठक भएको त छैन,' उनले भने, 'तर, नाका पूर्ण रूपमा खुला रहनेछ। ठुला हाइड्रोपावरसँग सम्बन्धित उपकरण र सामान, रेडिमेड, इलेक्ट्रोनिक्स सामग्री, फलफूल र विद्युतीय गाडी आयात भइरहेको छ।' पहिरोले सडक बन्द हुँदा यो वर्ष बर्खामा झन्डै तीन महिना आयात ठप्प भयो। जसको प्रभाव राजस्व संकलनमा पऱ्यो। २४ अर्ब ४७ करोड ५५ लाख राजस्व संकलन गर्ने लक्ष्य ५० प्रतिशत मात्रै पूरा हुने देखिएको छ। राजस्व संकलनको अवस्था देखाउँदै भन्सार अधिकृत रमेशबहादुर शाहले भने, '१५ चैतसम्म नौ अर्ब ६६ करोड २२ लाख उठेको छ।' पहिरोले सडक रोकिँदा खासाबाट डाइभर्ट भएर झन्डै नौ अर्ब राजस्व मुस्ताङको कोरोला नाकामा संकलन भएको उनले बताए।

कन्टेनर आवतजावत, नेपाली पक्षलाई चिनियाँ क्षेत्रमा पुगेर सामान खरिद र चिनियाँ नागरिकलाई प्रवेश अनुमतिमा कुनै समस्या छैन। यद्यपि, अन्य पर्यटकलाई हालका लागि नाका बन्द गरिएको छ। महिनाको १५ दिन रसुवा नाका बन्द हुने भएकाले कैलाशमान सरोवर जाने भारतीय तीर्थयात्रीलाई तातोपानीबाट प्रवेश अनुमति दिने तयारी भएको अध्यागमन कार्यालय कोदारीले जानकारी दिएको छ। तर, भौगोलिक अवस्थाले सडक यातायात भने कठिन हुनेछ। बर्खा सुरु भएकाले लिपिडबाट बाह्रबिसेसम्म २६ किलोमिटर सडक कन्टेनरका लागि कष्टकर हुनेछ। बाह्रबिसेबाट लिपिडसम्म सडक विस्तार र इको पहिरो नियन्त्रण दुवै निर्माणकार्य एकसाथ भइरहेकाले मुख्य वर्षाअघि नै सडकको दुरावस्था हट्ने सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायण भण्डारीले बताए।

नेप्से १९ अंकले बढ्यो



काठमाडौं/ नेप्से परिसूचक ०.६९ प्रतिशतले उकालो लागेको छ। मंगलबार नेप्से १९.७९ अंकले बढेर २८५१.०९ विन्दुमा कायम भएको हो। सो दिन तीन सय ३९ कम्पनीका दुई करोड ७९ लाख ४२ हजार कित्ता सेयर ११ अर्ब ११ करोड २४ लाख १८ हजार रुपैयाँमा किनबेच भएको छ। सोमबार बजार ४७ अंकले घट्दा साढे १२ अर्बभन्दा बढीको सेयर किनबेच भएको थियो।

मंगलबार म्युचुल फन्ड र अन्य समूहको सूचक एक प्रतिशतभन्दा थोरैले घट्दा बाँकी ११ समूहको सूचक वृद्धि भएको छ। सबैभन्दा धेरै बढेका वित्त, होटेल तथा पर्यटन र उत्पादन तथा प्रशोधन समूहको वृद्धि एक प्रतिशतभन्दा धेरै छ। बजार उकालो लाग्दा आज पाँच कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। रिलायन्स स्पिनिङ मिल्स, भुजुङ हाइड्रो, सुपर खुदी हाइड्रो, रिद्गे लाइन इनर्जी र होटेल फरेस्ट इनको सेयर मूल्य १० प्रतिशतले बढेको हो।

सर्वाधिक गुमाउने सूचीको शीर्ष स्थानमा सप्तकोशी विकास बैंकका लगानीकर्ता छन्। यो कम्पनीको मूल्य करिब नौ प्रतिशतले गिरावट आएको छ।

त्यसैगरी, एनआइसी एसिया ब्यालेन्स्ड फन्ड र एनआइबिएल ग्रोथ फन्डका लगानीकर्ताले पनि क्रमशः ५.७१ र ४ प्रतिशतले गुमाएका छन्।

■ निर्माण व्यवसायी महासंघको अधिवेशन सुरु

द्रुतगतिमा सार्वजनिक खरिद ऐन संशोधन गर्न व्यवसायीको आग्रह

नयाँ पत्रिका

नेपाल निर्माण व्यवसायी महासंघको २६औं साधारणसभा एवं १३औं अधिवेशन काठमाडौंमा सुरु भएको छ। काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा मंगलबारदेखि सुरु भएको साधारणसभा तथा चुनाव आगामी बिहीबारसम्म हुनेछ। अधिवेशनबाट आगामी तीन वर्षका लागि ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गरिँदै छ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले ल्याएको शासकीय सुधारका १०० सूची स्वागतयोग्य भएको बताए। यसले निजी क्षेत्र उत्साहित भएको उनको भनाइ छ।

सार्वजनिक खरिद ऐन एक महिनाभित्र संशोधन गर्ने सरकारी घोषणा स्वागतयोग्य भएको उनले बताए। निजी क्षेत्रको चाहनाअनुसार उक्त ऐन संशोधन गरिनुपर्ने उनको भनाइ छ। कालोसूचीमा राख्ने वर्तमान व्यवस्थालाई परिमार्जन गर्न आवश्यक रहेको पनि उनले बताए।

यस्तै, निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले पूर्वाधार आयोजनाको निर्माण द्रुत गतिमा हुने गरी सार्वजनिक खरिद ऐन संशोधन गरिनुपर्ने बताए। 'सरकारले सार्वजनिक खरिद ऐन संशोधन गर्ने सरकारी घोषणा स्वागतयोग्य छ,' उनले भने, 'ठेक्का तोडिएपछि बाँकी कामको लागत साबिककै निर्माण कम्पनीबाट असुल्ने व्यवस्था हटाउनुपर्छ।'

यस्तै, उनले निर्माण क्षेत्रमा कुनै पनि प्रकारको अनुचित लेनदेन स्वीकार्य नहुने बताए। निर्माणकार्यको सम्झौता गर्दा पारदर्शिता कायम गर्ने र समस्या आएमा महासंघमार्फत भौतिक पूर्वाधार मन्त्रीसमक्ष पुऱ्याएर समाधान खोजिने उनको भनाइ छ।

नयाँ नेतृत्वका लागि पाण्डे र लामा प्रतिस्पर्धामा

यो अधिवेशनबाट महासंघले आगामी तीन वर्षका लागि नयाँ नेतृत्व पाउनेछन्। नयाँ नेतृत्वका लागि बुधबार मनोनयन दर्ता र बिहीबार मतदान गर्ने कार्यक्रम छ।

नयाँ कार्यसमितिका लागि दुई प्यानल प्रतिस्पर्धामा छन्। अध्यक्षमा निकोलस पाण्डे प्यानलसहित प्रतिस्पर्धामा छन्। अघिल्लोपटकको चुनावमा पनि अध्यक्षमा पराजित भएका पाण्डे यसपालि पनि चुनावी प्रतिस्पर्धामा उत्रिएका हुन्। उनको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा मुकेश पन्त, महासचिवमा धीरेन्द्र दाहाल र कोषाध्यक्षमा उज्वल गौतमले उम्मेदवारी दर्ता गर्दै छन्।

यस्तै, हालका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी (एडी) लामाले पनि प्यानलसहित अध्यक्षमा प्रतिस्पर्धा गर्दै छन्। उनको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा रोशन दाहाल, एसोसिएट उपाध्यक्षमा एनपी शेर्पा, महासचिवमा शिवहरि घिमिरे र कोषाध्यक्षमा बालाजी श्रेष्ठले उम्मेदवारी दिँदै छन्। यस्तै, प्रमोद लामिछानेले स्वतन्त्र रूपमा नीतिगत उपमहासचिवमा उम्मेदवारी दिँदै छन्। यसैगरी, सदस्य पदमा विभिन्न निर्माण व्यवसायी प्रतिस्पर्धामा छन्।

नयाँ सरकारको काँधमा उद्योगीको साढे सात अर्बको विद्युत् बक्यौता असुली

लोडसेडिङका वेला थप ६५ प्रतिशत प्रिमियम शुल्क तिर्ने गरी उद्योगहरूले ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिमा प्रयोग गरेको विद्युत्को करिब साढे सात अर्ब बक्यौता तिर्न बाँकी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अन्तरिम सरकारका तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङ बाहिरिएसँगै अन्योलमा परेको उद्योगीको करिब साढे सात अर्बबराबरको विद्युत् बक्यौता असुलीको जिम्मेवारी अब नयाँ सरकारको काँधमा आएको छ। पछिल्लो चार महिनायता उद्योगको विद्युत् बक्यौता असुलीमा कुनै काम अघि बढेको छैन। यही अन्योलताबिच बक्यौता उठाउने जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) सरकारको काँधमा आएको हो।

१० वर्षदेखिको बक्यौता असुल गर्ने विषयमा विगतका सरकारको अस्थिर नीति कायम रह्यो। सरकार परिवर्तन भएसँगै कुनै सरकारले बक्यौता उठाउनुपर्नेमा जोड दिए भने कपितय सरकार उद्योगीलाई नै छुट दिने योजनामा देखिन्थे। शुक्रबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीको जिम्मेवारी पाएका विराजभक्त श्रेष्ठ स्वतः नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको अध्यक्ष पनि बनेका छन्।

प्राधिकरणका पूर्वसञ्चालक कपिल आचार्यले अदालतको आदेश, विगतका मन्त्रिपरिषद्को निर्णय, महालेखाको प्रतिवेदन, सञ्चालक समितिका निर्णयहरूलगायतका आधारमा बक्यौता उठाउने गरी नयाँ सरकार अघि बढ्नुपर्ने बताए।

'विगतमा सरकारका सबै निकायले यो बक्यौता उठाउनुपर्छ भनेर निर्णय गरेको अवस्था हो। त्यसकै आधारमा नयाँ सरकारले यो बक्यौता उठाउने गरी काम गर्नुपर्छ,' उनले भने, 'गत कात्तिकमा उद्योगीबाट पहिलो किस्ता असुली पनि भयो। त्यसपछि यसमा के-कस्तो प्रगति भएको छ भनेर प्राधिकरण र मन्त्रालयले कुनै जानकारी दिएको देखिन्न। तर, अब नयाँ सरकारले यो बक्यौतालाई प्राथमिकताका साथ असुल गर्नुपर्छ।'

नयाँ सरकारसँग यस विषयमा आशा गर्ने ठाउँ पनि रहेको उनले बताए। 'विगतमा प्राधिकरणले बक्यौता उठाउँदा तत्कालीन सरकारले अवरोध गरेको थियो। त्यसवेला प्रतिपक्षमा रहेका रास्वपाका अधिकांश



सांसदले विद्युत् बक्यौता उठाउनुपर्छ भन्दै सरकारको खबरदारी गरेका थिए। अहिले रास्वपाकै एकल बहुमतको सरकार बनेको छ,' उनले भने, 'त्यो अवस्थामा वर्तमान सरकारले बक्यौता उठाउने गरी काम गर्छ भन्नेमा आशावादी छु।'

प्राधिकरणका प्रवक्ता राजन ढकालले उद्योगीबाट बक्यौता असुल गर्ने विषयमा पछिल्लो समय कुनै काम कारबाही नभएको जानकारी दिए। 'केही उद्योगीले दुई-तीन किस्तासम्म तिरेजस्तो लाग्छ। अहिले कुनै पनि उद्योगी किस्ता तिर्न आएका छैनन्। यो प्रक्रिया अहिले होल्डजस्तै छ,' उनले भने, 'अहिले मुलुकमा नयाँ सरकार बनेको छ। ऊर्जामन्त्री पनि नयाँ आइसक्नुभएको छ। अब उहाँ आएपछि छलफल गरेर यस विषयमा अघि बढ्नेछौं।'

लोडसेडिङका वेला प्राधिकरणले थप ६५ प्रतिशत प्रिमियम शुल्क तिर्ने सर्तमा उद्योगहरूलाई ट्रंकलाइनबाट २० घण्टा र डेडिकेटेड फिडरबाट २४ घण्टासम्म विद्युत् दिइएको थियो। त्यसरी विद्युत् प्रयोग गर्ने ग्राहक दुई सय ५० भन्दा बढी थिए। त्यसमध्ये केही उद्योगले बक्यौता तिर्न पहिलेदेखि नै आनाकानी गर्दै आएका छन्। १० असोजमा तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले पुनरावलोकन प्रक्रिया अघि बढाउन नमिल्ने भन्दै सोझै बक्यौता उठाउने निर्णय गरेको थियो।

पूर्वऊर्जामन्त्री दीपक खड्काले बक्यौता पुनरावलोकन गर्ने भन्दै सञ्चालक श्यामकिशोर यादवको संयोजकत्वमा बनाएको पुनरावलोकन समितिले सातबुँदे कारण देखाउँदै पुनरावलोकन गर्न नमिल्ने प्रतिवेदन दिएको थियो। त्यसकै आधारमा सोझै बक्यौता उठाउने निर्णय गर्दै प्राधिकरणले २८ किस्ताको सुविधासहित २ कात्तिकसम्मको अल्टिमेटम दिएको थियो। तर, उक्त अवधिसम्म पनि बक्यौता तिर्ने प्रक्रियामा नआएका ३१ मध्ये २५ उद्योगमा लाइन काटियो। बाँकी ६ उद्योगले भने पहिले नै अन्तरिम आदेश लिएका थिए।

लाइन काट्दा पनि अधिकांश उद्योगीहरू बक्यौता तिर्ने प्रक्रियामा आएनन्। १७ कात्तिकमा प्रधानमन्त्री कार्यालयमा तत्कालीन प्रधानमन्त्री सुशीला कार्की, ऊर्जामन्त्री कुलमान घिसिङ र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालबिच पहिलो किस्ता तिर्ने र न्यायिक प्रक्रिया अघि बढाउने भन्ने सहमति भएको थियो। सो पहिलो किस्तालाई धरौटी मान्ने सहमति भएको उद्योगीको दाबी छ। सोही कारण उद्योगीहरू दोस्रो किस्ता तिर्न आएनन्। प्राधिकरणले पनि न्यायिक प्रक्रिया अघि बढाउन सकेन। एकाधबाहेक अधिकांश उद्योगीले मंसिरदेखिकै किस्ता तिर्न बाँकी छ।

चुनावमा उम्मेदवार हुने भएपछि २३ पुसमा कुलमान घिसिङले मन्त्रीबाट राजीनामा दिए। त्यसपछि कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य पुनरावलोकन प्रक्रिया ब्युँत्याउने योजनामा थिए। त्यसका लागि उनले प्रधानमन्त्री कार्यालयको पत्रलाई आधार बनाउन खोजेका थिए। १७ कात्तिकको सहमतिपछि प्रधानमन्त्री कार्यालयले २१ कात्तिकमा ऊर्जा मन्त्रालयलाई गुनासो सुन्ने व्यवस्था मिलाउन भन्दै सहजीकरण गरिदिन पत्राचार गरेको थियो। तर, सञ्चालक समितिका अधिकांश सदस्यले प्रधानमन्त्री कार्यालयको नभई मन्त्रिपरिषद्को निर्णय चाहिने अडान लिएपछि शाक्यले पुनरावलोकन प्रक्रिया अघि बढाउन सकेनन्।

त्यसमाथि तत्कालीन ऊर्जामन्त्री अनिल सिन्हाले ठोस निर्णय दिन सकेनन्। यो विषय निकै विवादमा भएकाले सिन्हाले कुनै निर्णय गर्न मानेनन्। माघको पहिलो साता निर्वाचन आचारसंहिताको कारण देखाउँदै पुनरावलोकनका लागि कानुनीय राय लिने निर्णय गराएर चुप बसे। त्यसपछि यस विषयमा थप प्रक्रिया अघि बढ्न सकेको छैन।

माघ ०७२ देखि वैशाख ०७५ सम्मको अवधिमा ५८ उद्योगले बक्यौता तिर्नुपर्ने देखिएको थियो। उनीहरूको करिब साढे सात अर्ब रुपैयाँ बक्यौता थियो। त्यसमा १२ उद्योगले सबै बक्यौता तिरेका छन्। दुई सरकारी उद्योगले बक्यौता तिर्ने लिखित प्रतिबद्धता गरेका छन्। पछिल्लो कारबाहीपछि ३५ उद्योग किस्ता तिर्ने प्रक्रियामा आएका थिए। त्यसमा रिलायन्स स्पिनिङ मिल्सले पहिलो किस्ता तिरेपछि अन्तरिम आदेश पाएको छ। त्योअनुसार ३४ उद्योगले किस्ता तिर्नुपर्ने भए पनि सम्पर्कमा छैनन्। यीबाहेक रिलायन्ससहित सात उद्योग प्राधिकरणविरुद्ध अदालतबाट अन्तरिम आदेश लिएर बसेका छन्। यसैगरी, थप तीन उद्योग बक्यौता तिर्न आएका छैनन्। सरकारी, किस्ता तिर्न छोडेका, अन्तरिम आदेश पाएका र सम्पर्कमै नरहेकासहित ४६ उद्योगको बक्यौता असुल हुन बाँकी छ। उनीहरूको बक्यौता करिब साढे सात अर्ब हुन आउँछ।

■ निजी क्षेत्र र अर्थमन्त्री डा. वाग्लेबिच छलफल

उदार अर्थतन्त्रलाई प्रोत्साहन र निजी क्षेत्रमैत्री वातावरण बनाइने

नयाँ पत्रिका





अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उदार अर्थतन्त्रलाई प्रोत्साहन गर्ने र निजी क्षेत्रमैत्री आर्थिक वातावरण बनाउने बताएका छन् । नेपाल उद्योग परिसंघ (सिएनआई)का प्रतिनिधिसँगको भेटमा अर्थमन्त्री वाग्लेले यस्तो बताएका हुन् । तर, उदारताको नाममा छाडा हुन भने नदिइने उनको भनाइ छ । सिएनआई अध्यक्ष वीरेन्द्रराज पाण्डे नेतृत्वको टोलीले अर्थमन्त्री वाग्लेलाई बधाई तथा शुभकामना दिँदै अर्थतन्त्रका विद्यमान समस्या एवं समाधानका उपायका विषयमा छलफल गरेको छ ।

सो अवसरमा परिसंघका अध्यक्ष पाण्डेले जनताले चाहेको सुशासन तथा उच्च आर्थिक वृद्धिको अपेक्षा हासिल गर्न तत्कालीन, मध्यकालीन र दीर्घकालीन रूपमा सरकारले विशेष ध्यान दिनुपर्ने विषयमा सुझाव दिए । उनले अर्थमन्त्रीको कार्यभार सम्हाल्ने क्रममा मन्त्री वाग्लेले दोस्रो चरणको आर्थिक सुधार, असान्दर्भिक तथा धेरै पुराना ऐन खारेज गर्ने प्रतिबद्धताको स्वागत गर्दै आगामी बजेटबाटै स्पष्ट रूपमा सरकारले समग्र अर्थतन्त्रलाई केन्द्रमा राखेर सुधारको काम गर्ने विश्वास व्यक्त गरे । रोजगारी सिर्जना, उच्च अंकको आर्थिक वृद्धि हासिल तथा आयात प्रतिस्थापन गर्न उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्ने नीति सरकारले लिनुपर्ने सुझाए ।

परिसंघले हालको करिब ४५ अर्ब डलरको अर्थतन्त्रलाई आगामी १० वर्षभित्र कसरी १०० अर्ब डलरको बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन गरिरहेको र छिट्टै रिपोर्ट सरकारलाई उपलब्ध गराउने जानकारी गराए ।

■ नेपाल गरिखाने मान्छेहरूको देश हो भन्ने बनाउँछौं : अर्थमन्त्री डा. वाग्ले

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाल गरिखाने मान्छेहरूको देश भनेर चिनाउने गरी अर्थतन्त्रको विकास गरिने बताएका छन् । मंगलबार नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधि मण्डलसँगको भेटमा उनले यस्तो धारणा राखेका हुन् । 'तपाईंहरूलाई उड्ने र फैलने सुविधा राज्यले दिन्छ । देश बनाउने हुटहुटी बोकेर आएका छौं,' उनले भने, 'अर्थतन्त्र बलियो बनाउने हो । आउनुस् हातेमालो गरौं ।'

उनले इमानदार उद्योगी-व्यापारीलाई कानुनका कारण बदनाम हुने अवस्था नआउने बताए । 'इमानदार उद्योगी-व्यापारी कानुनका कारण बदनाम बन्ने अवस्था आउन नदिन हामीले काम गर्छौं,' उनले भने, 'रोजगारी सिर्जना गर्नेले अब राज्यका कारण दुःख पाउँदैन, त्यसको ग्यारेन्टी म गर्छु । अर्थतन्त्र बनाउन राज्यले के-के गर्नुपर्छ ? भन्नुन्, हामी सबै गर्छौं । तपाईंहरू पनि इमानदार भइदिनुस् ।' अर्थतन्त्र बलियो बनाउन र मुलुकको सर्वाङ्गीण विकास गर्ने काममा सबैजना एक ठाउँमा उभिन तयार हुनुपर्ने उनले बताए । 'मैले पटक-पटक भन्ने गरेको छु । निजी क्षेत्र इमानदार भइदिनुस्,' उनले भने, 'राज्यले दिलोज्यान दिएर तपाईंहरूलाई सहयोग गर्छ । म त्यसको जिम्मा लिन्छु । तर, नियोजित र प्रायोजित गल्ती र बेइमानीमा भने हामी निर्मम हुन्छौं ।'

अर्थमन्त्री वाग्लेले ओरालो लागेको अर्थतन्त्रलाई सही दिशामा मोड्न आफू अर्थ मन्त्रालयको जिम्मेवारीमा आएको बताए ।

निजी क्षेत्र उत्साहित भएपछि नै विदेशी लगानी आउने भएकाले आयात प्रतिस्थापन गर्ने उत्पादनमूलक उद्योगलाई सरकारले फरक रूपमा हेर्ने बताए । 'लाइन बस्नुपरोस्, घुस दिनुपरोस् भन्नेतर्फ सरकारले विशेष ध्यान दिनेछ,' अर्थमन्त्री वाग्लेको भनाइ थियो । निजी क्षेत्रले खोजेको राजनीतिक स्थिरता प्राप्त भएको र यो सरकारले नीतिगत स्थिरता कायम गरी आर्थिक समृद्धि हासिल गर्न अग्रसर हुने बताए । बहुराष्ट्रिय ठुलो कम्पनी वा त्यसको लगानी भित्र्याउन भूमिका खेल्न परिसंघलाई आग्रहसमेत गरे ।

अर्थसचिव डा. घनश्याम उपाध्यायले लगानी सहजीकरणका लागि अप्ठ्यारो पारेका ऐनहरूका प्रावधान तथा गरिनुपर्ने व्यवस्थाका विषयमा सुझाव दिन आग्रह गरे ।

छलफलमा परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल, पूर्वअध्यक्ष हरिभक्त शर्मा, विष्णुकुमार अग्रवाल, गभर्निङ काउन्सिल सदस्यहरू शिवरतन सारडा, शशिकान्त अग्रवाल, उपाध्यक्षहरू हेमराज ढकाल, भीम घिमिरे, गोकुल भण्डारी, पदाधिकारी सदस्यद्वय विदुषी राणा, सन्दीप सारडा, नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चका अध्यक्ष मनीष श्रेष्ठ, महानिर्देशक डा. घनश्याम ओझाको उपस्थिति थियो ।

ग्लोबल आइएमई बैंकले दोस्रो संस्करणको ह्याकाथन आयोजना गर्ने, आवेदन खुला

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले प्रविधिको प्रवर्द्धन तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले दोस्रो संस्करणको ह्याकाथन आयोजना गर्ने भएको छ । बैंकले गत वर्ष नेपालको बैंकिङ क्षेत्रमा पहिलोपटक एआई-एमएल ह्याकाथन पहिलो संस्करण आयोजना गरेको थियो । कृत्रिम बुद्धिमत्ता (एआई) र मेसिन लर्निङ (एमएल)सम्बन्धी ग्लोबल आइएमई एआई-एमएल ह्याकाथन दोस्रो संस्करण आगामी मे २९-३१ मा आयोजना गरिने बैंकले जनाएको छ ।

उक्त प्रतियोगितामा सहभागी हुन प्रविधिमा रुचि राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेसाकर्मीका लागि आवेदन खुला गरिएको छ । प्रतियोगितामा सहभागी हुन मे ४ भित्र बैंकको वेबसाइटमार्फत आवेदन दिन सकिनेछ ।

ह्याकाथन प्रतियोगिताले प्रविधिमा रुचि राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेसाकर्मी र सम्भावित नवीनतम प्रविधिमा आधारित बैंकिङ सेवाको विकासमा उल्लेख्य सहयोग पुगेको बैंकको विश्वास छ । यसका साथै यस ह्याकाथनले डिजिटल बैंकिङमा आउने नवीनतम सेवा विकास र



सम्भावित चुनौतीको समाधान खोज्नसमेत सहयोग पुग्ने बताइएको छ ।

प्रतियोगितामा सहभागी प्रतिस्पर्धीले दी अटोनोमस क्रेडिट एन्ड लेन्डिङ अर्केस्ट्रेटर, एजेन्टिक फ्रड डिटेक्सन, दी मल्टिलिंगुअल भ्वाइस बैंकिङ सहायक, सेन्टिनेल्स अफ द नेटवर्क एआई ड्रिभन इन्टुजन डिटेक्सन (आइडिएस)लगायत बैंकले तोकेका विषयमा केन्द्रित रही आफ्ना अवधारणा प्रस्तुत गर्नुपर्नेछ । उत्कृष्ट टोलीलाई नगद पुरस्कारका साथै बैंकसँग सहकार्य गर्ने अवसरसमेत प्रदान गरिनेछ ।

सीमान्तकृत समुदायका महिलालाई सिद्धार्थ बैंकको सिलाइकटाइ मेसिन सहयोग

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले गरिब, विपन्न तथा सीमान्तकृत कासगर समुदायका महिलालालाई सिलाइकटाइ मेसिन सहयोग गरेको छ । बैंकले आयआर्जनमा टेवा पुगोस् भन्ने उद्देश्यले कैलाली र बाँके जिल्लाका ती समुदायका महिलालाई छुट्टाछुट्टै कार्यक्रम गरी मेसिन हस्तान्तरण गरेको हो ।



कैलालीमा पाँचजना र बाँकेमा १० जना गरी कुल १५ वटा सिलाइकटाइ मेसिन हस्तान्तरण गरिएको बैंकले जनाएको छ । कासगर समुदायका महिलाहरूको जीवनस्तर उकास्ने तथा सिकेको सिपलाई व्यवहारमा उतार्न सहयोग पुऱ्याउने लक्ष्यसहित बैंकले यी मेसिन उपलब्ध गराएको हो । यस सहयोगले महिलाको आर्थिक पक्षमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुका साथै साना घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन दिएको बताइएको छ ।

सिलाइकटाइ सिपलाई व्यावसायिक रूपमा उपयोग गर्दै उनीहरूले लुगा सिलाउने, मर्मत गर्ने तथा अर्डरअनुसार काम गरी नियमित आम्दानी गर्ने वातावरण बन्ने अपेक्षा गरिएको छ । यसबाट परिवारको आर्थिक अवस्था सुधार हुनुका साथै बालबालिकाको शिक्षा, स्वास्थ्य र समग्र जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

साथै, महिलालाई आत्मनिर्भर बन्न प्रेरित गर्दै आफ्नै घर तथा समुदायमै बसेर आम्दानी गर्ने अवसर सिर्जना गर्नेमा बैंक विश्वस्त छ ।

इटहरीमा फोटोन मोटर्सको सोरुम सञ्चालनमा

काठमाडौं/ फोटोन मोटर्स नेपालले इटहरीमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ । प्रमुख व्यापारिक केन्द्र इटहरीस्थित यो सोरुमले सुनसरी, मोरङ तथा आसपासका ग्राहकलाई सेवा दिने बताइएको छ ।



नयाँ सोरुमबाट ग्राहकले सेल्स, आफ्टर सेल्स सर्भिस तथा जेन्युइन स्पेयर पार्टस् सजिले प्राप्त गर्न सक्ने बताइएको छ । यो एकीकृत व्यवस्थाले ग्राहकलाई थप सुविधा प्रदान गर्नुका साथै सेवा समय घटाउने र समग्र स्वामित्व अनुभवलाई सहज बनाउने लक्ष्य राखिएको छ ।

सोरुम उद्घाटनका अवसरमा 'कस्टमर मिट' कार्यक्रम पनि आयोजना गरिएको थियो । कार्यक्रममा फोटोन ग्राहकले आफ्ना अनुभव, अपेक्षा र सुझाव साझा गरेका थिए । कम्पनीले भविष्यको रणनीति निर्माण गर्न, विशेषगरी आफ्टर सेल्स सर्भिस र समग्र स्वामित्व अनुभवलाई अझ सुधार गर्न ग्राहकको सुझाव महत्त्वपूर्ण हुने बताएको छ । कम्पनीका अनुसार देशभर एक सय ६६ भन्दा बढी स्थानमा फास्ट चार्जिङ नेटवर्क विस्तार गरिसकिएको छ । यसले इलेक्ट्रिक सवारीसाधनको प्रयोगलाई थप सहज र भरपर्दो बनाउँदै रेन्जसम्बन्धी चिन्ता घटाउने र देशव्यापी पहुँच वृद्धि गर्ने अपेक्षा कम्पनीको छ । एमएडब्लू वृद्धि कमर्सियल नेपालमा व्यावसायिक सवारीसाधन आपूर्ति गर्ने कम्पनी हो ।

'टिभिएससँग नयाँ वर्षको निरन्तर यात्रा' योजना

काठमाडौं/ टिभिएसको आधिकारिक विक्रेता जगदम्बा मोटर्सले नयाँ वर्ष ०८३ का अवसरमा नयाँ योजना सार्वजनिक गरेको छ । 'टिभिएससँग नयाँ वर्षको निरन्तर यात्रा' नाम दिइएको यो योजनामार्फत ग्राहकलाई थप मूल्य, दैनिक पुरस्कार र सहज स्वामित्व अनुभव प्रदान गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ ।



योजनाअन्तर्गत टिभिएस मोटरसाइकल वा स्कुटर खरिद गर्ने प्रत्येक ग्राहकले पाँच वर्षसम्म पेट्रोल निःशुल्क जित्ने मौका पाउनेछन्, जसले उनीहरूको यात्रालाई अझ सहज र लाभदायक बनाउने कम्पनीको विश्वास छ । साथै, दैनिक अधिकतम पाँच लाखसम्मको छुट पनि पाउनेछन् । यसै योजनाअन्तर्गत २९ सय ६७ बाट सुरु हुने न्यूनतम किस्ताबन्दी सुविधा पनि ग्राहकले पाउनेछन् । 'नयाँ वर्ष नयाँ सुरुवातको समय हो र 'टिभिएससँग नयाँ वर्षको निरन्तर यात्रा'मार्फत हामीले ग्राहकको यात्रा अझ अर्थपूर्ण र रमाइलो बनाउने लक्ष्य राखेका छौं,' कम्पनीका कार्यकारी निर्देशक अखिल गुप्ताले भने, 'यो विशेष प्रस्ताव केवल लाभ मात्र नभई, दीर्घकालीन सन्तुष्टि र सहजता प्रदान गर्ने हाम्रो प्रतिबद्धताको प्रतीक हो ।'

त्यसैगरी, कम्पनीका उपाध्यक्ष दीपक रौनियारले नयाँ वर्षलक्षित यस योजनाले किफायतीपन, उत्साह र वास्तविक फाइदालाई एकसाथ ल्याएर टिभिएस स्वामित्व अनुभवलाई अझ उत्कृष्ट बनाउने बताए । 'यो अफर नगद, एक्सचेन्ज तथा फाइनान्स तीनै माध्यममा उपलब्ध छ,' उनले भने ।

एनआइसी एसिया बैंकको ०८३ को क्यालेन्डर सार्वजनिक

काठमाडौं/ एनआइसी एसिया बैंक लिमिटेडले नयाँ वर्ष ०८३ को क्यालेन्डर सार्वजनिक गरेको छ । बैंकले लोपोन्मुख तथा परम्परागत नेपाली लोकबाजामार्फत सांस्कृतिक इतिहास र पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने गरी आकर्षक साजसज्जामा भित्ते तथा टेबल क्यालेन्डर सार्वजनिक गरेको हो । बैंकका अनुसार क्यालेन्डरमा देशका विभिन्न क्षेत्र, समुदाय तथा चाडपर्वमा प्रयोग हुने धार्मिक, सांस्कृतिक, सामाजिक एवं ऐतिहासिक महत्त्व भएका लोकप्रिय तथा लोपोन्मुख बाजा र बजाउने शैलीसहितका तस्बिर प्रयोग भएका छन् । यो कार्यले यिनीहरूको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरणमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ । साथै, बैंकले क्यालेन्डरमा नेपाल सरकारद्वारा प्रकाशित राजपत्रमा उल्लेख भएका बिदा, चाडपर्व, दिवस, पञ्चांग तिथिलगायतका विवरण समावेश छन् ।



डिप्रोक्सको वित्तीय साक्षरता



काठमाडौं/ डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले वित्तीय साक्षरता कार्यक्रम गरेको छ । संस्थाले ग्लोबल मनी विक-२०२६ का अवसरमा बालबालिका तथा युवाहरूमा वित्तीय साक्षरता कार्यक्रम गरेको हो ।

यस संस्थाका प्रदेश कार्यालयअन्तर्गत रहेका २२ शाखाले गरेको कार्यक्रमबाट १४ सय ९७ जना लाभान्वित भएको बताइएको छ । सप्ताहव्यापी रूपमा आयोजना गरिएको कार्यक्रमले बालबालिका, युवा तथा समाजमा सकारात्मक सन्देश प्रवाह भएको संस्थाले विश्वास लिएको छ । यो वर्षको ग्लोबल मनी विक नारा 'स्मार्ट मनी टक्स' रहेको थियो ।

हवाई इन्धनको भाउ प्रतिलिटर १२४ रुपैयाँ वृद्धि

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले मंगलबार रातिबाट लागू हुने गरी आन्तरिक विमानले प्रयोग गर्ने हवाई इन्धनको भाउ प्रतिलिटर एक सय २४ रुपैयाँ बढाएको छ । त्यस्तै, अन्तर्राष्ट्रिय विमानले प्रयोग गर्ने भाउ प्रतिकिलोलिटर आठ सय १९ डलरले वृद्धि गरेको छ ।

मूल्यवृद्धिपछि आन्तरिक हवाई इन्धनको भाउ प्रतिलिटर दुई सय ५१ प्रतिलिटर पुगेको छ । त्रिभुवन विमानस्थलमा इन्धन भर्ने अन्तर्राष्ट्रिय विमानका लागि भने प्रतिकिलोलिटर १७ सय ८५ डलर पुगेको छ । पेट्रोल, डिजेल, मट्टीतेल र ग्यासको भाउ भने यथावत् राखिएको छ ।

शाखा कार्यालयहरु समायोजन सम्बन्धी सुचना

यस नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित महानगरपालिका भित्र रहेका नजिकका स्थानमा अवस्थित शाखा कार्यालयहरु एकआपसमा समायोजन गरि कारोबार संचालन गर्न लागिएको र समायोजन हुने शाखाका ग्राहक महानुभावहरुले समायोजन भई संचालनमा रहने शाखा कार्यालयबाट सम्पूर्ण बैंकिङ सेवा सुविधाहरु लिन सकिने सम्बन्धमा सम्पूर्ण ग्राहक महानुभावहरुको अग्रीम जानकारीको लागि शाखा संचालनमा आउनुभन्दा ९० दिन अगावै यो सुचना प्रकाशित गरिएको छ ।

क्र.स.	समायोजन हुने शाखा कार्यालय	समायोजन भए पश्चात संचालनमा रहने शाखा	संचालनमा रहने शाखा संगको दुरी
१	मालीगाउँ शाखा, का.म.न.पा. ०५	विशालनगर शाखा, का.म.न.पा. ०५	१.५ कि.मि.
२	भाटभटेनी शाखा, का.म.न.पा. ०४		६५० मिटर

क्र.स.	समायोजन हुने शाखा कार्यालय	समायोजन भई संचालनमा रहने शाखा	संचालनमा रहने शाखा संगको दुरी
१	मित्रपार्क शाखा, का.म.न.पा. ०७	चावहिल शाखा, का.म.न.पा. ०७	७०० मिटर
२	चावहिल शाखा, का.म.न.पा. ०७		–

क्र.स.	समायोजन हुने शाखा कार्यालय	समायोजन भई संचालनमा रहने शाखा	संचालनमा रहने शाखा संगको दुरी
१	घण्टाघर शाखा, का.म.न.पा. २८	तीनधारा शाखा, का.म.न.पा. ०१	४०० मिटर
२	तीनधारा शाखा, का.म.न.पा. ०१		

क्र.स.	समायोजन हुने शाखा कार्यालय	समायोजन भई संचालनमा रहने शाखा	संचालनमा रहने शाखा संगको दुरी
१	पुष्पलाल चोक शाखा, विराटनगर.म.न.पा. ०३	कञ्चनबारी शाखा, विराटनगर.म.न.पा. ०३	२.६ कि.मि.
२	कञ्चनबारी शाखा, विराटनगर.म.न.पा. ०४		५० मि.

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस हाई टेक-इंजिनियरिंग प्रा. लि. ले चाइनाबाट पैठारी गरेको एयर कण्डिसनको अधिकतम खुद्रा बिक्रि मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

सि न	माल वस्तुको बिवरण	आकार प्रकार	ब्रान्ड	मोडेल	क्षमता	उत्पादित मुलुक राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा बिक्रि मूल्य
१	एयर कण्डिसन	स्प्लिट टाइप	WIIXA	WI-12GW-IV-KF	१ टन	चाइना	प्रति थान	५१,०००	५१,०००
२	एयर कण्डिसन	स्प्लिट टाइप	WIIXA	WI-18GW-IV-KF	१.५ टन	चाइना	प्रति थान	६८,०००	६८,०००

फर्म को नाम : हाई टेक इंजिनियरिंग प्रा. लि.
ठेगाना : बालुवाटार, काठमाडौं
स्थायी लेखा न : ३०१४०३६३०
फोन न. : ०१-४५४४८११

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१२/१८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा ओप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०६/२६ मा दर्ता नं. ३००५७५/०७२/०८० कायम भई दर्ता भएको धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७ स्थित कमलामाई सप्लायर्स धनुषा प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दुलाइ ठाकुर वरहीको नाति, जगदेव ठाकुर वरहीको छोरा, धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको वेचन ठाकुर वरही (ना.प्र.प.नं. ११२११२८९, धनुषा)

२. जगदेव ठाकुर वरहीको बुहारी, वेचन ठाकुर वरहीको पत्नी, धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको कुमारी देवी ठाकुर वरही (ना.प्र.प.नं. ५०७३६/११२११२२०, धनुषा)

हार्दिक समवेदना

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो"



स्व. सरस्वतीदेवी ओझा

जन्म
२००१/०८/०१

स्वर्गारोहण
२०८२/१२/१५

प्रोफेसनल होल्डिङ्स लिमिटेडका कार्यकारी अध्यक्ष डा. खगेन्द्रप्रसाद ओझाज्यूकी ममतामयी माता सरस्वतीदेवी ओझाको वि.सं. २०८२ चैत्र १५ गतेका दिन ८२ वर्षको उमेरमा भएको निधनप्रति हामी अत्यन्त मर्माहत भएका छौं ।

यस मातृ-शोकको घडीमा मृतआत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी ईश्वरसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

ब्राण्ड एड प्रा.लि. परिवार
बालुवाटार, काठमाडौं

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बुधबार १८ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एसियन कप छनोटमा नेपालको दयनीय प्रदर्शन

सन् २०२३ देखि २०२६ सम्मका छनोट खेलमा नेपालले समग्रमा १४ खेल खेल्दा दुई जित, दुई बराबरी नजिता निकाल्दा १० खेलमा हारको सामना गरेको छ

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोलीले एएफसी एसियन कप छनोट प्रतियोगितामा खराब नतिजा निकालेको छ। साउदीमा हुने एसियन कपअन्तर्गत समूह 'एफ'मा नेपालले आफ्नो अन्तिम खेलसमेत गुमाएको छ। नेपालले मंगलबार लाओससँग १-० को हार सामना गरेको हो। समूह 'एफ' नेपाल तीन अंकका साथ पुछारमा रह्यो। समग्रमा नेपालले सन् २०२३ देखि २०२६ को एसियन कप छनोटमा खराब प्रदर्शन गरेको छ। यो तीन वर्षको अवधिमा नेपालले कुल १४ खेलमा प्रतिस्पर्धा गऱ्यो। जसमा नेपालले समान दुई जित र बराबरी नतिजा निकालेको छ।

दुईमध्ये एक जित मलेसियाको अंक खोसिँदा हात पारेको हो। गत वर्षको मार्चमै मलेसियाले छनोट खेलमा नेपालविरुद्ध गैरखेलाडी समावेश गरेका कारण एएफसीले उसको जित उल्ट्याइएको थियो। एएफसीले नेपाल ३-० ले विजयी घोषणा गऱ्यो। नेपालले एएफसी छनोट खेलमा अन्तिमपटक जित निकालेको भनेकै सन् २०२३ को अक्टोबरमा थियो। त्यसवेला एएफसी छनोटको राउन्ड २६ मा नेपालले लाओसमाथि १-० को जित हात पारेको थियो। त्यसयता नेपालले मैदानमा जित निकाल्न सकेको छैन। नेपालले तीन वर्षको अवधिमा यमन र लाओसलाई मात्र बराबरीमा रोकेको थियो।

तीन वर्षमा ६ प्रशिक्षक

अखिल नेपाल फुटबल संघ (एन्फा)ले तीन वर्षभित्र एएफसी एसियन कप, साफ च्याम्पियनसिपदेखि विश्वकप छनोटसम्म ६ जना प्रशिक्षक चयन गऱ्यो। एएफसी र फिफाले राष्ट्रिय टोली सम्हाल्न प्रो-लाइसेन्स अनिवार्य बनाएपछि सन् २०२१ देखि स्वदेशीले मुख्य जिम्मेवारी पाएका छैनन्। सन् २०२१ मा अब्दुला अलमुताइरीले छाडेपछि नेपालमा चारजना प्रो-लाइसेन्स प्रशिक्षक बनेका छन्। श्री स्टारलाई अन्तिमपटक लिग च्याम्पियन बनाएका प्रदीप हुमागाईंले सन् २०२२ मा एकपटक टोली हेरेका थिए। त्यसपछि तीनजना प्रो-लाइन्सेसधारी प्रशिक्षक बने। प्रवेश कटवाल, नवीन न्यौपाने र हरि खड्काले विदेशी प्रशिक्षक नआउँदासम्म कार्यवाहक जिम्मेवारी सम्हाले। सन् २०२३-२४ सम्म इटालियन भिसेन्जो अल्बटो र सन् २०२५ मा अस्ट्रेलियन म्याट रोसले जिम्मेवारी सम्हालेका थिए। विवादका कारण रोसले सम्झौता अवधि बाँकी रहँदै पदबाट राजिनामा दिए। उनीपछि इटालियन गुग्लिएल्मो ऐनाले हारेका हुन्। तर, ऐनाले हारका साथ नेपाली फुटबलमा आफ्नो यात्रालाई सुरु गरेका छन्।



समूह 'एफ' अंकतालिका

टोली	खेल	जित	हार	अंक
भियतनाम	६	६	०	१८
मलेसिया	६	३	३	९
लाओस	६	२	४	६
नेपाल	६	१	५	३

विपक्षी पोस्टमा नौ गोल

एएफसी छनोटमा खराब प्रदर्शन मात्र होइन, नेपालका खेलाडीहरूले विपक्षी पोस्टमा गोल गर्नसमेत संघर्षरत देखिएका छन्। पछिल्लो समयमा नेपालको मुख्य कमजोरी नै फिनिसिङमा कमजोरी देखिन्छ। सन् २०२३ देखि ०२६ सम्मको एसियन छनोटमा नेपालले विपक्षीविरुद्ध केवल नौ गोल गरेको थियो। यसविरुद्ध प्रतिद्वन्द्वीहरूले नेपालको पोस्टमा २९ गोल गरेका छन्। सन् २०२४ को मार्चमा नेपाल बहराइनसँग ५-० ले पराजित भएको थियो। यसैगरी, सन् २०२४ को जुनमा युएईले नेपाललाई ४-० ले हरायो। सन् २०२५ को अक्टोरमा भियतनामले नेपालमाथि ३-१ को जित निकालेको थियो। सन् २०२५ को मार्चमा नेपालले यमनलाई २-२ र लाओसलाई २०२३ को अक्टोबरमा १-१ को बराबरी रोक्नु नै बहादुरी प्रदर्शन गरेको हो।

नेपालमाथि हावी हुँदै लाओस

कुनै समय लाओस नेपालभन्दा कमजोर प्रतिद्वन्द्वीका रूपमा थियो। एन्फाभित्र आन्तरिक विवादको असर खेलमा प्रस्ट परेको देखिन्छ। विदेशी प्रो-लाइसेन्स प्रशिक्षक चयन गर्दा पनि नेपालले गतिलो नतिजा निकाल्न सकेको छैन। अहिले लाओसले नेपालविरुद्ध उत्कृष्ट खेल प्रदर्शन मात्र गरेको छैन। जित पनि निकाली नेपालमाथि हाबी भइरहेको देखिन्छ। गत वर्ष इतिहासमै पहिलोपटक नेपाल लाओससँग २-१ ले पराजित भयो। सो खेलअघिसम्म नेपाल लाओससँग अपराजित नै थियो।

मंगलबार नेसनल रंगशालामा नेपालले बल पोसेसन बलियो बनाए पनि गोलका लागि संघर्ष गरेको देखिन्थ्यो। मुख्य गरी नेपालको कमजोर पक्ष 'अट्याकिङ थर्ड' थियो। पहिलो हाफमा नेपालले लाओसलाई गोलरहित बराबरीमा रोकेको थियो। तर, लाओसको 'पेस'लाई थेग्न नसकेको नेपालले खेलको ४८औँ मिनेटमा गोल खायो। लाओसका लागि कप्तान बोउनफाचन बोउनकोडले १-० को निर्णायक गोल गरे। चोनी वेनपासेर्थको थ्रु पासमा बोउनफाचनले नेपालका गोलरक्षक तथा कप्तान किरणकुमार लिम्बूलाई बिट गर्दै दोस्रो बारमा सुन्दर गोल गरेका थिए।

नेपालबाट खेल अवधिभर केवल एक मात्र 'सट्स अन टार्गेट' बनाएको थियो। खेलको ४२औँ मिनेटमा मनीष डाँगीले दुईपटक गोलका लागि प्रयास गरेका थिए। तर उनको प्रहार फ्रेममा थिएन। प्रशिक्षक ऐनाले स्ट्राइकर युवराज खड्का र मिडफिल्डर पेम्बा दोर्जे लामालाई अन्तर्राष्ट्रिय फुटबलमा डेब्यु गराए। युवराज र पेम्बासहित पाँचजना खेलाडी यसपालि पहिलोपटक राष्ट्रिय टोलीमा छनोट भएका थिए। युवराजले पहिलो रोजाइमै मौका पाए। पेम्बाले भने दोस्रो हाफमा दीपेश गुरुङलाई प्रतिस्थापन गरे।

■ प्रधानमन्त्री कप क्रिकेट

कोशीविरुद्ध ६ विकेटको जितसँगै पुलिस शीर्ष स्थानमा

नयाँ पत्रिका

दिनेश खरेलको घातक बलिङ प्रदर्शनको सहयोगमा नेपाल पुलिस क्लबले मंगलबार प्रधानमन्त्री एकदिवसीय (पिएम) कप क्रिकेट प्रतियोगितामा कोशी प्रदेशमाथि सानदार ६ विकेटको जित निकालेको छ। वीरगन्ज रंगशालामा पहिलो ब्याटिङ गरेको कोशीले ४२.५ ओभरमा सबै विकेट गुमाएर १६२ रन बनाएको थियो। प्रत्युत्तरमा पुलिसले ३३.५ ओभरमा चार विकेटको नोक्सानीमा १६५ रन जोड्यो। पुलिसले खेल सकिनु ९७ बलअघि जित निकालेको हो।

विभागीय टोली पुलिसले पाँच खेलमा सात अंक जोड्दै शीर्ष स्थानमाथि कब्जा जमाएको छ। पिएम कपमा एक खेल कम खेलेको मधेश प्रदेशले चार खेलबाट सात अंक जोडेको छ। मधेश रनरेटमा दोस्रो स्थानमा रह्यो। त्रिभुवन आर्मीको पनि सातै अंक छ। पुलिस र मधेशको तुलनामा आर्मीको रनरेट कम छ। यसैकारण, आर्मी तेस्रो स्थानमा सीमित भएको हो। चौथो स्थानमा रहेको सुदूरपश्चिमले चार खेलबाट ६ अंक जोडेको छ।

बलर दिनेशको कसिलो बलिङ

पुलिसका बलर दिनेशले कोशीविरुद्ध उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए। उनले पाँच विकेट लिन ७.२ ओभरमा २१ रन मात्र खर्चिएका थिए। यसक्रममा उनले दुई मेडन पनि फ्याँके। कोशीसँगको खेलमा दिनेशको बलिङ इकोनोमी २.६८ रहेको थियो। दिनेशले ३६ ओभरदेखि ४२ ओभरसम्म बलिङ अवसर पाउँदा पाँच विकेट हात पारे। उनले बलिङ गर्नुअघिसम्म कोशी राम्रो अवस्थामा थियो। ३५ ओभरको समाप्तिसम्म कोशीले पाँच विकेट गुमाएर १५० रन जोडेको थियो। तर, दिनेशले प्रतियोगितामै उत्कृष्ट बलिङ स्पेल गरेपछि कोशीले अन्तिम पाँच विकेट केवल १२ रनको अन्तरमा गुमायो। ३६.१ ओभरमा कोशी १५०-६ बाट ४२.५ ओभरमा १६२-१० मा अलराउट भयो। यसक्रममा दिनेशले सोन अन्सारी, समीर कार्की, प्रेम कामत, विपिन महतो तथा ज्ञानेन्द्र श्रेष्ठको विकेट लिए।

> नेपाल पुलिस, त्रिभुवन आर्मी र मधेश प्रदेशले समान सात अंक जोडेका छन्, तर राम्रो रनरेट बनाएको पुलिस शीर्ष स्थानमा उक्लिएको हो

कोशीको फितलो ब्याटिङ

दिनेश चम्केको दिनमा कोशीले पुलिसविरुद्ध सोचेको जस्तो ब्याटिङ प्रदर्शन गर्न सकेन। इनिङ्सको सुरुदेखी कोशीको रनरेट कमजोर रहेको थियो। ओपनर सुमन श्रेष्ठले ९४ बलमा ४३ रन र अंकित सुवेदीले ४१ बलमा २६ रन बनाए। यी दुवैले पहिलो विकेटका लागि ११.२ ओभरमा ४१ रन जोडेका थिए। ११.५ ओभरमा फिर्दोष अन्सारी डकआउट भए। सागर ढकालले एकै ओभरमा दुई विकेट हात पारेका थिए। कप्तान सूर्य थपलियाले ४२ बलमा ६ चौका र दुई छक्का प्रहार गरी ४८ रनको सर्वाधिक योगदान दिए। त्यसपछि कुनै पनि ब्याट्समयान चल्न सकेनन्। सो इनिङ्समा तीन खेलाडी डकआउट भएका थिए। बलिङमा पुलिसका ललित राजवंशीले नौ ओभरमा एक मेडन राखी ३४ रन खर्चेर दुई विकेट लिए। सागर ढकालले १० ओभरमा पाँच मेडन राखी दुई विकेट लिन सफल भए। उनले केवल १४ रन मात्र खर्चेका थिए।

१५४ रनको अविजित साझेदारी

पुलिसले सहज लक्ष्य पछ्याउँदा निकै कमजोर सुरुवात गरेको थियो। इनिङ्सको ७.६ ओभरमा पुलिसले चार विकेट गुमाएर स्कोर बोर्डमा केवल ११ रन मात्र बनाएको थियो। विपिन महतोले दुई तथा दिनेश कँडेलले एक विकेट लिँदा पुलिस पहिलो १० ओभरमै दयनीय अवस्थामा पुगेको हो। ओभर दिनेश खरेलले २ रन बनाए। शंकर राना, अमित श्रेष्ठ र दिल्साद अली डकआउट भए। त्यसपछि रसिद खान र कप्तान आरिफ सेखले पाँचौं विकेटका लागि नटआउट १५४ रनको साझेदारी गर्दै पुलिसलाई रोमाञ्चक जित दिलाउन सफल भए। रसिदले ९० बलमा आठ चौका र एक छक्का प्रहार गरी ७३ रनको योगदान दिए। सेखले ७९ बलमा ११ चौका सहयोगमा र एक छक्काको सर्वाधिक ८१ रन जोडेका थिए।



खेलकुदलाई पाठ्यक्रममै राखेर विकास गर्छौं : मन्त्री पोखरेल

नयाँ पत्रिका



खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यायल तहमै खेलकुद पाठ्यक्रम समावेश गरेर यस क्षेत्रको विकास सम्भव भएको बताएका छन्। 'खेलकुद विकासका लागि विद्यालय तहको पाठ्यक्रमै राखेर अगाडि बढने योजना छ,' राष्ट्रिय खेलकुद परिषद्ले मंगलबार आयोजना गरेको स्वागत कार्यक्रममा मन्त्री पोखरेलले भने, 'खेलकुद जग नै ग्रासरुट हो। ग्रासरुटमा खेल विकास हुँदा यो क्षेत्रमा विकास हुने विश्वास छ।'

उनले खेलकुदलाई शिक्षासँग जोड्नुपर्ने जनाएका छन्। 'अहिलेका युवाहरूमा देखिएको मानसिक स्वास्थ्य समस्या हुन्। खेलले मानिसलाई जित्न मात्र होइन, हार्न र त्यो हारलाई स्वीकार गर्न पनि सिकाउँछ,' पोखरेलले भने, 'अहिलेका विद्यार्थीमा हारलाई कसरी स्वीकार गर्ने भन्ने क्षमताको कमी देखिन्छ, जुन खेलकुदले सिकाउन सक्छ।' पोखरेलले आफूलाई बोर्डको अध्यक्ष, प्रतिनिधिसभाको सदस्य वा मन्त्रीका रूपमा भन्दा पनि एउटा टिम सदस्यका रूपमा राखेको जनाए। 'हामी सबै मिलेर एउटा टिम बनेर यो खेल क्षेत्रलाई दीर्घकालीन रूपमा विकास गर्न जरुरी छ,' उनले भने।

परिषद्को स्वागतपछि मन्त्री पोखरेलले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुदपरिसर हातामा रहेको निर्माणाधीन जेन-जी पार्क, खेलकुद विज्ञान अनुसन्धान केन्द्र, हाई पर्फमेन्स सेन्टर र पौडी पोखरीको समेत निरीक्षण गरेका थिए। यसैबिच राखेपले खेलाडीका रोकिएका पुरस्कार उपलब्ध गराउन मन्त्री पोखरेलको ध्यानाकर्षण गराएको छ।

राखेपका सदस्यसचिव रामचरित्र मेहताले रोकिएका पुरस्कार उपलब्ध गराउन आग्रह गरेका छन्। मेहताले उनले राखेपको संरचना, कार्यक्षेत्र, बजेट, भौतिक पूर्वाधारलगायतका विषयमा पनि मन्त्रीलाई जानकारी गराएका थिए। यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अच्युत लामिछानेले सबै मिलेर समग्र राष्ट्रको खेलकुदलाई माथि उठाउनुपर्ने बताए। तेक्वान्दो खेलाडीसमेत रहेका उनले नेपाल खेलकुद विज्ञान प्रतिष्ठानलाई अझ प्रभावकारी बनाउनुपर्ने जनाए।

फुटबल खेलाडीसँग छलफल

मन्त्री सस्मित पोखरेलले नेपाल फुटबल खेलाडी संघका पदाधिकारीसँग वर्तमान फुटबल अवस्थाका बारे जानकारी लिएका छन्। संघका अध्यक्ष विक्रम लामाले फुटबलको विवाददेखि अन्य क्षेत्रबारे जानकारी दिएका थिए। मन्त्रीसँगको छलफलको क्रममा नेपाली फुटबलको वर्तमान अवस्था, त्यसबाट सिर्जना हुन सक्ने सम्भावित परिस्थिति तथा सुधारका लागि अपनाउनुपर्ने विषयमा छलफल भएको थियो। संघले फुटबलका पदाधिकारीले खेलाडीलाई स्वच्छ र व्यवस्थित वातावरणमा खेल्ने अवसर सुनिश्चित गर्नुपर्नेमा धारणा राखेको थियो।

■ पन्जाबको रोमाञ्चक जित



एजेन्सी/ पन्जाब किंग्सले १९औँ इन्डियन प्रिमियर लिग (आइपिएल)मा मंगलबार गुजरात टाइटन्समाथि तीन विकेटको रोमाञ्चक जित निकालेको छ। पहिलो ब्याटिङ गरेको गुजरातले २० ओभरमा ६ विकेट गुमाएर १६२ रन बनाएको थियो। प्रत्युत्तरमा पन्जाबले १९.१ ओभरमा सात विकेटको क्षतिमा १६५ रन जोड्दै जित निकालेको थियो। पन्जाबको जितमा कुपर कोनोलीले सर्वाधिक ७२ रनको योगदान दिए। उनले ४४ बलमा समान पाँच चौका र छक्का प्रहार गरेका थिए।

खेल संक्षेप

नेक्स्ट जेन बुट क्याम्प २१ चैतदेखि

काठमाडौं/ नेपाली राष्ट्रिय फुटबल टोलीका सदस्य अञ्जन विष्टको ट्रेनिङ सेन्टरले नेक्स्ट जेन बुट क्याम्प आयोजना गर्ने भएको छ। अञ्जनले २१ देखि ३० चैतसम्म क्याम्प हुने बताएका छन्। आर्क्स ग्रुपको मुख्य प्रायोजन रहेको क्याम्प १० दिनसम्म चल्नेछ। ललितपुरको बुद्धिविकास फुटबल मैदानमा नेपाली फुटबलका अनुभवी प्रशिक्षक सनोज श्रेष्ठको नेतृत्वमा क्याम्प सञ्चालन हुनेछ। फुटबल प्रशिक्षणसँगै सहभागी बालबालिकालाई क्याम्पबाट जीवनमा सफलता हासिल गर्न चाहिने अनुशासन, मिहिनेत र धैर्यताजस्ता कुरा सिकाइने अञ्जनले बताए। 'क्याम्पबाट फुटबल प्रशिक्षण मात्र नभएर केही कुरा पाउनका लागि अनुशासन, मिहिनेत र धैर्यता अत्यावश्यक भन्ने कुरा बालबालिकाले सिक्न पाउने विश्वास लिएका छौं,' उनले भने। प्रशिक्षक श्रेष्ठको नेतृत्वमा प्रवीन श्रेष्ठ, निसानभक्त श्रेष्ठ, रुपेश केसी र विदेशी एरिक बोल्बले प्रशिक्षण दिने छन्।

दुप्चेश्वर पुरुष भलिबल हुने

काठमाडौं/ काठमाडौं। नुवाकोटस्थित दुप्चेश्वर गाउँपालिकाले सातौं दुप्चेश्वर कप अन्तरस्थानीय तह खुला पुरुष भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ। गाउँ कार्यपालिकाको कार्यालय, समुन्द्रटारले मंगलबार प्रतियोगिता आगामी २ देखि ५ वैशाखसम्म सञ्चालन हुने जानकारी दिएको हो। विजेताले तीन लाख ३३ हजार र उपविजेताले दुई लाख २२ हजार रुपैयाँ पाउनेछन्। तेस्रो हुनेले १ लाख ११ हजार र चौथो हुने टोलीले ५५ हजार रुपैयाँ पाउने छन्। यसैगरी, सर्वोत्कृष्ट खेलाडीले ११ हजार १ सय रुपैयाँ जित्ने छन्। विधागत पुरस्कारमा स्पाइकर, सेटर, डिफेन्डर, सर्भर र प्रशिक्षकले जनही ५ पाँच हजार ५ सय रुपैयाँ पाउने छन्

काजल ओसेनियाकै उत्कृष्ट रेफ्री

काठमाडौं/ तेक्वान्दोकी अन्तर्राष्ट्रिय निर्णायक काजल श्रेष्ठ अस्ट्रेलियाको सिड्नीमा भएको ओसेनिया तेक्वान्दो च्याम्पियनसिप (जि-४) मा सर्वोत्कृष्ट महिला रेफ्री घोषित भएकी छिन्। काजलले उपलब्धि आफ्ना लागि अझ विशेष र अर्थपूर्ण रहेको बताइन्। नेपालमा भएको १३औँ दक्षिण एसियाली खेलकुदकी तेक्वान्दोमा नेपाललाई स्वर्ण दिलाएकी काजलले यसअघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि निर्णायकको भूमिका निर्वाह गरेकी थिइन्।

११औँ ओसन कपमा १२ टोली

काठमाडौं/ ११औँ ओसन कप यू-१३ राष्ट्रिय फुटबल प्रतियोगिता २६ चैतदेखि आयोजना हुने भएको छ। आयोजक द ओसन क्लबले प्रतियोगिताको तयारी पूरा भएको जनाएको छ। १ वैशाखसम्म गोरखामा चल्ने प्रतियोगिता क्लबको कृत्रिम घाँसे मैदानमा हुनेछ। प्रतियोगितामा यू-१३ का उत्कृष्ट १२ टोलीको सहभागिता रहनेछ। लिग कम नकआउटअनुसार हुने प्रतियोगितामा कुल ३९ खेल हुनेछन्। प्रत्येक टोलीले कम्तीमा पाँच खेल खेल्ने अवसर पाउनेछन्। पहिलो हुनेले २५ हजार र उपविजेताले १५ हजार रुपैयाँ हात पार्नेछन्। प्रतिस्पर्धामा प्लेट च्याम्पियन, फेयर प्ले अवार्ड, उत्कृष्ट गोलरक्षक र सर्वोत्कृष्ट खेलाडीलाई पनि पुरस्कार प्रदान गरिनेछ।

बल टेम्परिङको आरोपमा जमानमाथि कारबाही

पाकिस्तान सुपर लिगमा कराँचीविरुद्धको प्रतिस्पर्धामा बल बिगारेको आरोप पुष्टि भएपछि लाहोरका फखर जमानलाई दुई खेलमा प्रतिबन्ध

एजेन्सी



पाकिस्तान सुपर लिग (पिएसएल)मा बल टेम्परिङ गरेको आरोपमा लाहोर कलन्दर्सका फखर जमान दुई खेलको प्रतिबन्धमा परेका छन्। गत आइतबार भएको कराँची किङ्ससँगको प्रतिस्पर्धामा बल बिगारेको ठहर भएपछि उनलाई पिएसएलको आचारसंहिता धारा ४१.३ को अनुसार दुई खेल प्रतिबन्ध लगाइएको हो। सो खेलमा लाहोर ४ विकेटले पराजित भएको थियो। म्याच रेफ्री रोशन महानामाले अनुशासन सुनुवाइपछि जमानलाई कारबाही हुनुपर्ने निष्कर्ष निकालेका हुन्।

जमानले आरोप अस्वीकार गरेपछि औपचारिक सुनुवाइ भएको हो। पिएसएल नियमअनुसार पहिलोपटकको लेभल ३ अपराधमा कम्तीमा एकदेखि बढीमा दुई खेलसम्म प्रतिबन्ध हुन सक्ने व्यवस्था छ। निर्णयसँगै जमानले पिएसएलअन्तर्गत ३ अप्रिलमा मा मुल्तान सुल्तान्स र ९ अप्रिलमा इस्लामाबाद युनाइटेडविरुद्धका खेल गुमाउनेछन्। उनले निर्णयको ४८ घण्टाभित्र अपिल गर्न सक्नेछन्। बारम्बार यस्तै गल्ती गर्दा खेलाडी लामो समयका लागि प्रतिबन्धमा पर्न सक्छ। गत आइतबार जमानमाथि 'बल टेम्परिङ'को आरोप लागेको थियो। प्रतिस्पर्धामा जमानले बल बिगारेपछि अम्पायरहरूले लाहोरलाई पनि कारबाही गर्दै पाँच रनको पेनाल्टी (जरिवाना) लगाएका थिए। जमानले आफूमाथिको आरोपको सामना गर्ने बताएका छन्। कराँचीविरुद्ध अन्तिम ओभर सुरु हुनुअघि जमानले गलत तरिकाले बलको अवस्था परिवर्तन गर्न खोजेको अम्पायरले पत्ता लगाएका थिए।

लक्ष्य पछ्याएको १९औँ ओभरमा घटना

जमानको हात हुँदै आएको बललाई अम्पायर फैसल अफ्रिदीले शंका लागेर परीक्षण गरेका थिए। अनफिल्ड अम्पायरको सल्लाहपछि बलको अवस्था बिगारिएको निष्कर्ष निकाल्दै नयाँ बल फेरिएको थियो। त्यसपछि पाँच रन पेनाल्टी पाएका कारण लाहोरले खेल नै गुमाउन पुग्यो। इनिङ्सको १९औँ ओभरमा कराँची किंग्सलाई जितका लागि १४ रन आवश्यक थियो। त्यसपछि कराँचीले ६ बलमा मात्र ९ रन बनाउनुपर्ने भयो। कराँचीले १९.३ ओभरमा जित निकाल्यो। खेल सकिएपछि भएको प्रारम्भिक सुनुवाइमा जमानले आफूमाथि लागेको आरोप अस्वीकार गरेका थिए।

आइसिसीको नियमअनुसार कारबाही

अम्पायर प्रावधिक कमिटीले तत्काल कुनै पनि निर्णय लिएको थिएन। खेलका म्याच रेफ्री महानामाले प्रतिवेदन दुई दिनभित्र प्रस्तुत गरेका हुन्। उनको प्रतिवेदनअनुसार जमानमाथि कारबाही सिफारिस भएको पिसिबीले जनाएको छ। क्रिकेटको नियम ४१.३.२ अनुसार खेलाडीले बलको अवस्था बिगार्नु अपराध मानिन्छ। खेलाडीलाई बल चम्काउने अनुमति छ।

बलरले बलको आकार वा अवस्था बिगार्न पाइँदैन। लाहोर कलन्दर्सका कप्तान साहिन अफ्रिदीले आफूलाई जमानले खेलको दौरानमा गरेको गतिविधिबारे जानकारी नभएको बताए।

बलर अफ्रिदीलाई १० लाख जरिवाना

लाहोरले आफ्ना कप्तान अफ्रिदीलाई सुरक्षा प्रोटोकल (नियम) उल्लंघन गरेको आरोपमा १० लाख पाकिस्तानी रुपैयाँ जरिवाना गरेको छ। पन्जाब प्रहरीले अफ्रिदीले टिम बसेको होटेलमा सुरक्षा नियम तोडेको उजुरी गरेपछि लाहोरले 'अनुशासन र जवाफदेहिता' कायम राख्न यो कारबाही गरेको हो। पन्जाब प्रहरीले पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)लाई पठाएको पत्रअनुसार अफ्रिदी र अर्का खेलाडी सिकन्दर राजाले अनुमतिविना नै केही पाहुनालाई होटेलको कोठामा लगेका थिए। सुरक्षा टोलीले होटेलमा खेलाडीलाई पाहुना भेट्न अनुमति दिएको छैन। तर, अफ्रिदीले पाहुनालाई कोठामा लगेको आरोप लागेको छ। सुरक्षाकर्मीहरूले अफ्रिदीका पाहुना तीन घण्टा कोठामा बसेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com